माघ - २


# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क २०

**२०७५, माघ १६-२९**

पूर्णाङ्क ६३८



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री राजकुमार गुरूङ
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ११ | इजलास नं. १० | ८ |
| इजलास नं. १ | ६ | इजलास नं. ११ | ५ |
| इजलास नं. २ | ३ | इजलास नं. १२ | २ |
| इजलास नं. ३ | ६ | इजलास नं. १३ | ५ |
| इजलास नं. ४ | २ | इजलास नं. १४ | २ |
| इजलास नं. ५ | ६ | इजलास नं. १६ | १ |
| इजलास नं. ६ | ६ | एकल इजलास | २ |
| इजलास नं. ७ | ६ | | |
| इजलास नं. ८ | ५ | | |
| इजलास नं. ९ | ७ | | |
| जम्मा | ५८ | जम्मा | २५ |

**कूल जम्मा ५८ + २५ = ८३**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, माघ – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - ९ |
| १. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. रामविनोद राय यादवसमेत | |
| २. | भ्रष्टाचार (छात्रवृत्ति एवम् पाठ्यपुस्तकको रकम हिनामिना) | नेपाल सरकार वि. प्रेमबहादुर सुब्बा नेम्वाङ | |
| ३. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. भूपनारायण राय यादवसमेत | |
| ४. | भ्रष्टाचार | नेपाल सरकार वि. दिनेशकुमार मण्डलसमेत | |
| ५. | सरकारी अनुदान भ्रष्टाचार | नेपाल सरकार वि. रेखा यादवसमेत | |
| ६. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. राम दयाल माझी मुसहरसमेत | |
| ७. | उत्प्रेषण / परमादेश | टेकजंङ्ग महत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| ८. | उत्प्रेषण / परमादेश | सीताराम मण्डल वि. प्रहरी किताबखाना, काठमाडौंसमेत | |
| ९. | उत्प्रेषण / परमादेश | उत्तम खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| १०. | बन्दी प्रत्यक्षीकरण | बच्चुराम दाहाल वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत | |
| इजलास नं. १ | | | ९ - १४ |
| ११. | उत्प्रेषण | राधादेवी थापा वि. पुनरावेदन अदालत पाटन ललितपुरसमेत | |
| १२. | उत्प्रेषण | रामचन्द्र श्रेष्ठ वि. श्री मालपोत कार्यालय, भक्तपुरसमेत | |
| १३. | परमादेश | भानुभक्त ढकाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीर सिंह ठगुन्नासमेत | |
| १५. | कर्तव्य ज्यान | रेशमलाल पौडेल वि. नेपाल सरकार | |
| इजलास नं. २ | | | १४ - १५ |
| १६. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. श्याम शाही | |
| १७. | अंश चलन | संरक्षक भई आफ्नो हकमा समेत रमाकुमारी खड्का वि. मखमली खड्कासमेत | |

| | | |
|---|---|---|
| **इजलास नं. ३** | | **१५ - १९** |
| **१८.** | उत्प्रेषण / परमादेश | थिरप्रसाद घिमिरे वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरसमेत |
| **१९.** | निषेधाज्ञा | जालीम नदाफ वि. सेवाव नदाफसमेत |
| **२०.** | बाली भराई मोही निष्काशन | मदनगोपाल महर्जन वि. श्यामगोविन्द महर्जन |
| **२१.** | उत्प्रेषण / परमादेश | लोकदर्शन रेग्मी वि. बाबुकाजी भन्ने कृष्णबहादुर बस्नेतसमेत |
| **२२.** | कर्तव्य ज्यान | जयप्रकाश कुमार सिंहसमेत वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **१९ - २०** |
| **२३.** | लागु औषध खैरो हिरोइन | राजकुमार बरही वि. नेपाल सरकार |
| **२४.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विष्णु थापासमेत |
| **इजलास नं. ५** | | **२१ - २४** |
| **२५.** | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. बाबुराम भुजेल |
| **२६.** | लागु औषध | नेपाल सरकार वि. नवराज नेपालीसमेत |
| **२७.** | उत्प्रेषण | पदमबहादुर खत्री वि. निजामती किताबखाना हरिहरभवन, पुल्चोकसमेत |
| **२८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. रोजन राई |
| **२९.** | निषेधाज्ञा / परमादेश | सुवासचन्द्र संघई वि. सानिमा माई हाइड्रोपावर लिमिटेड, के.का. नक्साल काठमाडौंसमेत |
| **इजलास नं. ६** | | **२४ - २५** |
| **३०.** | उत्प्रेषण | बुद्धिराम थारू वि. भूमिसुधार कार्यालय, बर्दिया गुलरियासमेत |
| **इजलास नं. ७** | | **२५ - २८** |
| **३१.** | जबरजस्ती करणी | नेपाल सरकार वि. सुबोध शाह |
| **३२.** | ठगी | नेपाल सरकार वि. मथुरादेवी धानुकसमेत |
| **३३.** | लागु औषध (डाइजेपाम समेत) | नेपाल सरकार वि. कुनाल नेपाली (दमाई) |
| **३४.** | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. रमेशकुमार यादव |
| **३५.** | उत्प्रेषण / परमादेश | लक्की शर्मा वि. गृह मन्त्रालय, सिंहदरबारसमेत |
| **इजलास नं. ८** | | **२८ - ३३** |
| **३६.** | कर्तव्य ज्यान, डाँका | सुदिप भोम्जन तामाङसमेत वि. नेपाल सरकार |
| **३७.** | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. वीरबहादुर कामी |

| | | |
|---|---|---|
| ३८. | जबरजस्ती करणी | खलिल मियाँसमेत वि. नेपाल सरकार |
| ३९. | लेनदेन | हासीम हल्वाई वि. भोला पटहर |
| ४०. | निखनाई दर्ता गरिपाऊँ | लालप्रसाद यादव वि. चन्द्रदेव प्रसाद यादवसमेत |
| **इजलास नं. ९** | | **३३ - ४०** |
| ४१. | मोटरसाइकल चोरी | नेपाल सरकार वि. सुमन श्रेष्ठसमेत |
| ४२. | दर्ता नामसारी निर्णय बदर दर्ता हक कायम | विन्द्रा श्रेष्ठसमेत वि. रामभगत कासिछंवासमेत |
| ४३. | कर्तव्य ज्यान | चन्द्रप्रकाश बनेम वि. नेपाल सरकार |
| ४४. | परमादेश | गजेन्द्र ठाकुर वि. जिल्ला प्रशासन कार्यालय, रौतहटसमेत |
| ४५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. परिवर्तित नाम रामबहादुर लामा |
| ४६. | घरको जग पर्खाल भत्काई जग्गा कब्जा खिचोला मेटाई चलन चलाई पाऊँ | सुरसती चाइन वि. अदालत वारी |

| | | |
|---|---|---|
| ४७. | कर्तव्य ज्यान | बानो खातुन भन्ने मणी बिबी वि. नेपाल सरकार |
| **इजलास नं. १०** | | **४० - ४५** |
| ४८. | हालैको बकसपत्र लिखत बदर | दुर्गा बनिया वि. तारमती बनियाइनीसमेत |
| ४९. | अंश चलन | कन्तलाल मण्डल वि. गिरानन्द मण्डल |
| ५०. | कर्तव्य ज्यान | योगेन्द्रप्रसाद यादव वि. नेपाल सरकार |
| ५१. | फैसला बदर | जवाहिरलाल तेली वि. रजिन्दर तेली |
| ५२. | मानव बेचबिखन तथा ओसारपसार | माइला भन्ने आइते तामाङ वि. नेपाल सरकार |
| ५३. | लागु औषध | नेपाल सरकार वि. सन्तोष मैनालीसमेत |
| **इजलास नं. ११** | | **४५ - ५०** |
| ५४. | जबरजस्ती करणी | अमृतबहादुर राई वि. नेपाल सरकार |
| ५५. | अंश मासिक खर्च | नारायणी रिमालसमेत वि. देवीकुमारी जि.सी. रिमाल |
| ५६. | कर्तव्य ज्यान | चोरी, नेपाल सरकार वि. भोला बुढाथोकीसमेत |
| ५७. | डाँका | शिवनारायण पटेल कुर्मीसमेत वि. नेपाल सरकार |
| **इजलास नं. १२** | | **५० - ५१** |
| ५८. | बहुविवाह | नेपाल सरकार वि. जानकी भन्ने जयन्ती मिश्र (महरा) |

| | | | |
|---|---|---|---|
| ५९. | सवारी ज्यान | नेपाल सरकार वि. मधुकर हमाल | |
| **इजलास नं. १३** | | | **५१ - ५७** |
| ६०. | उत्प्रेषण / परमादेश | महेश्वर श्रेष्ठ वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौं | |
| ६१. | जबरजस्ती करणी | नेपाल सरकार वि. कनकलाल माझी | |
| ६२. | कर्तव्य ज्यान | दिलमाया घर्ती वि. नेपाल सरकार | |
| ६३. | डाँका | नेपाल सरकार वि. शुरेन भन्ने विरबहादुर राईसमेत | |
| ६४. | बन्दी प्रत्यक्षीकरण | प्रज्वल पराजुली वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत | |
| **इजलास नं. १४** | | | **५७ - ५८** |
| ६५. | उत्प्रेषण | योगराज दाहाल वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकसमेत | |
| ६६. | उत्प्रेषण / परमादेश | विजय गुरूङ वि. मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, सिंहदरबारसमेत | |
| **इजलास नं. १६** | | | **५८ - ५९** |
| ६७. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. लालबाबु साहसमेत | |
| **एकल इजलास** | | | **५९ - ६०** |
| ६८. | उत्प्रेषण / परमादेश | सरिता देवी साह वि. उच्च अदालत, जनकपुरसमेत | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-१३५४, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. रामविनोद राय यादवसमेत*

श्री जनता प्रा.वि. धनकौल-५ सर्लाहीको स्थलगत निरीक्षण विवरण फाराम २०७० हेर्दा उक्त विद्यालय स्थापनाकालदेखि नै सञ्चालनमा नरहेको भन्ने उल्लेख गरिएको देखिन्छ । उक्त विद्यालय जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं.३०१ मिति २०६४।५।६ मा कक्षा १ सञ्चालन गर्न अनुमति दिएको देखिएको, च.नं.२०९४ मिति २०६६।६।७ को पत्रले उक्त विद्यालय कक्षा २ सञ्चालन गर्न अपग्रेड गरिएको, च.नं.१५९१ मिति २०६७।१।१३ गतेको पत्रले कक्षा ३ सञ्चालन गर्न अपग्रेड गरिएको मिसिल संलग्न कागजातबाट देखिएको अवस्था छ उक्त विद्यालयले मिति २०६८/२०६९, २०७० मा भरेको Flash Report मिसिल संलग्न रहेको, उक्त विद्यालयको २०६५।२।२५ देखि विभिन्न मिति हुँदै २०६९।११।२ सम्म विभिन्न विषयमा निर्णय भएको माइन्युट बुक मिसिल संलग्न रहेको, जिल्ला शिक्षा कार्यालय, सर्लाहीले श्री जनता प्रा.वि. धनकौल ५ लाई सम्बोधन गरी लेखेको पत्र मिति २०६७।११।११ को च.नं.४८९२ को पत्रले जिल्ला प्रहरी कार्यालय, सर्लाहीले उक्त विद्यालयलाई छापहरू फिर्ता दिएको पत्र तथा विवादित विद्यालयको सरकारी छाप दस्तखत किर्ते मुद्दा चलेर सर्लाही जिल्ला अदालत, र पुनरावेदन अदालत जनकपुरबाट फैसला भई जितन रायलाई सजायसमेत भएको मिसिल संलग्न कागजातबाट देखिँदा विद्यालय सञ्चालनमा नरहेको भन्ने आरोपपत्रको माग दाबी मिसिल संलग्न प्रमाणले पुष्टि हुन सकेको नदेखिने ।

विद्यालय सञ्चालनमा रहेको अवस्थामा विद्यालयका नाममा निकासा भएको रकममध्ये रू.१७,८५,५०७।६० भ्रष्टाचार भयो भन्ने दाबी भएकामा जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं. ६०८ मिति २०७१।५।२४ गतेको पत्रले निकासा भएको सम्पूर्ण रकम बेरूजु खातामा बुझाउन अनुरोध गरी उक्त विद्यालयलाई पत्र लेखेको देखिएको र त्यसपछि पनि ताकेतास्वरूप च.नं.२१०९ मिति २०७१।११।१९ मा पत्र लेखेको देखिन्छ । जिल्ला शिक्षा कार्यालय, सर्लाहीको च.नं.३२२२१ मिति २०७२।२।८ गतेको पत्रले विभिन्न भौचर नं. हरूमार्फत रकम जम्मा गरी बैंकमा मौज्दात रहेको रू.५,४८,०२०।६० समेत जम्मा रू.१८,६१,७९७।६० बैंकमा फिर्ता गरी सकेको देखिएकोले अभियोग दाबीबमोजिमको रकम राजश्व शीर्षक नं.१५११२ मा दाखिला भएको अवस्था देखिँदा यी प्रतिवादीहरूले उक्त रकम खाई मासेको भन्ने अवस्था देखिन नआउने ।

भ्रष्टाचारको कसुर कायम हुनको लागि निकासा रकम खर्च गर्ने वा निकासा लिनेले निकासा लिँदा वा खर्च गर्दा सरकारी हानि नोक्सानी गर्ने मनसायबाट आफूले त्यसबाट केही लिनु खानु गर्ने नियत र मनसाय राखेर निकासा लिएको वा खर्च अपारदर्शीरूपमा गरी त्यसबाट आफूले समेत केही लिनु खानु गरी आर्थिक लाभ लिने उद्देश्य भएको वा लिएको खाएको बद्‌नियत राखेको प्रस्ट देखिनुपर्दछ । विद्यालयमा खर्च गरेको रकम सो खर्च भएको सरकारको नीतिगत कार्यमा उपयोग भए नभएको, खर्चको प्रयोग, बिल, भरपाई, प्रमाण कागजातबाट देखाउन नसकेको कारण विभागीय स्तरबाट बेरूजुको रूपमा तिर्न बुझाउन लगाएको आदेश

दिएर पत्राचार गरेको देखिन्छ । तत्पश्चात् बेरूजु रकम सम्बन्धित खर्च गर्ने अख्तियारवालाबाट विद्यालयको नाममा रहेको सरकारी राजश्व खातामा बैंक दाखिला भएको देखिन्छ । यसरी प्रस्तुत मुद्दामा दाबी गरिएको सो रकमलाई सरकारको आधिकारिक निकायले बेरूजु असुलउपर गर्ने म्यादसमेत तोकी सोहीअनुरूप बेरूजु तिरे बुझाएको देखिई सरकारी हानि नोक्सानी भएको नदेखिँदा कसुर ठहर हुनुपर्दछ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ प्रतिवादीहरूले सरकारी अनुदान रकम हिनामिना, हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भनिएको दाबीको रकम जिल्ला शिक्षा कार्यालय, सर्लाहीको पत्र र राजश्व दाखिला भौचरसमेतबाट भ्रष्टाचार भनी दाबी लिएको रकमलाई जिल्ला शिक्षा कार्यालय, सर्लाहीले बेरूजु मानी दाखिला गर्न लगाएको र सोही आधारमा प्रतिवादीहरूले बेरूजु रकम दाखिला गरेको देखिँदा यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०७२।३।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०३३८, भ्रष्टाचार (छात्रवृत्ति एवम् पाठ्यपुस्तकको रकम हिनामिना), *नेपाल सरकार वि. प्रेमबहादुर सुब्बा नेम्वाङ*

प्रतिवादीउपर आ.व.०६४/६५ देखि ०६७/६८ सम्मको छात्रवृत्ति रकम र आ.व.०६५/६६ देखि ०७०/७१ सम्मको पाठ्यपुस्तकबापतको रकमसमेत गरी कूल बिगो रू.५,७२,६६४।– हिनामिना गरेको भन्ने मुख्य अभियोग दाबी रहेकोमा जिल्ला शिक्षा कार्यालय, इलामको च.नं.१०२२ मिति २०७२।९।५ को यो जोसँग सम्बन्धित छ भनी यस अदालतलाई लेखेको पत्रमा आ.व.०६४।६५ देखि ०६७।६८ सम्मको छात्रवृत्तितर्फको बेरूजु रकम रू.२,२४,९९५।– र ०६५/६६ देखि ०७०/७१ सम्मको पाठ्यपुस्तकतर्फको बेरूजु रकम रू.३,४७,७०९।– गरी जम्मा बेरूजु रकम रू.५,७२,६६४।– यी प्रतिवादीले जिल्ला शिक्षा कर्यालयको बेरूजु खातामा जम्मा गरेको भन्ने देखिन्छ । सो पत्रबाट आरोपदाबीमा हिनामिना गरेको भनिएकै रकमलाई बेरूजु रकम मानी विद्यालयलाई रकम निकासा दिने तथा नियमन गर्ने निकायले नै प्रतिवादीबाट फिर्ता गरेको बेरूजु रकमलाई बेरूजुकै रूपमा स्वीकार गरिसकेको अवस्था देखिएबाट दाबीको रकम प्रतिवादीले गैरकानूनी तवरले हिनामिना गरेको नभई बेरूजु रकमको रूपमा रहेको र सो बेरूजु रकम प्रतिवादीले नेपाल सरकारको खातामा जम्मा दाखिला भइसकेको देखिँदा विद्यालयको नाममा निकासा भएको रकम यी प्रतिवादीले खाई मासी हिनामिना गरेको भनी मान्न मिल्ने नदेखिने ।

भ्रष्टाचार र बेरूजु शब्दको अर्थ फरक र भिन्न हो होइन भन्नेतर्फ हेर्दा “भ्रष्टाचार” शब्दले अख्तियारप्राप्त व्यक्तिले आफूलाई वा अरू कसैलाई फाइदा पुर्‍याउने नियतले आफ्नो पद वा शक्तिको दुरूपयोग गरी सरकारी सम्पत्ति हिनामिना गरेको अवस्थालाई जनाउँछ । भ्रष्टाचारमा मनसायतत्त्व निहित रहेको हुन्छ । आफ्नो वा अरू कसैको फाइदाको लागि बदनियत राखी पद वा शक्तिको दुरूपयोग गरी वा दबाब दिई पद वा शक्तिको दुरूपयोग गर्न लगाई सरकारी सम्पत्ति हिनामिना गर्ने कार्य गरेको अवस्थामा भ्रष्टाचारजन्य कसुर गरेको मानिने ।

"बेरूजु" शब्दले अख्तियारप्राप्त व्यक्तिले सरकारी रकम खर्च गर्दा राख्नु पर्ने लेखा दुरूस्त नराखी वा एउटा शीर्षकमा प्राप्त रकम अर्को शीर्षकमा खर्च गरी वा तत्काल उब्जिएको संकटलाई व्यवस्थापन गर्नु परेको अवस्थामा कुनै रकम खर्च गरेको तर त्यसलाई रूजु गराई फरफारक गर्न नसकेको अवस्थालाई बुझिने।

बेरूजु व्यक्तिगत फाइदाको लागि गलत नियत राखी सरकारी सम्पत्ति मासे वा मास्न लगाएको अवस्था नभई सरकारी रकम खर्च गर्दा नियमित रूपमा राख्नु पर्ने स्रेस्ता अद्यावधिक गर्न नसकेको कारण त्यस्तो सरकारी रकमको नियमितता र औचित्यता पुष्टि हुन नसकी अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार भएको भनी लेखा परीक्षणबाट औंल्याइएको अवस्था हो। बेरूजु रकमलाई सम्बन्धित निकायबाट सम्परीक्षण गराई वा बेरूजु रकम भुक्तानी भएपछि जसका नाममा बेरूजु औंल्याइएको हो त्यस्तो व्यक्तिले सो दायित्त्वबाट उन्मुक्ति पाउने।

दाबीको सम्पूर्ण रकम रू.५,७२,६६४।- यी प्रतिवादीले बेरूजु भौचर नं.२५६०९७२० बाट नेपाल सरकारको बेरूजु खातामा जम्मा गरेको भनी जिल्ला शिक्षा कार्यालय, इलामको मिति २०७२/९/५ को सुरू अदालतलाई लेखेको च.नं.११२२ को पत्रबाट लेखी आएको देखिन आएकोले यी प्रतिवादीले दाबीको रकम सरकारी राजस्वमा जम्मा गरिसकेको मिसिल संलग्न कागजातबाट खुल्न आएको अवस्थामा प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार बदनियतले नै उक्त रकम खर्च गरी सरकारी सम्पत्ति हिनामिना गरेको भनी व्याख्या गर्न नमिल्ने र प्रतिवादीले छात्रवृतिको रकम सम्बन्धमा किर्ते भरपाई खडा गरेको भन्ने आरोप दाबी भएकोमा वादी पक्षबाट किर्ते भनिएका भरपाईहरूका सम्बन्धमा विशेषज्ञबाट परीक्षण गराई दाबी लिन सकेको अवस्था नदेखिएकासमेतका आधारमा प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित प्रमाणसमेतको आधारमा दाबीको सम्पूर्ण रकम रू.५,७२,६६४।– प्रतिवादीले बेरूजु भौचर नं.२५६०९७२० बाट नेपाल सरकारको बेरूजु खातामा जम्मा गरेको भनी जिल्ला शिक्षा कार्यालय, इलामको पत्रबाट लेखी आएको देखिँदा यी प्रतिवादीले दाबीको रकम यकिन रूपमा लिए खाएकै रहेछ भन्न मिल्ने ठोस आधार प्रमाण नदेखिएको अवस्थामा कसुरदार ठहऱ्याउनु न्याय तथा कानूनसङ्गत नहुँदा यी प्रतिवादी प्रेमबहादुर नेम्वाङले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७३।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०३८३, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. भूपनारायण राय यादवसमेत*

शिव प्राथमिक विद्यालय, जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी २०६४ सालदेखि एक कक्षा सञ्चालन गर्दै क्रमशः दुई, तीन, चार हुँदै ५ कक्षा सञ्चालनमा रही नियमबमोजिम सञ्चालनमा रहेको सो विद्यालयको २०६४ सालदेखि २०६९/०७० सालसम्म प्रत्येक आर्थिक वर्षहरूको लेखा परीक्षण भएको जिल्ला शिक्षा कार्यालयले

विद्यालय बन्द गर्ने भन्ने पत्र प्रेषित गरेपश्चात् भौतिक निर्माणसम्बन्धी शीर्षकको खर्च नभएको रकम रू.३,५०,०००।- राजश्वमा दाखिला गरेकोसमेतबाट रकम हिनामिना गरी भ्रष्टाचार गरेको भनिएको बिगो रकमलाई उक्त विद्यालयको नाममा रकम निकासा दिने तथा विद्यालयको नियमन गर्ने निकाय जिल्ला शिक्षा कार्यालय, रौतहटबाटै विद्यालय बन्द गरी सम्पूर्ण सम्पत्ति हस्तान्तरण गर्न पत्राचार भएअनुरूप उक्त विद्यालयको रू.३,५०,०००।- जिल्ला शिक्षा कार्यालय, रौतहटको नाउँमा राजश्व खातामा जम्मा गरेको देखिनुका साथै विद्यालयबाट नियमितरूपमा खर्च हुने तलब, छात्रवृत्ति पाठ्यपुस्तक पि.सि. एफ सेलरीसमेतमा भएको खर्च पुष्ट्याइँ भई आएको देखिएको अवस्थामा बद्नियतपूर्वक रकम हिनामिना गरेको भन्ने नहुँदा यी प्रतिवादीहरूले दाबीबमोजिमको सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टि नभएबाट प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार, प्रमाणसमेतबाट श्री शिव प्राथमिक विद्यालय प्रेमपुर गोनाहीले अनुमति प्राप्त गरी सञ्चालनमा रही शिक्षकहरू कार्यरत रहेको भन्ने देखिन आएको र उक्त विद्यालयका मिसिल संलग्न लेखा परीक्षण प्रतिवेदन (Audit Report) लाई उल्लेख गरी सोही विषयमा जिल्ला शिक्षा कार्यालय, रौतहटको च.नं.११०९ मिति २०७२।१२।२४ को पत्रमा विद्यालयको भौतिक निर्माणतर्फ समेत खर्च भएको देखिन आउँदा र उक्त विद्यालयमा निकासा भएको भौतिक निर्माणसम्बन्धी शीर्षकको रकम रू.३,५०,०००।- (तीन लाख पचास हजार) प्रतिवादीहरूले राजश्व दाखिला गरेको र उक्त विद्यालयको खातामा हालसम्ममा मौज्दात रू.१३,४३,८८।९४ (एक लाख चौंतीस हजार तिन सय अठासी पैसा चौरानब्बे) रहेको समेत देखिएका प्रमाणसमेतका आधारमा प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७३।२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम्।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०६३२, भ्रष्टाचार, *नेपाल सरकार वि. दिनेशकुमार मण्डलसमेत*

आरोप दाबीमा हिनामिना गरेको भनिएकै रकमलाई बेरूजु रकम मानी विद्यालयलाई रकम निकासा दिने तथा नियमन गर्ने निकायले नै प्रतिवादीबाट फिर्ता गरेको बेरूजु रकमलाई बेरूजुकै रूपमा स्वीकार गरिसकेको अवस्था देखिएबाट दाबीको रकम प्रतिवादीले गैरकानूनी तवरले हिनामिना गरेको नभई बेरूजुको रूपमा रहेको रकम प्रतिवादीले नेपाल सरकारको राजस्व खातामा जम्मा दाखिला भइसकेको देखिँदा विद्यालयको नाममा निकासा भएको रकम यी प्रतिवादीले खाई मासी हिनामिना गरेको भनी मान्न मिल्ने नदेखिने।

अतः प्रतिवादीहरूले सरकारी अनुदान रकम हिनामिना, हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भनिएको दाबीको रू.१,५१,१४६।- जिल्ला शिक्षा कार्यालय, धनुषा जनकपुरधामको पत्र र राजश्व दाखिला भौचरसमेतबाट भ्रष्टाचार भनी दाबी लिएको रकमलाई जिल्ला शिक्षा कार्यालय, धनुषाले बेरूजु मानी दाखिला गर्न लगाएको र सोही आधारमा प्रतिवादीहरूले बेरूजु रकम दाखिला गरेको देखिँदा यी प्रतिवादीहरू

प्रदिपकुमार यादव र दिनेशकुमार मण्डलले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७३।५।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०६४८, सरकारी अनुदान भ्रष्टाचार, *नेपाल सरकार वि. रेखा यादवसमेत*

जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट विद्यालय भवन मर्मत तथा शौचालय निर्माणलगायत विभिन्न शीर्षकमा रू.३,००,०००।- निकासा भएकोमा सो रकमको निर्माण सामग्रीलगायतका वस्तुहरू खरिद गरी ल्याएपछि दाताले जग्गा नदिएकोले सामान प्रयोगविहीन भई नष्ट भयो । निकासा भएको रकममध्ये रू.२,१४४।१४ खातामा रहेको र नष्ट भएको सामान शोधभर्ना गर्न भनी पटकपटक गरी रू.२,९८,०००।- विद्यालयको खातामा दाखिल गरिसकेको छ भन्ने प्रतिवादीहरूको बयान रहेको तथा आरोपपत्रमा हिनामिना भयो भनिएको रकम बेरूजु औंल्याई फिर्ता दाखिल गर्नुहुन भनी जिल्लामा विद्यालयको नियमन गर्ने निकाय जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट पत्राचार गरेपछि रकम विद्यालयको खाता तथा जिल्ला शिक्षा कार्यालयको खातामा फिर्ता जम्मा गरेको देखिएको अवस्थामा प्रतिवादीहरूले सरकारी रकमको हिनामिना गरी आरोपित कसुर गरेको भन्ने अवस्था नदेखिने ।

प्रतिवादीहरू कार्यरत रहेको राष्ट्रिय प्राथमिक विद्यालय डिमन-८ सप्तरीको खाता नं.३८११ को खातामा जम्मा रकम रू.१,०७,३८४।१४ बाँकी रहेको भन्ने बैंक स्टेटमेन्टबाट देखिनुका साथै प्रतिवादीहरूले पटकपटक जिल्ला शिक्षा कार्यालय, सप्तरी राजविराजको कोड नं.१५-३५०-०१ मा बेरूजु भनी जम्मा गरी निकासाभन्दा बढी रकम देखिई प्रतिवादीहरूले तिर्नु बुझाउनु पर्ने रकम बाँकी नरहेको अवस्थासमेतका आधार प्रमाणबाट प्रतिवादीहरूले कसुर गरेको भन्न मिल्ने अवस्था नहुँदा प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई सुरू विशेष अदालतबाट मिति २०७३।४।३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०६५०, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. राम दयाल माझी मुसहरसमेत*

मिसिल संलग्न रहेको स्थलगत निरीक्षण विद्यालय विवरण फाराम, २०७० मा धनुषा जिल्लाअन्तर्गत पचहर्वा गा.वि.स.वडा नं.३ स्थित मुसहरी टोलमा रहेको मिथिला दलित प्राथमिक विद्यालय कक्षा १ देखि ४ सम्म सञ्चालनमा रहेको, सो विद्यालयमा ३ जना शिक्षक रहेको, विद्यालयको आफ्नो जग्गा नभएको, सो विद्यालयमा विभिन्न संख्यामा विद्यार्थी रहेको देखियो । उक्त विद्यालयले २०६८ साल देखि २०७० सालसम्म भरेको Flash report समेत मिसिल सामेल रहेको देखिन्छ । विद्यालय सञ्चालनको लागि जिल्ला शिक्षा कार्यालय, धनुषाले २०६७।३।३१ मा अनुमति दिएको, विद्यालयको लेखा परीक्षण भएको प्रतिवेदन मिसिल सामेल रहेको देखियो । विद्यालयको आर्थिक कारोबारसमेत बैंकमार्फत नै भए गरेको, इन्जिनियर विन्देश्वर बनरैतले भवन निर्माण भएको

तथ्य दर्शाई प्रतिवेदन दिएको र सो प्रतिवेदन साथ पेस गरेको फोटोहरूसमेतले सो विद्यालय सञ्चालनमा नै रहेको थिएन भनी भन्न मिल्ने नदेखिने।

सुरू अदालतको आदेशानुसार श्री मिथिला दलित राष्ट्रिय प्राथमिक विद्यालय पचहर्वाको के कस्तो निर्माण कार्य भएको छ भनी सोधनी हुँदा हालसम्म विद्यालयको रू.८,१६,०६६।२५ को निर्माण कार्य गरेको र रू.७,५०,०००।- भुक्तानी भएको भन्नेसमेत बेहोराको इन्जिनियर विन्देश्वर बनरैतले प्रतिवेदनसमेत दिएको देखिन्छ । विद्यालय अनुमतिप्राप्त भएपछि निरन्तर सञ्चालन भएको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम तलब मसलन्दसमेतका शीर्षकमा खर्च हुनु नपर्ने ठोस आधार अभियोगपत्रमा उल्लेख नगरी, खर्चतर्फको कुनै कुरा उल्लेख नै नगरी लिएको दाबीलाई पेस भएका लेखापरीक्षण प्रतिवेदन प्रतिवादीहरूको बयान शिक्षकहरूले प्राप्त गरेका तलबी भरपाईहरूबाट खण्डित भइरहेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसुर ठहर हुनुपर्दछ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादीहरूको अदालतमा भएको बयान र मिसिल संलग्न मिथिला दलित राष्ट्रिय प्राथमिक विद्यालयको लेखा परीक्षण प्रतिवेदन र फिल्ड प्रतिवेदनसमेतबाट विद्यालय भवन निर्माण भएको भन्नेसमेत देखिन आएको र लेखा परीक्षण प्रतिवेदनबाट अन्य बेरूजु रहेकोसमेत नदेखिएको प्रमाणको आधारमा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०७३।५।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०४९५, उत्प्रेषण / परमादेश, *टेकजङ्ग महत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत*

ICIMOD एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था भन्नेमा विवाद देखिँदैन । ICIMOD को Human Resources Policy, ICIMOD मा कार्यरत कर्मचारीलाई लागू हुने देखिन्छ। ICIMOD को Human Resources Policy लाई नेपाल कानूनको रूपमा लिन मिल्दैन। यस अदालतले धारा १३३ को उपधारा २ अन्तर्गत नेपाल सरकार सरकारी अङ्ग र नेपाल कानूनबमोजिम गठित राज्यका Instrumentalities द्वारा नेपाल कानून प्रयोग गरी गरिएको निर्णयको मात्र न्यायिक पुनरावलोकन गर्न सक्दछ। सोबाहेकका अन्य निकायबाट जारी गरिएका विधान वा नीतिको आधारमा गरिएको निर्णयको न्यायिक पुनवरालोकनको दायराभित्र राख्न नमिल्ने।

नेपाल सरकार र संयुक्त राष्ट्र संघको Specialized Agency UNESCO बीच 30 September 1981 मा भएको सम्झौताअन्तर्गत अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० अनुसार ICIMOD स्थापित भएको देखिन्छ र 8 April, 1984 मा तत्कालीन सरकार र ICIMOD बीच Head Quarter Agreement भएको देखिन्छ। ऐन, अर्थात् अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० को दफा १४(१) मा बोर्डको समितिको सदस्य र ICIMOD को निर्देशक र उपनिर्देशकलाई कुटनीतिक व्यक्तिलाई दिएसरहको उन्मुक्ति दिने व्यवस्था र उपदफा (२) मा ICIMOD का कर्मचारीलाई कर्तव्य पालनको सिलसिलामा १९४७ नोभेम्बर, २१ मा पारित संयुक्त राष्ट्र संघीय विशेष संस्थाहरूको

सुविधा तथा उन्मुक्तिसम्बन्धी सन्धिपत्रअनुसारको सुविधा अर्थात् Convention on the Privileges and Immunities of the Specialized Agencies अनुसारको सुविधा दिने व्यवस्था भएको देखिने।

Head Quarter Agreement को धारा १२(१) मा केन्द्रको बोर्ड अफ गर्भनरका सदस्यहरू र डाइरेक्टरहरूलाई नेपालमा रहँदा बस्दा र केन्द्रको काम गर्दा कुटनीतिक प्रतिनिधिलाई दिने उन्मुक्ति र सुविधा दिइने व्यवस्था भएको र उपधारा १२(२) मा केन्द्रका कर्मचारीहरूलाई नेपालमा रहँदा र बस्दा र केन्द्रको काम गर्दा Convention on the Privileges and Immunities of the Specialized Agencies को सुविधा र उन्मुक्ति दिइने व्यवस्था भएको देखिन आएकोले ICIMOD का कर्मचारीहरूले गरेको औपचारिक काम कारबाहीमा नेपालको कानूनी कारबाहीबाट उन्मुक्ति प्रदान गर्नुपर्ने देखिन आउने।

तसर्थ विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४० अनुसार स्थापित भएको ICIMOD का कर्मचारीहरूले गरेको काम कारबाहीका विषयमा Convention on the Privileges and Immunities of the Specialized Agencies को सुविधा र उन्मुक्ति दिइने व्यवस्था भएको देखिन आएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल असार ४ गते रोज १ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०१३८, उत्प्रेषण / परमादेश, *सीताराम मण्डल वि. प्रहरी किताबखाना, काठमाडौंसमेत*

निवेदकले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिलाई अवकाश मिति कायम गरी निजलाई अवकाश दिइएको देखियो । निजले प्राप्त गरेको निवृत्तिभरणको अधिकारपत्रको विवरणमा निजको जन्म मिति २०१२।१०।२४ भन्ने भएको र सो निवृत्तिभरणको अधिकारपत्रलाई निज रिट निवेदकले स्वीकार गरी आफूले पाउने निवृत्तिभरणसमेत नियमित रूपमा बुझिरहेको उक्त निवृत्तिभरणको अधिकारपत्रको विवरणबाट देखिने।

आफूले प्राप्त गरेको निवृत्तिभरणको अधिकारपत्र स्वीकार गरी निवेदकले नियमित रूपमा निवृत्तिभरणसमेत बुझिसकेको देखिएकोले जुन निर्णयका विरूद्ध निजले प्रस्तुत रिट निवेदन दायर गरेको हो सोही निर्णयलाई स्वीकार गरिसकेको देखिएकाले आत्मसमर्पण (Theory of Surrender) को आधारमा निवेदन मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था नदेखिने।

अतः उल्लिखित आधार कारणबाट यी रिट निवेदकले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएअनुसार निजको जन्ममिति कायम गरी अवकास दिने निर्णय भएको र जुन निर्णय बदरको माग गरी प्रस्तुत रिट निवेदन दायर भएको हो, सोही निर्णयका आधारमा निजले प्राप्त गरेको निवृत्तिभरणको अधिकारपत्र स्वीकार गरी सोहीबमोजिम नियमित रूपमा निवृत्तिभरणसमेत बुझिरहेको देखिएकोले निवेदन मागबमोजिम उत्प्रेषण परमादेश जारी हुनसक्ने अवस्थाको विद्यमानता देखिएन प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल असार २९ गते रोज ५ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-१०३६, उत्प्रेषण / परमादेश, *उत्तम खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदक उत्तम खडकाले रिट निवेदनमा सशस्त्र प्रहरी नायब महानिरीक्षकमा आफ्नो पदावधि २०७४।२।२५ सम्ममात्र रहेको भनी उल्लेख गरेको देखिएको र दुवैतर्फका कानून व्यवसायीहरूले रिट निवेदक हाल सेवा निवृत्त भइसकेको भनी बहसको क्रममा प्रस्तुत गरेको हुँदा रिट निवेदक उत्तम खडका हाल सेवा निवृत्त भइसकेको भन्ने देखियो । आफू कार्यरत रहेको सेवाको पदमा पदोन्नति नभएकोले पदोन्नति नगर्ने गरी भएको निर्णय बदर गरी पदोन्नति अर्थात् बढुवा गर्नु गराउनु भनी आदेश जारी गरिपाउँ भन्ने माग गरी प्रस्तुत रिट निवेदन दायर भएकोमा रिट निवेदक नै सेवाबाट निवृत्त भइसकेको देखिएकाले निवेदकको मागबमोजिम रिटको औचित्यभित्र प्रवेश गर्नुपर्ने अवस्था देखिन नआउने ।

अतः रिट निवेदक नै सेवा निवृत्त भइसकेको देखिएको र सेवा निवृत्त भइसकेको निवेदकको हकमा रिट आकर्षित हुने अवस्था नदेखिँदा रिट निवेदनको औचित्यभित्र प्रवेश गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल असार २९ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०७३-WO-१११३, उत्प्रेषण/ परमादेश, *उत्तम खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७५-WH-०००३, बन्दीप्रत्यक्षीकरण, *बच्चुराम दाहाल वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत*

वादी नेपाल सरकार प्रतिवादी यी रिट निवेदकसमेत भएको भ्रष्टाचार मुद्दा विशेष अदालतबाट मिति २०७३।५।५ मा फैसला हुँदा निज निवेदकलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा रू.१४,४५,४५,२००।४० जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ । यी रिट निवेदकउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही दफाबमोजिम सजाय गरिपाउन माग दाबी लिई विशेष अदालतमा अभियोगपत्र दायर भएकोमा विवाद रहेको नदेखिने ।

निवेदकलाई उक्त दफा ८(४) बमोजिम सजाय हुँदा रू.१४,४५,४५,२००।४० जरिवाना हुने ठहरी फैसला भएको देखियो । निवेदकले सो फैसलाउपर यस अदालतमा पुनरावेदन दायर गर्दा जरिवानाबापतको रकम धरौटी राख्न नसकेको हुँदा यस अदालतको पत्रानुसार थुनामा बसी पुनरावेदन दायर हुन आएकोमा निजलाई थुनामा पठाउन यस अदालतबाट लेखिएको पत्रका आधारमा काठमाडौं जिल्ला अदालतबाट निजलाई लागेको उक्त जरिवानाबापत ४ वर्ष कैद ठेकी कैदी पुर्जी दिई मिति २०७४।४।१९ देखि हालसम्म थुनामा बसेको देखिने ।

व्यक्तिको स्वतन्त्रता एक महत्त्वपूर्ण अधिकार हो । संविधानको धारा १७ मा स्वतन्त्रताको हकलाई मौलिक अधिकारको रूपमा राखेकोबाट पनि सो अधिकारको महत्त्वलाई आत्मसात गरेको छ । यस्तो महत्त्वपूर्ण अधिकारको अपहरण प्रचलित

कानूनबमोजिम बाहेक हुन सक्दैन र गैरकानूनी रूपमा अपहरण गर्न नमिल्ने ।

निवेदकलाई जरिवाना वा कैदको सजाय हुनसक्ने कसुरमा जरिवाना मात्र हुने गरी फैसला भएकोमा निजले उक्त जरिवाना बुझाउन नसकी मिति २०७४।४।१९ देखि थुनामा बसेको देखिन आयो । जरिवानाबापत निजलाई १ वर्षको कैद ठेकी कैदी पुर्जी जारी गरी थुनामा राख्न पठाउनु पर्नेमा जरिवानाबापत मिति २०७४।४।१९ देखि लागू हुने गरी ४ वर्षको कैदी पुर्जी दिएकोले उक्त कैदी पुर्जी तत्कालीन मुलुकी ऐन, दण्ड सजायको ३८(२) नं. को विपरीत देखिँदा सो कैदी पुर्जी कानूनसम्मत रहेको नदेखिने ।

अतः काठमाडौं जिल्ला अदालत, तहसिल शाखाको च.नं. १३१५ मिति २०७४।६।२६ को निवेदक बच्चुराम दाहाललाई दिएको कैदी पुर्जी मुलुकी ऐन, दण्ड सजायको ३८ नं. को देहाय २ विपरीत देखिँदा उक्त कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । दण्ड सजायको महलको ३८ नं. को देहाय २ बमोजिम निजलाई १ वर्ष मात्र कैदमा राख्नु पर्ने देखिएकाले सोहीबमोजिम गर्नु गराउनु भनी विपक्षीका नाममा परमादेश जारी हुने ठहर्छ । साथै निज निवेदक मिति २०७४।४।१९ देखि हालसम्म कैदमा बसी मिति २०७५।४।१८ मा १ वर्ष पूरा भई हाल जरिवानाबापत कैदमा बस्नु पर्ने अवधिभन्दा बढी कैद बसिसकेको देखिएकाले अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए आजैबाट थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७५ साल भदौ ३ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०६५२, उत्प्रेषण, *राधादेवी थापा वि. श्री पुनरावेदन अदालत पाटन ललितपुरसमेत*

निवेदिका राधादेवी थापाले निवेदनपत्रमा विपक्षी पुनरावेदन अदालत पाटनमा निषेधाज्ञाको निवेदन दिएको भनी उल्लेख गरेकोमा विपक्षी पुनरावेदन अदालत पाटनले पेस गरेको लिखित जवाफबाट निवेदन दाबीको घर जग्गाको सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा लिखत बदरसमेतका मुद्दा चलिरहेको भन्ने लिखित जवाफसमेतबाट देखिएको अवस्थामा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने अवस्था नदेखिने ।

निवेदकको निवेदन खारेज हुने भई मिति २०७१।५।३१ को अन्तरिम आदेशसमेत निष्क्रिय हुन्छ भनी मिति २०७१।१०।१४ मा पुनरावेदन अदालत पाटनबाट फैसला भएको भन्ने देखिन्छ । प्रस्तुत निवेदन यस अदालतमा मिति २०७१।११।४ मा दर्ता हुन आएको देखिन्छ । यिनै निवेदिकाले पुनरावेदन अदालत पाटनमा दिएको निषेधाज्ञाको निवेदनमा निवेदन खारेज हुने गरी आदेश भइसकेपछि मात्र मिति २०७१।११।०४ मा प्रस्तुत उत्प्रेषणसमेतको मागदाबी लिई रिट निवेदन लिएर आएको देखियो ।

निवेदक न्यायिक उपचारको लागि साधारण अधिकारक्षेत्रको बाटो प्रयोग गरी अदालत, प्रवेश गरेको स्थिति देखिन्छ । साधारण अधिकार क्षेत्रअन्तर्गत उपचारको लागि अदालत, प्रवेश गरेकोमा सोही मार्गबाट निजले न्यायिक उपचार प्राप्त गर्ने नै हुन्छ ।

निवेदिकाले लिखत बदरसमेतका मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर गरी विचाराधीन रहेको अवस्थामा असाधारण अधिकार क्षेत्रअन्तर्गत परेको निवेदनमा निवेदन मागबमोजिम आदेश जारी गर्दा त्यस्तो साधारण अधिकार क्षेत्रअन्तर्गत परेको मुद्दाको निर्णयमा असर पर्ने अवस्था रहने।

तल्लो अदालतमा चली रहेको विचाराधीन मुद्दालाई नै असर पर्ने गरी रिट जारी गर्नु न्यायोचित हुन सक्दैन। साधारण अधिकार क्षेत्रअन्तर्गतको दाबीमा कानूनबमोजिम निर्णय गर्ने कार्य बाँकी नै रहेको र त्यसैबाट निवेदिकाको दाबीमा न्याय निरूपण हुने नै हुँदा निवेदन माग दाबीबमोजिम आदेश जारी गरिरहनु पर्ने नदेखिने।

अतः विवेचित आधार र कारणहरूबाट निवेदिकाको निवेदन मागदाबीबमोजिम आदेश जारी गर्न मिल्ने नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०९५४, उत्प्रेषण, रामचन्द्र श्रेष्ठ वि. श्री मालपोत कार्यालय, भक्तपुरसमेत

मिति २०२९।९।२५ मा राजपत्रमा प्रकाशित सूचनाअनुसार निवेदन दाबीका जग्गाहरू अधिग्रहणमा परेको कुरामा निवेदकलाई मर्का परेकोमा उक्त अधिग्रहण सूचना निवेदकले बदर गराउन सक्नु पर्ने हुन्छ। तर उक्त अधिग्रहण सूचना यी निवेदकले बदर गराउन सकेको देखिँदैन। सोही राजपत्रमा प्रकाशित सूचनाअनुसार अधिग्रहणमा परेका कि.नं १३८५ समेतका निवेदन दाबीका जग्गाहरू मालपोत कार्यालय, भक्तपुरको मिति २०७१।४।७ को निर्णयले नागरिक उडड्यन प्राधिकरणको नाउँमा स्रेस्ता पूर्जा उपलब्ध गराउने भन्ने टिप्पणी आदेश भएको देखिन्छ। यसरी आफूसमेतको जग्गा अधिग्रहण भएको कुरामा निवेदकको स्वीकारोक्ति नै देखिएको र उक्त जग्गा अधिग्रहणसम्बन्धी राजपत्रमा प्रकाशित सूचनासमेत निवेदकले बदर गराउन सकेको नदेखिने।

निवेदकले निवेदन दाबीमा उल्लिखित कित्ता जग्गाहरूमा निवेदकको हाल भोग स्वामित्त्व कायम रहेको देखिँदैन। निवेदककै निवेदन लेखबाट उक्त जग्गा र.नं.५६०९ मिति २०६८।२।१२ मा प्रतिभाञ्जली पोखरेललाई राजीनामा पास गरी हक हस्तान्तरण गरिसकेको भन्ने देखिन्छ। निवेदन दाबीका जग्गाहरू निवेदककै नाउँमा कायम रहेको अवस्थामा मालपोत कार्यालयको निर्णयबाट नागरिक उडड्यन प्राधिकरणको नाउँमा स्रेस्ता पुर्जा बनेको पनि देखिन नआउने।

निवेदकले दाबीका जग्गाहरू विपक्षी प्रतिभाञ्जली पोखरेललाई राजीनामा पास गरी दिएपछि मात्र प्रतिभाञ्जली पोखरेलको नाउँको लगत कट्टा भई विपक्षीमध्येका नेपाल नागरिक उडड्यन प्राधिकरणको नाउँमा स्रेस्ता पुर्जा बनेको देखिन्छ। हाल निवेदकको हक भोग वा स्वामित्त्व नै कायम नरहेका जग्गाहरू विपक्षीमध्येका नागरिक उड्डयन प्राधिकरणको नाउँमा कायम हुन गएको अवस्था भएबाट यी निवेदकको सम्पत्तिसम्बन्धी हकमा आघात पुगेको भन्ने निवेदन दाबी मनासिब नदेखिने।

अतः विवेचित आधार, कारणहरूबाट विवादित जग्गा ०२९ सालको राजपत्रले विपक्षीका नाममा अधिग्रहण भइसकेकोमा सो अधिग्रहणको निर्णय निवेदकले मौकामा उजुरी गरी बदर गराउन सकेको नदेखिएको र आफैँले बिक्री गरिसकेको हाल

निवेदकको हक भोग र स्वामित्त्व नै कायम नरहेको जग्गामा निवेदक प्रस्तुत रिट लिएर आएको अवस्था देखिँदा मागदाबीबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम्।

- यस्तै प्रकृतिको ०७१-WO-०९५५, उत्प्रेषण, *तेजकृष्ण श्रेष्ठ वि. श्री मालपोत कार्यालय, भक्तपुरसमेत* भएको रिट निवेदनमा पनि यसैअनुसारको आदेश भएको छ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-WO-००७९, परमादेश, *भानुभक्त ढकाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदक भानुभक्त ढकालले सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत मानसिक सन्तुलन गुमाएका नागरिकहरूलाई राज्यले उचित सुरक्षा, संरक्षण र निःशुल्क उपचारको समेत प्रबन्ध गर्नका लागि उपयुक्त कानून निर्माण गरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गरिपाउँ भनी सार्वजनिक सरोकारको विषय उठाई प्रस्तुत रिट दायर गरेको देखिने।

संविधानले नै सम्मानपूर्वक बाँच्न पाउने र स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको हुँदा मानसिक सन्तुलन गुमाएका व्यक्तिहरूलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्नु र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगर्नु राज्यको दायित्त्व रहेको कुरामा विवाद नदेखिने।

नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफमा राज्यको स्रोत र साधनले भ्याएसम्म निवेदकको निवेदन मागबमोजिमको कार्य गर्न मन्त्रालय क्रियाशील नै रहेको र आगामी दिनमा अझ थप प्रभावकारी रूपमा मानसिक सन्तुलन गुमाएका नागरिकहरूको हितमा कार्यक्रमहरू बनाई कार्यान्वयन गर्दै जाने भन्ने प्रतिबद्धता व्यक्त गरेको भए तापनि त्यस्ता व्यक्तिहरूको सुरक्षा र स्वास्थ्यसम्बन्धी उपचारको सम्बन्धमा हालसम्म छुट्टै कानूनी व्यवस्था भएको भने नदेखिने।

तसर्थ, निवेदकले निवेदनमा उल्लेख गरेका मानसिक सन्तुलन गुमाएका विभिन्न उमेर समूहका नागरिकहरूको सामाजिक सुरक्षा र स्वास्थ्यसम्बन्धी उपचारको सम्बन्धमा अविलम्ब उपयुक्त कानून निर्माण गरी सामाजिक सुरक्षाको प्रत्याभूति र सुनिश्चतता प्रदान गर्नु भनी निवेदन मागदाबीबमोजिम विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ २० गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१३९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. वीर सिंह ठगुन्नासमेत

प्रत्यर्थीहरूमध्ये प्रतिवादी हरकसिंह महर, हरदेव सिंह महर, वीरसिंह ठगुन्ना मुख्य दोषी रहेको भनी निजहरूउपर ज्यानसम्बन्धी महलको १ र १३ नं. को कसुरमा ऐ.१३(३) नं. बमोजिम सजाय हुन र प्रतिवादी राजेन्द्रसिंह ठगुन्ना र अम्मरसिंह ठगुन्नाउपर मृतक गोपालसिंह धामीको मृत्यु गर्नमा मतसल्लाहमा पसेको देखिँदा ऐ. को १७ नं. कसुरमा ऐ को १७(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने मिति २०६७।९।८ मा अभियोगपत्र दायर भएपछि पनि प्रतिवादीहरू राजेन्द्रसिंह र अम्मरसिंह धरौट तारेखमा छुटी

मेरो घरमा आई हामीलाई मात्र किन जाहेरी दिएको कमललाई किन नदिएको मुद्दा फिर्ता लिए लिनु नलिए छोरा गोपालकै जस्तो मृत्यु होला भनी भनेको कुरा श्रीमतीले खबर गरेको भनी पुनः प्रतिवादीहरूउपर जाहेरी दिएपछि त्यसरी जाहेरीमा विपक्षी बनाइएका प्रतिवादीहरूउपर अनुसन्धान गरी प्रतिवादीहरू धनवीर महरा, कल्याणसिंह महरा, कृष्णसिंह ठगुन्ना, कमलसिंह धामीसमेत मृतक गोपाल सिंह धामीको कर्तव्य गर्नमा मतसल्लाहमा परेको देखिएको भनी निजहरूलाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को कसुरमा ऐ. को १७(३) नं बमोजिम सजाय गरी पाउन मागदाबी लिई अ.बं. ८८ नं. बमोजिम पुरक अभियोगपत्र दायर भएको देखिने।

प्रतिवादीहरू हरक सिंह महर, हरदेव सिंह महर, वीर सिंह ठगुन्ना, राजेन्द्र सिंह ठगुन्ना, अम्मरसिंह ठगुन्ना, कृष्णसिंह ठगुन्ना, धनवीर महरा, कमलसिंह धामी र कल्याणसिंह महरा अभियोग माग दाबीअनुसारको कसुर अपराधमा संलग्नता रहे नरेहकोतर्फ हेर्दा गाउँकै करवीरसिंह महरको छोरी पशुपति महरको २०६७।८।७ मा भएको कन्यादानमा मृतक गोपाल सिंह धामी पनि निम्तो मान्न गएकोमा सोको भोलिपल्ट दिउँसो गोपालसिंह धामीको मृतक लास जेवलधार भीरकाठोमा फेला परेको अवस्था देखिने।

प्रतिवादीहरूको घटना वारदातमा संलग्नता पुष्टि हुने कुनै चिजवस्तु घटनास्थल वा त्यसको वरपरबाट फेला परेको अवस्था देखिँदैन। जाहेरवालाले जाहेरी दिँदाकै बखत पनि यिनै प्रतिवादीहरूले मारेको कुरा पुष्टि गर्ने खालको कुनै सबुद प्रमाण जाहेरीसाथ पेस गर्न सकेको अवस्था देखिँदैन। मृतक गोपालसिंह धामीसमेत भई हरकसिंह महरको घरमा कच्ची रक्सी खाई वादविवाद हुँदा हरक सिंह र गोपालसिंह धामीबीच सामान्य लुछाचुँडी भएको र त्यसपछि गोपालसिंह धामी हरकसिंहको घरबाट बाहिर निस्किएको भन्ने देखिएकोमा हरकसिंहको घरबाट मृतक गोपालसिंह धामी बाहिर निस्किएपछि पनि यिनै प्रतिवादीहरूले पिछा गरी जम्मा भई गोपालसिंह धामीको कर्तव्य गरी मारी जेवलभीरमा लगी फालेका भन्ने कुरा वादी पक्षबाट ठोस रूपमा प्रमाणित गराउन सकेको नदेखिने।

प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारी फालेको प्रत्यक्ष देख्ने चस्मदिद गवाहको समेत अभाव रहेको देखिन्छ। प्रतिवादीहरूउपर किटानी जाहेरी परेको देखिन्छ तर सरकारवादी फौजदारी मुद्दामा जाहेरी आफैँमा प्रमाण होइन। जाहेरीलाई अपराधको बारेमा सूचना दिने (First information report) रूपमा स्वीकार गरेको पाइन्छ। जाहेरी स्वतन्त्र तथा अन्य वस्तुनिष्ठ ठोस सबुद प्रमाणबाट पुष्टि नभएसम्म प्रतिवादीहरूउपर किटानी जाहेरी परेकै आधारमा मात्र प्रतिवादीहरू वारदातमा संलग्न रहेको भनी दोषी ठहर गर्न न्यायोचित हुने देखिन नआउने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू दार्चुला जिल्ला अदालतबाट प्रतिवादीमध्ये हरकसिंह महर, हरदेवसिंह महर, वीरसिंह ठगुन्नालाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने र अन्य प्रतिवादीहरू राजेन्द्र सिंह ठगुन्ना, अम्मर सिंह ठगुन्ना, कृष्णसिंह ठगुन्ना, धनवीर महरा, कमल सिंह धामी, कल्यानसिंह महराले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने ठहर्छ भनी फैसला भएकोमा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी फैसला गर्नुपर्नेमा निज प्रतिवादीहरू हरक सिंह महर, हरदेव सिंह महर र वीर सिंह ठगुन्नासमेत जना ३ लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरी दार्चुला जिल्ला अदालतबाट

भएको फैसला निजहरूको हकमा मिलेको नदेखिँदा सो हदसम्म सुरू फैसला केही उल्टी भई प्रतिवादीहरू हरक सिंह महर, हरदेव सिंह महर र वीरसिंह ठगुन्नाले प्रस्तुत मुद्दाको अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीहरू राजेन्द्र सिंह ठगुन्ना, अम्मरसिंह ठगुन्ना, कृष्णसिंह ठगुन्ना, धनवीर महरा, कमलसिंह धामी र कल्याणसिंह महरालाई सफाइ दिने ठहऱ्याई सुरू दार्चुला जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६८।१२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत**:** नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-१२७५, कर्तव्य ज्यान, रेशमलाल पौडेल वि. नेपाल सरकार

प्रतिवादी र मृतक श्रीमान् श्रीमती भएको देखिएको, प्रतिवादीको बयान कागजबाट पनि निजहरू बीच भएको विवाद सामान्य प्रकृतिको देखिएको, पति पत्नीबीच सामान्य वादविवाद भएकै कारणले प्रतिवादी आवेशमा आई श्रीमतीलाई चक्कुले प्रहार गर्नुपर्नेसम्मको अवस्था र परिस्थिति नदेखिएको, प्रतिवादीले श्रीमतीलाई चक्कुजस्तो धारिलो हतियारले हानेको र मृतकको घाँटीमा ४ से.मि. लामो र ६ से.मि. गहिरो घाउ भएको भन्ने देखिएको, अत्यधिक रक्तश्राव भई सोही कारण सीता पौडेलको मृत्यु भएको देखिएको, चक्कु जस्तो धारिलो हतियारले घाँटीमा हान्दा मानिस मर्न सक्छ भन्ने कुराको जानकारी नै नरहने अवस्थामा प्रतिवादी रहेको भन्ने नदेखिएबाट प्रतिवादीले श्रीमती सीता पौडेललाई मार्ने नै मनसायले घाँटीमा चक्कुले प्रहार गरी कर्तव्य गरी मारी वारदात घटित गराएको देखिँदा प्रतिवादीले अभियोग दाबीबमोजिको कसुर अपराध गरेको देखिन आउने।

प्रतिवादीको मृतकलाई कर्तव्य गरी मार्ने मनसायले नै उक्त वारदात घटित गराएको देखिएको हुँदा घटना घटाउने मेरो मनसाय नै थिएन भन्ने प्रतिवादीको भनाइ पत्यारलायक देखिन आएन। प्रचलित कानूनले जुन काम कुरा गर्दा अपराध हुन्छ भनी घोषणा गरेको छ त्यस्तो निषेध गरेको काम कुरा गर्नु नै अपराधजन्य कार्य हो। त्यस्तो कार्य बाध्यात्मक जे जस्तो अवस्थामा परेर गरेको भएपनि त्यस्तो कार्य अपराध मानिने हुन्छ र त्यस्तो कार्यबाट अभियुक्तले उन्मुक्ति प्राप्त गर्न सक्दैन। तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादीले घटना बाध्यात्मक रूपमा भएको भनी जिकिर लिएकै आधारमा निजले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने सक्ने अवस्था नहुने।

प्रतिवादी रेशमलाल पौडेल होटलमा नोकरी मजदुरी गर्ने मानिस भएको र मृतक सीता पौडेल निजै प्रतिवादीको श्रीमती भई होटलमा सँगै बस्ने गरेको भन्ने निजकै बयानबाट देखिन्छ। प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको देखिँदैन र मार्नुपर्नेसम्मको कारण परी योजना बनाई मारेको पनि देखिँदैन। प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा गरेको बयान बेहोरा हेर्दा घटना आवेशप्रेरित हत्या प्रकृतिको देखिएको र प्रतिवादीले आफूले कसुर गरेको कुरालाई स्वीकार गरी अदालतको निर्णय प्रक्रियामा सहयोग पुऱ्याएको अवस्थालाई रहेबाट प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले निजलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष कैद सजाय हुने।

अतः प्रकरण प्रकरणहरूमा विवेचित

आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी रेशमलाल पौडेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी मिति २०७०।५।१९ पुनरावेदन अदालत दिपायलबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा निजलाई चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम निजलाई १५ (पन्ध्र) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कार्तिक १२ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०५९४, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. श्याम शाही*

प्रतिवादी श्याम शाहीले जाहेरवालासँग रकम बुझी गरी दिएको भनिएको मिति २०६४।८।१५ को लिखतको प्रतिलिपिमा लागेको प्रतिवादीको ल्याप्चे, हस्ताक्षर र अदालतको बयानमा लागेको हस्ताक्षर र ल्याप्चेसँग भिड्ने नभिड्ने सम्बन्धमा विशेषज्ञको राय माग भएकोमा प्रतिलिपिबाट ल्याप्चे जाँच हुन नसक्ने र प्रतिलिपिमा परेका हस्ताक्षर र नमुना हस्ताक्षर केही लेखन गुणहरूको विश्लेषण गर्दा केही समानताका अवस्थाहरू देखिन्छन् भनी मिति २०६९।८।१९ मा लिखत परीक्षण गरी विशेषज्ञले बकपत्रसमेत गरी दिएको पाइन्छ । यसरी उक्त लिखतमा परेका हस्ताक्षर र ल्याप्चे प्रतिवादी श्याम शाहीको नै हो भन्ने यकिन भएको पाइएन । फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुसार कुनै पनि फौजदारी कसुर पुष्टि हुनको लागि उक्त कसुर शंकारहित तवरबाट प्रमाणित हुनुपर्दछ न कि शंका वा अनुमानको भरमा । यसरी शंका वा अनुमानको भरमा प्रतिवादीलाई सजायको भागी बनाउन किमार्थ नमिल्ने ।

प्रतिवादी श्याम शाहीले कसुर गरेको कुरा कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेकोले उक्त कसुरमा जाहेरवालालाई क्षतिपूर्ति भराई पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने देखिँदा प्रतिवादीलाई सफाइ दिएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिबै देखिन आउने ।

तसर्थ उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादी श्याम शाहीले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबिती भई गरेको बयानलाई समर्थन गर्ने स्वतन्त्र प्रमाणको अभाव देखिँदा प्रतिवादी श्याम शाहीले आरोपित कसुरबाट सफाइ पाउने ठहरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६९।९।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. तेजबहादुर के.सी.,** ०७१-CI-१४५५, १६११, अंश चलन, *संरक्षक भई आफ्नो हकमा समेत रमाकुमारी खड्का वि. मखमली खड्कासमेत,* मखमली खड्का *वि. संरक्षक भई आफ्नो हकमा समेत रमाकुमारी खड्का*

मुलुकी ऐन, अंशबन्डाको १० नं. को कानूनी व्यवस्थाबमोजिम जेठी पत्नी मखमली खड्का र छोरा अमित खड्कालाई मात्र शिवराम खड्काले अंशियार

कायम गरी मिति २०६३।११।१७ मा अंश दिएको देखिँदा उक्त मिति २०६३।११।१७ को अंशबन्डाको कागजले कानूनी मान्यता पाउने देखिएन। एकातर्फका श्रीमती र छोरालाई मात्र अंश दिएको र अर्की श्रीमती र छोरीलाई कानूनबमोजिम अंश नदिएको देखिँदा शिवराम खड्का, मखमली खड्का र अमित खड्काको बीचमा मिति २०६३।११।१७ मा भएको बन्डापत्र बदर हुने।

वादीहरू र प्रतिवादीहरू बीचमा कानूनबमोजिम अंशबन्डा भएको भन्ने र व्यवहार प्रमाणबाट अंशबन्डा भएको नदेखिँदा वादी प्रतिवादीबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित मखमली खड्काको नाम दर्तामा रहेका कि.नं.६३, ९४१, मखमली खड्का र अजित खड्काको नाम दर्तामा रहेको कि.नं. ९४० को जग्गा र घर तथा स्वर्गीय पति पिता शिवराम खड्काको नाम दर्तामा रहेको कि.नं. ९९५ को क्षे.फ. ०-१-०-० र कि.नं. ९९३ को क्षे.फ.०-२-०-० जग्गा मुलुकी ऐन, अंशबन्डाको १७ नं. बमोजिम अविवाहिता छोरी रञ्जना खड्काको विवाह खर्च पर सारी अंशबन्डाको १ नं. अनुसार ४(चार) भाग लगाई सो ४ भागको २ भाग वादीहरूले अंशबापत पाउने देखियो। त्यसैगरी स्वर्गीय पति पिता शिवराम खड्काको नाममा नेपाल क्रेडिट एन्ड कमर्स बैङ्क (NCC Bank) को खाता नं. ००३०००००८५१७१S मा मौज्दात रहेको साँवा ब्याजसमेतको रकम यी वादीहरू २ जनाले जम्मा ४ भागको २ भाग अंशबापत पाउने देखिने।

नेपाल राष्ट्र बैङ्क कर्मचारी सेवासम्बन्धी विनियमावली, २०६८ को विनियम ११८(६) को कानूनी व्यवस्थाबमोजिम मृतक पतिले आफूपछि जेठी पत्नी मखमली खड्काको नाम पारिवारिक निवृत्तिभरण पाउने भनी इच्छाएको देखिँदा प्रस्तुत पारिवारिक निवृत्तिभरणको रकम बन्डा गरिपाउँ भन्ने वादीको दाबी पुग्न सक्ने नदेखिने।

अतः उल्लिखित आधार कारणहरूबाट वादी दाबी नपुग्ने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६९।१०।१८ मा गरेको फैसलालाई केही उल्टी गरी शिवराम खड्काको २(दुई) पत्नीहरूमा जेठी मखमली खड्का, कान्छी रमाकुमारी कार्की खड्का, छोरा अमित खड्का र छोरी रञ्जना खड्का एकासगोलका अंशियार नाताका हुन् भन्ने देखिँदा सोही नाताअनुसार वादी प्रतिवादीबाट तायदातीमा पेस भएको सम्पूर्ण चल अचल सम्पत्तिलाई ४ भाग गरी वादीहरूको भागमा पर्ने २ भाग बन्डा लगाई चलनसमेत पाउने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।९।११ मा भएको फैसलामा कि.नं. ९९५, ९९३ को जग्गा, NCC Bank मा जम्मा रहेको नगद पुनरावेदन अदालत पाटनले वादी दाबीबमोजिम बन्डा गर्ने भनी फैसला गर्नुपर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालत पाटनको मिति २०७१।९।११ को फैसला केही उल्टी गरी सो सम्पत्तिसमेतबाट ४ भागको २ भाग वादीहरूले अंशबापत पाउने।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम्।

- ०७३-CI-०९६९, दूषित बन्डा बदर, *संरक्षक भई आफ्नो हकमासमेत रमाकुमारी खड्का वि. मखमली खड्कासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०००५, उत्प्रेषण/परमादेश,

*थिरप्रसाद घिमिरे वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरसमेत*

अनुशासनमा रहने प्रहरी फोर्समा कार्यरत प्रहरी कर्मचारीबाट अनुशासनमा बस्ने अपेक्षा हुनु स्वाभाविक नै हुन्छ । प्रहरीबाट आफूखुसी अनुपस्थित भएमा शान्ति व्यवस्था कायम गर्न बाधा पर्ने र त्यसमा पनि संविधान सभाको निर्वाचन नजिकै आइसकेको कारणले बिदा लिन नपाउने निर्देशन जारी भएको जानकारी पाए पनि आफूखूसी बिदा बसेबाट अनुशासनमा बसेको मान्न मिल्ने अवस्था देखिँदैन । अतः २४ घण्टाभित्र हाजिर हुन आउनु भनी निवेदकको घरदैलोमा सूचना टाँस गरी सो समयभित्र निवेदक हाजिर नभएपछि ७ दिनभित्र हाजिर हुन आउनु भनी गोरखापत्रमा सूचना प्रकाशितसमेत गरी सोपछि पनि निवेदक कार्यालयमा हाजिर हुन नआएपछि सफाइको मौका दिनु नपर्ने पर्चासमेत खडा गरी अधिकारप्राप्त अधिकारीले रिट निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको मिति २०६९।०१।३१ को निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी भएको मिति २०६९।१०।२५ को निर्णयसमेत मिलेकै देखिँदा बदर गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः मिनु शाही

इति संवत् २०७३ साल चैत २४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७१-CI-१३५४, निषेधाज्ञा, *जालीम नदाफ वि. सेवाव नदाफसमेत*

देवानी प्रकृतिका विवादमा प्रहरी कार्यालयबाट हस्तक्षेप गर्न, पक्राउ गर्न वा धरपकड गर्न कानूनले अनुमति दिएको हुँदैन । फौजदारी कसुरमा कानूनबमोजिम बाहेक प्रहरी कार्यालयबाट देवानी प्रकृतिका विवादमा हात हाली कार्य गर्न कानूनले निषेध गरेकै विषय हुन्छ। प्रस्तुत विवादमा प्रहरी कार्यालयबाट धरपकड र हस्तक्षेप नगरिएको भन्ने स्पष्टोक्ति रहेको र जग्गा खरिद बिक्रीसम्बन्धी विवादको प्रकृतिबाट हस्तक्षेप हुनसक्ने अवस्थासमेत नरहेकोले पुनरावेदन अदालतबाट भएको आदेश अन्यथा देखिन नआउने ।

अतः माथि विवेचित आधार कारणबाट निवेदकका नाम दर्ताको जग्गामा कुनै किसिमको हस्तक्षेप गर्ने आशंकाको विद्यमानता नदेखिएकोले रिट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।११।१३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-CI-१८१७, बाली भराई मोही निष्काशन, *मदनगोपाल महर्जन वि. श्यामगोविन्द महर्जन*

२०४२ सालदेखि २०६८ सालसम्मको कुतबाली भराई पाउँ भनी मिति २०६८।११।२३ मा निवेदक श्यामगोविन्द महर्जनले निवेदन गरेको देखिएबाट २०४२ सालदेखि २०६७ सालसम्मको कुतबाली सम्बन्धमा निजले भूमिसम्बन्धी ऐनको कानूनी व्यवस्थाले तोकेको हदम्यादभित्र कुत भराई पाउँ भनी नालिस गरेको देखिन आएन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३६(क) को अन्तिम वाक्यांशले २०६७ सालसम्मको कुतबाली भराउन मिति २०६८।११।२३ मा निवेदन दिन मिल्ने देखिन नआएकोले सो कानूनी व्यवस्थाअनुसार २०६८।११।२३ मा परेको निवेदनको आधारमा

निवेदक जग्गाधनीले २०६८ को मात्र कुतबाली भराई लिन पाउने।

मोही मदनगोपाल महर्जनले २०६८ देखि २०७०/०७१ सम्मको कुतबाली भूमिसुधार कार्यालय, ललितपुरमा धरौटी राखेको भन्ने सोही कार्यालयको फैसलाबाट देखिएको भए पनि २०६८ को कुतबाली धरौटी राखेको नदेखिएको तथा सो वर्षको कुतबाली जग्गाधनीलाई बुझाएको सबुद प्रमाणसमेत पेस गर्न सकेको अवस्था नदेखिँदा जग्गाधनीले २०६८ सालको कुतबाली मोही मदनगोपालबाट भराई लिन पाउने नै देखिएकाले २०६८ सालको बाली भराउने र मोही निष्कासन नहुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।११ मा भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

अतः उल्लिखित तथ्य, आधार र कारणबाट यस मुद्दामा यस अदालतको मिति २०७४।३।९ को निस्सा प्रदान गर्दाको आधारसँग सहमत हुन सकिएन। तसर्थः मिति २०७२।११।११ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७३-CI-०२४१, बाली भराई मोही नामसारी, *मदनगोपाल महर्जन वि. श्यामगोविन्द महर्जनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-००२५, ०७१-CI-००५९, उत्प्रेषण / परमादेश, *लोकदर्शन रेग्मी वि. बाबुकाजी भन्ने कृष्णबहादुर बस्नेतसमेत र हरि बखती वि. बाबुकाजी भन्ने कृष्णबहादुर बस्नेतसमेत*

विवादित कि.नं. ७३८ को जग्गा दर्ता नामसारी गरिपाउँ भनी निवेदन परेपछि पक्षबाट प्रस्तुत भएका र अन्य आवश्यक कागज प्रमाणसमेत बुझी ती कागज प्रमाणको समुचित विश्लेषण र मूल्याङ्कन गरी सो जग्गा दर्ता गर्ने नगर्ने भन्ने सम्बन्धमा निर्णय गर्नुपर्नेमा त्यसो नगरी २०४९।३।३० को निर्णयले श्री ५ को सरकारको नाउँमा दर्ता भइसकेको भन्ने आधारमा विपक्षी मालपोत कार्यालयबाट भएको मिति २०६८।११।३० को निर्णय मिलेको नदेखिएको सन्दर्भमा पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०९।२४ मा भएको फैसलालाई अन्यथा भनिरहनु मनासिब हुने देखिन नआउने।

तसर्थः माथि विवेचित तथ्य एवम् आधारबाट प्रस्तुत मुद्दामा मालपोत कार्यालय, भक्तपुरबाट मिति २०६८।११।३० मा भएको निर्णय मिलेको नदेखिँदा सो निर्णय उत्प्रेषणको आदेशले बदर गरी रिट निवेदकले पेस गरेका कागज प्रमाण र कानूनबमोजिम जो जे प्रमाण बुझ्नुपर्छ बुझी मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिम निर्णय गर्नु भनी मालपोत कार्यालयका नाउँमा परमादेशसमेत जारी हुने ठहर्‍याई मिति २०७०।९।२४ मा पुनरावेदन अदालत पाटनबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल असार ११ गते रोज शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-१२२४, ०७१-CR-१२५३, कर्तव्य ज्यान, *जयप्रकाश कुमार सिंह वि. नेपाल सरकार, आशनारायण पटेलसमेत वि. नेपाल सरकार*

मृतकले नै पहिला साङ्घातिक आक्रमण गरेको भनी पुनरावेदकले जिकिर लिन सकेको

अवस्था छैन । उक्त तथ्य प्रतिवादीको शरीर परीक्षणबाट समेत सिद्ध भएको छैन । मृतकको शरीरको संवेदनशील अङ्ग टाउको र निधारमा विभिन्न प्रकारमा घाउचोटहरू लागेको स्थिति छ । घाउचोटको उक्त अवस्थाबाट एकपटक नभई पटकपटक सिसाको स्प्राइटको बोतलले प्रहार गरेको भन्ने नै देखिन्छ । सिसाले बनेको बोतलले प्रहार गर्दा गहिरो चोट लाग्छ भन्ने कुरा सामान्य समझ भएको व्यक्तिले पनि अनुमान गर्नुपर्ने हुन्छ । केटी साथी नआएको सामान्य विषयलाई लिएर उठेको विवादको परिणामस्वरूप सिसाको बोतलले टाउको र निधारमा हिर्काएको कारण मृतकको घटनास्थलमा नै मृत्यु हुन पुगेको हुँदा विद्वान् वरिष्ठ अधिवक्ताको बहस जिकिर र रिसइबीरहित वारदात घटेको भन्ने यस अदालतको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन सकिएन । अतः पुनरावेदक प्रतिवादी जयप्रकाश कुमार सिंहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय ३ बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नै देखिन आउने ।

व्यावसायिक हिसाबले ग्राहकले मागेको कोठा निजहरूलाई दिनु स्वाभाविक नै हो । कोठामा मानिस आउने जाने नभई बन्द भएपछि होटल सञ्चालक विजयकुमार साहले नै होटलको कोठा नं. १०५ बन्द रहेको भनी मौकामै अनुसन्धान गर्ने निकायलाई जानकारी गराएका छन् । प्रस्तुत वारदातको जो पहिलो सूचना हो । कसुर ठहर भएका प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सागिर अन्सारीको कर्तव्यमा आफूबाहेक अरू कसैको संलग्नता छैन भनी बयान गरेका छन् । प्रतिवादी जयप्रकाश कुमार सिंहउपरको अभियोग मिसिल संलग्न तथ्यगत र भौतिक प्रमाणबाट समर्थित भएको कारण निजको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान प्रमाणित भएको यथार्थता हो । अरू संकलित सम्बद्ध प्रमाणबाट यी प्रतिवादीहरूको अभियोग वादी नेपाल सरकारले प्रमाण ऐन, २०३१ को दफा २५ अनुरूप प्रमाणित गर्न सकेको अवस्था छैन । यी प्रतिवादीहरूले सत्य बेहोरा जानकारी गराएपश्चात् मात्र वारदातको अनुसन्धान प्रारम्भ भएको देखिन्छ । अनुसन्धान अधिकारीलाई अनुसन्धान गर्न यिनीहरूले सहयोगीको भूमिका निभाएको देखिँदा मौकामा पक्राउ नपरेको एक मात्र शंकाका आधारमा कसुरदार कायम गरिनुपर्छ भन्ने वादी नेपाल सरकारको निजहरूउपरको पुनरावेदन जिकिर र विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी भिखारी राउत र अनिलकुमार सिंह प्रतिवादी जयप्रकाशकुमार सिंहका क्रमश बाबु र भाइ नाताका रहेको देखिन्छ । प्रतिवादी जयप्रकाश कुमार सिंहले होटलको कोठा नं. १०५ मा मृतक सागिर अन्सारीको कर्तव्य गरी उक्त ठाउँबाट बाहिरिएपछि आशनारायण र मन्जुर अन्सारीलाई बाटोमा घटनाका बारेमा जानकारी गराएको भनी अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पोल गरेको कारण निजहरू प्रतिवादी कायम गरिएको देखिन्छ । आरोपित कसुर गरेकोमा यी प्रतिवादीहरू इन्कार रहेका छन् । यिनीहरू उपरको ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ को कसुर प्रमाणित हुन मृतकलाई मार्ने मतसल्लाह गरेको, वारदातस्थलमा गएर हेरिरहेको वा कर्तव्य गर्ने प्रतिवादीलाई वारदातस्थलबाट भगाउन सहयोगीको भूमिका खेलेको वस्तुगत रूपमा देखिनु पर्छ । मिसिल संलग्न संकलित तथ्यबाट कसुर ठहर भएका प्रतिवादी जयप्रकाश कुमार सिंहको नै मृतकलाई मार्ने पूर्वमनसाय र तयारी गरेको कुरा प्रमाणित हुन नसकेको अवस्था हुँदा यी प्रत्यर्थी प्रतिवादीहरू भिखारी राउत,

आशनारायण पटेल, मन्जुर अन्सारी र अनिलकुमार सिंहसमेतले आरोपित कसुर गरेको मान्न मिलेन । निजहरूलाई अभियोग दाबीबाट सफाइ दिएको मिलेन भन्ने पुनरावेदन जिकिर र विद्वान् सहन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी जयप्रकाश कुमार सिंह र मृतक सागिर अन्सारीबीच मित्रवत् संगीसाथीको सम्बन्ध रहेको देखिन्छ । मृतककै इच्छा चाहना पूरा गरिदिन यी प्रतिवादी मृतकको साथ सँगै होटलमा आएको देखिन्छ । सँगै बसेर वियर र स्प्राइट खाने गरेको पाइन्छ । केटी साथीसँग भेट गर्ने मृतकमा उत्कठ इच्छा जागृत भई मृतकले भनेपछि उक्त इच्छा पूरा गरिदिन तत्काल प्रतिवादी जयप्रकाशले फोन गरेको अवस्था छ । भेट हुने भनिएका केटी साथी त्यहाँ उपस्थित नहुने बेहोराको जानकारी प्रतिवादीले पाएपछि सोही कुरा मृतकलाई सुनाएको देखिन्छ। उक्त जवाफ सुन्नासाथ मृतकले यी प्रतिवादीलाई भौतिक रूपमा धकेलाधकेली गरेको अवस्था छ । मृतकलाई मारौँ भन्ने पूर्वमनसाय प्रतिवादीमा देखिँदैन। मृतककै इच्छा पूरा गर्न साथ दिएको प्रतिवादीउपर तत्कालै असामान्य व्यवहार देखाई जाई लाग्न खोज्दा तत्काल प्रतिवादीमा आवेग उत्पन्न भई पिइरहेको स्प्राइटको बोतलले मृतकको टाउको र अनुहारसमेतमा प्रहार गर्न पुग्दा सोही चोटबाट लागेका घाउखतबाट रक्तस्राव भई मृतकको ज्यान गएको पाइन्छ। उक्त तथ्यको रोहमा यी प्रतिवादी जयप्रकाशकुमार सिंहलाई १० वर्ष कैद गर्दा न्यायको मकसद पूरा हुन जाने हुँदा अ.बं.१८८ नं. बमोजिम पुनरावेदक प्रतिवादी जयप्रकाश कुमार सिंहलाई १० वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालत हेटौंडासमेतले व्यक्त गरेको रायसमेत मनासिब रहेको देखिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी जयप्रकाश कुमार सिंहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी मुलुकी ऐन, अ.बं.१८८ नं. अनुरूप कैद वर्ष १० कैद सजाय गर्ने तथा अन्य प्रत्यर्थी प्रतिवादीहरू भिखारी राउत, आशनारायण पटेल, मन्जुर अन्सारी, अनिलकुमार सिंह, विजयकुमार साह र मनिल बस्नेतसमेतले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।९।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामु शर्मा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल साउन १७ गते रोज ५ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७०-CR-००२४, लागु औषध खैरो हिरोइन, *राजकुमार बरही वि. नेपाल सरकार*

प्रतिवादीबाट २२० ग्राम लागु औषध फेला परेको देखिन्छ । आफूसँग फेला परेको होइन भन्ने कुरालाई प्रमाण ऐन, २०३१ को दफा २७ र २८ तथा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ अनुसार प्रतिवादीले प्रमाणित गराउन सकेको देखिएन। बरामदी लागु औषध प्रतिवादीको साथबाट बरामद भएको देखिएको र मात्रा परिमाणसमेतलाई हेर्दा प्रतिवादीले अभियोग दाबीअनुसारको कसुर गरेका होइनन् भनी भन्न सकिने अवस्था देखिन नआउने।

प्रतिवादीले कल डिटेल र एस.एम.एस. नझिकाई फैसला भएको भन्ने पुनरावेदन जिकिर

लिएको देखिए तापनि निजले सुरू अदालतमा सोसम्बन्धी प्रमाण बुझिपाउँ भन्ने जिकिर लिन सकेको देखिँदैन । प्रतिवादीले अनुसन्धान पूर्वाग्राही भएको भन्ने जिकिर लिएको देखिए पनि निजलाई प्रहरी कर्मचारीहरूले फसाउनुपर्ने कुनै कारण उल्लेख गर्न सकेको देखिएन । बरामदी मुचुल्का, प्रतिवादीको मौकाको बयान तथा प्रतिवेदकहरूको बकपत्रसमेतबाट यी प्रतिवादी आरोपित कसुरमा निर्दोष रहेको देखिन नआउने ।

प्रतिवादीले पोल गरेका अन्य व्यक्तिहरूलाई प्रहरीले पक्राउ गरी मुद्दा चलाउन सकेको नदेखिएको अवस्था र वारदातको प्रकृति तथा तत्कालीन परिस्थिति एवम् प्रतिवादीबाट बरामद भएको लागु औषधको मात्रासमेतलाई दृष्टिगत गर्दा र प्रतिवादीको हैसियतसमेतलाई विचार गर्दा निजलाई तोकिएको जरिवाना बढी देखिन आएकोले जरिवानासम्मको हकमा कानूनले तोकेको हदमा रही तजबिजी जरिवाना केही कम गर्नु न्यायोचित हुने देखिन आउने ।

तसर्थ, पुनरावेदन अदालत पाटनबाट प्रतिवादी राजकुमार बरहीलाई अभियोग दाबीबमोजिम १७ (सत्र) वर्ष कैद सजाय गरेको हदसम्मको मिति २०६९।०९।१७ को फैसला मिलेकै देखिँदा सदर हुने र जरिवानाको हकमा केही उल्टी भई निज प्रतिवादीलाई रू.१२,००,०००।- (बाह्र लाख) जरिवाना हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल फागुन १२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०१९८, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. विष्णु थापासमेत*

जाहेरवालाहरूले बकपत्र गर्दा प्रतिवादी शान्ता थापाले विदेश पठाउन आफूहरूसँग रकम लिएको भनी प्रस्टरूपमा किटान गरी बकपत्र गर्न सकेको देखिँदैन । निज शान्ता थापाले लिखतमा साक्षीसम्म बसेको हो, जाहेरवालाहरूबाट रकम लिएको होइन भनी बकपत्र गरेको देखिन्छ । निजका साक्षीहरूले निजको निर्दोषिता पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ । जाहेरवालाको तर्फबाट लिखत कागज गरिलिने व्यक्ति धनराज थापाले बकपत्र गर्दा जाहेरवालाहरूले विष्णु थापालाई रकम दिएको भनी लेखाएको देखिन्छ तर प्रतिवादी शान्ता थापालाई रकम दिएको हो भनी भन्न सकेको अवस्था छैन । यस अवस्थामा निज प्रतिवादी शान्ता थापालाई प्रतिवादी विष्णु थापाको श्रीमती भएको कारणले मात्र कसुरदार ठहर गर्न मिल्ने देखिएन । निजलाई आरोपित कसुरबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिने ।

अतः प्रतिवादी विष्णु थापालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार २(दुई) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना हुने, जाहेरवालाहरू देवानन्द बराल र खिमबहादुर थापाले जनही रू.६,३३,०००।- (छ लाख तेत्तीस हजार) र सोको ५०% ले हुने हर्जानासमेत प्रतिवादी विष्णु थापाबाट भरी पाउने तथा अन्य प्रतिवादी शान्ता थापासमेतले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०७०।४।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०७१-CR-०९९५, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. बाबुराम भुजेल*

जाहेरवाला पीडितलाई के कस्तो चोटपटक लागेको हो भन्ने सम्बन्धमा हेर्दा निजलाई खुट्टामा गोलीगाँठाको छेउमा चोट लागेको देखिन्छ भने मिसिल संलग्न पीडितको घाउ जाँच केस फाराममा प्रयोग भएको हतियारमा Sharp force weapon (Knife), पीडितको अवस्थामा Stable र मर्ने वा नमर्नेमा Not fatal at the time of examination भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । जसबाट पीडितलाई ज्यान नै जान सक्ने गरी संवेदनशील अङ्गमा गम्भीर चोटपटक लागेको देखिँदैन । त्यसैगरी प्रस्तुत मुद्दाको वारदातमा वारदात घटिरहेको अवस्थामा तेस्रो पक्षको उपस्थिति वा व्यवधानबाट पीडितको ज्यान बच्न गएको अवस्था रहेको देखिँदैन । यद्यपि जाहेरवालालाई चक्कु प्रहार गरेको कुरालाई प्रतिवादीले मौकामा तथा अदालतमा स्वीकार गरेको तथा जाहेरवालाको खुट्टामा चोट लागेकोसमेत अवस्था देखिँदा प्रतिवादीले जाहेरवालालाई कुटपिटसम्म गरेको देखिने ।

पीडितको ज्यान नै जान सक्ने गरी गम्भीर प्रकृतिको चोट नलागेको, निजको ज्यान नै लिनुपर्नेसम्मको मनसाय तथा तयारी प्रतिवादीको भएको नदेखिएको तथा वारदात हुँदाको समयमा तेस्रो पक्षको उपस्थिति वा व्यवधानबाट पीडितको ज्यान बच्न गएको अवस्थासमेत नदेखिएबाट प्रस्तुत मुद्दामा ज्यान मार्ने उद्योगको कसुर स्थापित हुन नसकि प्रतिवादीले पीडितलाई कुटपिटसम्म गरेको देखिँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत गरी जाहेरवालाले ऐनको म्यादभित्र सकार गर्न आएमा पक्ष कायम गरी दायरीमा दर्ता गरी दिनु भनी सुरू उदयपुर जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत राजविराजले गरेको मिति २०७०।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल कात्तिक ५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री अनिलकुमार सिन्हा**, ०६७-CR-०२०३, लागु औषध, *नेपाल सरकार वि. नवराज नेपालीसमेत*

बरामदित लागु औषधको मात्रा हेर्दा ४९ थान निषेधित इन्जेक्सन देखिन्छ । कुनै खरिदकर्ता वा अन्य कसैले यी प्रतिवादीले बिक्री वितरणको प्रयोजनको लागि खरिद गरी सञ्चय गरेको भनी प्रमाण गुजार्न सकेको देखिँदैन । प्रतिवादी नवराज नेपालीबाट बरामदित लागु औषध निजले सेवन गर्ने प्रयोजनको लागि खरिद गरेको भनी अदालतसमक्ष बकपत्र गरेको कुनै खरिद कर्ता वादीले देखाउन नसकेको कोठाबाट पनि केही प्रमाण फेला नपरेको एक्लै पक्राउ परेको तथा बरामदित लागु औषधको मात्रासमेतको विश्लेषणबाट समेत सो लागु औषध निजले सेवनसम्म गर्न खरिद गरेको पुष्टि भए पनि उक्त मात्रा बिक्री वितरणको लागि खरिद गरेको मान्न नमिल्ने हुँदा प्रतिवादी नवराज नेपालीलाई लागु औषध सेवनको कसुरमा सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिने ।

अर्का प्रतिवादी प्रविन राजचलको हकमा विचार गर्दा, प्रतिवादी नवराज नेपालीले यी

प्रतिवादीउपर लागु औषध सेवन गर्ने गरेको भनी पोल गरेको आधारमा निजलाई प्रतिवादी कायम गरी प्रस्तुत मुद्दा दायर भएको देखिन्छ । निज प्रतिवादीबाट कुनै लागु औषध बरामद भएको पाइँदैन । निजले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा इन्कार रही गरेको बयानलाई समर्थन हुने गरी अदालतसमक्ष बकपत्र गरिदिएको पाइन्छ । यी दुई प्रतिवादीबीच तत्काल कुनै सम्पर्क भएको वा पूर्व कारोबार भएको भन्ने जस्ता अवस्थालाई प्रमाणित गर्ने तथ्ययुक्त प्रमाण वादी पक्षले गुजार्न सकेको देखिँदैन । यसरी वादी पक्षले निर्विवाद प्रमाणद्वारा यी प्रतिवादीउपरको अभियोग दाबी प्रमाणित गर्न नसकेको अवस्थामा वस्तुनिष्ठ प्रमाणको अभावमा सहअभियुक्तको पोलको मात्र आधारमा प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्दैन । यसर्थ, प्रमाणको अभावमा प्रतिवादी प्रविन राजचललाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म समेत मनासिब देखिने ।

तसर्थ, लागु औषध बरामद गरिएको प्रतिवादी नवराज नेपालीले उक्त लागु औषध सेवन गरेकोमा स्वीकार गरी अनुसन्धानको क्रममा र अदालतसमक्ष समेत बकपत्र गरिदिएको तथा निजबाट बरामदित लागु औषधको मात्राको विश्लेषणसमेतबाट निजलाई लागु औषध बिक्री वितरणको कसुरमा ठहर हुनसक्ने नदेखिएको तथा अर्का प्रतिवादी प्रविन राजचलउपरको अभियोग दाबी प्रमाणद्वारा पुष्टि हुन नसकेको आधारमा प्रतिवादी नवराज नेपालीलाई लागु औषध सेवनको कसुरमा सजाय गरी प्रतिवादी प्रविन राजचललाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।१०।१९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७३ साल मङ्सिर ७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री अनिलकुमार सिन्हा**, ०७०-WO-०६५१, उत्प्रेषण, *पदमबहादुर खत्री वि. निजामती किताबखाना हरिहरभवन, पुल्चोकसमेत*

निवेदकले आफ्नो निवेदन जिकिरमा उल्लेख गरेको मिति २०७०।४।१० देखि मिति २०७० साल पुस मसान्तसम्म बढी उपयोग गरेको तलब, भत्ता कर्मचारी सञ्चयकोष, बीमा, थप चाडपर्वबापतको रू.१,३५,७३१।९४ (अक्षेरूपी एक लाख पैंतीस हजार सात सय एकतीस रूपैयाँ चौरानब्बे पैसा) कट्टा भएपछि मात्र निवृत्तिभरण पाउने गरी तयार गरिएको निवृत्तिभरणको अधिकारपत्रलाई निवेदकले आफ्नो प्रतिकूलतामा पनि स्वीकार गरी ग्रहण गरिसकेको देखिएको तथा यसै प्रकृतिको विवादमा (०६८-WO-०७८८, आदेश मिति २०७१।९।१ मा) निवेदक आफैँले भरेको सिटरोल फाराममा उल्लिखित जन्ममितिको आधारमा निजामती किताबखानाले अवकाश पत्र निवेदकलाई प्रेषित गरेको र सो पत्रलाई व्यवहारतः स्वीकार गरी पेन्सनपट्टा बनाइसकेको अवस्थामा रिट जारी नहुने भनी सिद्धान्त प्रतिपादन भएको हुँदासमेत हाल निवेदकको प्रस्तुत रिट निवेदनमा उल्लेख गरिएबमोजिम रिट जारी हुन सक्ने अवस्था नदेखिने ।

तसर्थ विपक्षी निजामती किताबखानाले निवेदकलाई उक्त अवकास हुने अवधिपश्चात्को निवेदकले प्राप्त गरेको उक्त सेवा सुविधाबापतको रकम कट्टा हुने गरी प्रेषित गरेको सो पत्रलाई व्यवहारतः स्वीकार गरी निवेदकले पेन्सनपट्टा बनाइसकेको यस अवस्थामा निवेदन जिकिरबमोजिम आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शुरथप्रसाद तिमल्सेना

इति संवत् २०७४ साल जेठ ३० गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७३-RC-०१५३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रोजन राई*

मृतक र प्रतिवादी सहोदर दाजु बहिनीका नाताका रहेको र प्रतिवादीको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा वर्ष १६ को मात्र देखिई मृतकले बहिनीसँग मोबाइल माग्दा नदिएको रिसको कारण निजलाई दाउराले हिर्काई मरेको र सोबाहेक अन्य मार्नुपर्ने कारणसमेत रहे भएको नपाइएको भनी बयान गरेको देखिन्छ। परिवारप्रतिको वितृष्णा भई मानसिक रूपमा परिवारप्रति आवेगको अवस्था सिर्जना भएका कारण ज्यान मर्न गएको परिस्थितिसमेतलाई दृष्टिगत गरी हेर्दा प्रतिवादी रोजन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद चर्को हुने चित्तले देखेको अवस्था हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निजलाई ८ (आठ) वर्ष मात्र कैद सजाय गर्ने गरी उच्च अदालत, विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट व्यक्त भएको राय मनासिब नै देखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी रोजन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई अ.ब.१८८ नं. बमोजिम निजलाई आठ वर्ष कैद सजाय गर्ने राय व्यक्त गरी उच्च अदालत, विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७३।९।१९ को रायसहितको फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७१-CI-१०११, क्षतिपूर्ति भराई जग्गा यथावत् कायम गराई पाऊँ, *सुवासचन्द्र संघई वि. सानिमा माई हाइड्रोपावर लिमिटेड, के.का. नक्साल काठमाडौं*

जग्गाको क्षतिपूर्ति भराई नदिएको र क्षतिपूर्तिको रकम दाबीभन्दा कम भराई दिएको भन्ने वादीको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादी सानिमा माई हाइड्रोपावर लिमिटेडले हाइड्रोपावरको ड्यामलगायतको संरचना निर्माण गर्दा पुनरावेदक वादीलाई क्षति पुगेको भन्ने सम्बन्धमा दुवै पक्षको तर्फबाट क्षतिको विवरणसहित रकम उल्लेख गरी प्रतिवेदन पेस गरेको पाइयो । पुनरावेदक वादीको तर्फबाट पेस भएको प्रतिवेदनमा लागत, खर्च, चियाका बुटा र खुद मुनाफासमेतको विवेचना गरी न्यूनतम रू.३,७८,०००।- र अधिकतम रू.८,९२,८००।- क्षति रकम निर्धारण गरेको र प्रतिवादी पक्षबाट पेस भएको प्रतिवेदनमा अर्थोडक्स चियाको लागि न्यूनतम रू.३,८४,५५६।- र अधिकतम रू.८,३२,७००।- तथा सि.टि.सि. चियाको लागि न्यूनतम् रू.२,६७,९७८।- र अधिकतम् रू.४,९२,०५०।- निर्धारण गरेको पाइन्छ। दुवै पक्षबाट क्षतिपूर्तिको सम्बन्धमा अध्ययन गरी पेस भएको प्रतिवेदनलाई आधार लिई पुनरावेदन अदालतबाट क्षतिपूर्ति रकम निर्धारण गरेको देखियो। जग्गाको छुट्टै क्षतिपूर्तिको दाबी रहे पनि सोही जग्गामा रहेका चियाका बुटाको क्षतिपूर्ति दिई सकिएको अवस्थामा पुनः जग्गाको छुट्टै क्षतिपूर्ति पाउँ भन्ने वादीको पुनरावेदन जिकिर न्यायोचित नदेखिने।

जहाँसम्म मुद्दा गर्दा लागेको कानून व्यवसायीको खर्च भराई पाउनु पर्ने भन्ने पुनरावेदन

जिकिर छ मुद्दा पर्दाको अवस्थामा जसको कारणबाट मुद्दा गर्नुपर्ने कारण उत्पन्न हुन्छ सोही पक्षले अर्को पक्षलाई कानून व्यवसायी राख्दा भएको खर्चसमेत भराई दिनु पर्ने भनी कुनै पनि कानूनले व्यवस्था नगरेको अवस्थामा कानूनमा व्यवस्था नै नभएको विषयमा विवेचना गरी रहन पर्ने नदेखिने।

अतः उल्लिखित तथ्य एवम् प्रमाणको आधारमा वादी चिया विकास निगमले प्रतिवादीबाट रू.४,७५,०००।- (चार लाख पचहत्तर हजार रूपैयाँ) क्षतिपूर्ति भराई लिन पाउने ठहर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७१।३।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

- यसै लगाउको ०७०-CI-०३०३, निषेधाज्ञा / परमादेश, *सुवासचन्द्र संघई वि. सानिमा माई हाइड्रोपावर लिमिटेड, के.का. नक्साल काठमाडौंसमेत* भएको मुद्दा पनि यसै साथ रहेको छ।

## इजलास नं. ६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६८-WO-०७७१, उत्प्रेषण, *बुद्धिराम थारू वि. भूमिसुधार कार्यालय, बर्दिया गुलरियासमेत*

रिट निवेदकले आफ्नो बुबाको मृत्युपश्चात् कि.नं. १०९।३५५ ज.वि. १-०-० को जग्गा जोतकोड, आवाद नगरी जग्गाधनीलाई बालीसमेत नबुझाएको र उक्त जग्गाको मोही जिउधन थारूको मृत्युपश्चात् सो ठाउँ छाडी अन्यत्र गाउमा गई बसेको तथा मोहीको लगत कट्टा हुने भनी भूमिसुधार कार्यालयबाट मिति २०५१।३।१ मा भएको निर्णयको १८ वर्षसम्म सो सम्बन्धमा कुनै खोजखबर नगरी चुप लागी बसेको देखिँदा कानूनी हक अधिकारमा आघात पुगेका पीडितले उचित समयमा सम्बन्धित निकायमा उजुरबाजुर गरी आफ्नो हक अधिकारको खोजी गर्नुपर्छ । आफ्नो हक अधिकारको हनन् भएको अवस्थामा अनुचित ढिलाई गरेर बस्नेलाई अदालतले समेत सहयोग गर्न नसक्ने भनी यसै अदालतबाट थुप्रै मुद्दामा कानूनी सिद्धान्तसमेत प्रतिपादन भएको अवस्थामा भूमिसुधार कार्यालयबाट मिति २०५१।३।१ मा भएको निर्णय बदर हुन सक्ने अवस्था नदेखिने।

अतः उल्लिखित विवेचित आधार र प्रमाण एवम् यसै लगाउको यिनै निवेदक र विपक्षीहरू समेत भएको ०६८-WO-०७६७ समेतका उत्प्रेषणको रिट निवेदनमा आजै आदेश हुँदा लिइएका विवेचित आधार, प्रमाणसमेतबाट मोहीको लगत कट्टा हुने भनी भूमिसुधार कार्यालय, बर्दियाबाट मिति २०५१।३।१ मा भएको निर्णय मिलेकै देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-WO-०७७२, उत्प्रेषण, *बुद्धिराम थारू वि. भूमिसुधार कार्यालय, बर्दिया गुलरियासमेत*
- ०६८-WO-०७७०, उत्प्रेषण, *बुद्धिराम थारू वि. भूमिसुधार कार्यालय, बर्दिया गुलरियासमेत*
- ०६८-WO-०७६९, उत्प्रेषण, *बुद्धिराम*

*थारू वि. भूमिसुधार कार्यालय, बर्दिया गुलरियासमेत*

- ०६८-WO-०७६८, उत्प्रेषण, *बुद्धिराम थारू वि. भूमिसुधार कार्यालय, बर्दिया गुलरियासमेत*
- ०६८-WO-०७६७, उत्प्रेषण, *बुद्धिराम थारू वि. भूमिसुधार कार्यालय, बर्दिया गुलरियासमेत*

## इजलास नं. ७

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०३१५, जबरजस्ती करणी, *नेपाल सरकार वि. सुबोध शाह*

पीडितले आफूलाई जबरजस्ती करणी गर्ने व्यक्ति मौकामा चिनेको भन्ने देखिँदैन। अभियोगपत्रमा उल्लेख भएको पीडितको उमेर र निजले अदालतमा बकपत्र गर्दा खुलाएको आफ्नो उमेरमा विवाद देखिएको छ। आफ्नो इच्छा विरूद्ध कसैले जबरजस्ती करणी गर्न खोज्दछ भने सो अवस्थामा पीडित र पीडकका बीच संघर्ष हुनु स्वाभाविक हुन्छ। प्रस्तुत वारदातमा त्यसरी जबरजस्ती करणी हुँदा हुने स्वाभाविक संघर्षका कुनै पनि चिह्न संकेत पीडितको शरीरमा रहे भएको भन्ने तथ्य पीडितको शारीरिक परीक्षणबाट देखिएको छैन। यस्तो अवस्थामा पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने अवस्थाको पुष्टि भएको नदेखिने।

पीडितको उमेरको सम्बन्धमा हेर्दा निजको उमेर १४ वर्ष भनी जाहेरी दरखास्त र अभियोगपत्रमा उल्लेख गरे तापनि सेती अञ्चल अस्पतालको उल्लिखित पत्र तथा पीडितले अदालतमा बकपत्र गर्दा आफ्नो उमेर १६ वर्ष उमेर उल्लेख गरेकोसमेतबाट पीडितको भनाइमा निश्चितता रहेको देखिँदैन। यस्तो अवस्थामा निजको उमेर तथा यी प्रतिवादीले दाबीको कसुर गरेको भन्ने शङ्कारहित तवरले दाबी पुष्टि गर्ने प्रमाणको भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादी सुवोध शाहले कसुर गरेको कुरा वस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्न सकेको नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणहरूबाट जबरजस्ती करणीको १ नं. को कसुरमा सोही महलको दफा ३(३) नं. बमोजिम ६ वर्ष कैद र सोही महलको १० र १०(ग) नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.२०,०००।– क्षतिपूर्ति पाउने ठहऱ्याई कैलाली जिल्ला अदालतबाट मिति २०७१।९।१ मा भएको फैसला उल्टी गरी आरोपित कसुरबाट प्रतिवादी सुवोध शाहले सफाइ पाउने ठहराई पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल साउन २३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१५१९, ठगी, *नेपाल सरकार वि. मथुरादेवी धानुकसमेत*

जाहेरवाला र प्रतिवादीबीच यार्सागुम्बा खरिद बिक्रीको व्यापारिक कारोबारमा कम परिमाणको सामान दिएको भन्ने जाहेरवालाको भनाई रहेको र जाहेरवालाले भने भन्दा अधिक परिमाणको यार्सागुम्बा दिएको भन्ने प्रतिवादीको जिकिर रहेको देखिन्छ। यस्तो व्यापारिक कारोबारको विषयलाई मुलुकी ऐन, ठगीको महलको १ नं. को परिभाषाभित्र पर्छ भनी भन्न मिल्ने नदेखिने।

प्रतिवादी गोविन्दबहादुर धानुकले मिति

२०६९।५।४ मा २५ दिनसम्म मोहन मिश्रलाई खोजतलास गर्ने र निज फेला नपरे बाँकी रहेको रकम रू. ७० लाख ५० हजार आफूले दिनेछु, दिन नसके आफ्नो जाय जेथा घरघरानाबाट असुलउपर गर्न मन्जुरी छ भनी कागज गरी सहीछाप गरी दिएको देखिन्छ । यसरी ठगी गरेको भनिएको रकम पक्री रकम बुझाउने भाखा दिई कागज गरेकोले ठगी गर्ने भनिएका गोविन्दबहादुर धानुक असामी र जाहेरवाला फुर्वा छिरिङ तामाङ साहु भएकोले सो पक्रिएको रकम सद्दे साँचो ठहरे लेनदेन व्यवहारबमोजिम नै हुने देखिन आयो । यस्तो स्थितिमा जाहेरवालालाई यी प्रतिवादीहरूले ललाई फकाई गफलतमा पारी सहमति गराएको भन्ने देखिँदैन । यसरी वारदात नै ठगीको नदेखिएको अवस्थामा ठगीको वारदात ठहर गर्न मिल्ने देखिँदैन । यस्तो व्यापारिक कारोबारको रकम ठगीको परिभाषाभित्र पर्ने नदेखिई लेनदेनको विषय देखिँदा प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम जाहेरवालालाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी प्रस्तुत मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम कारबाही किनारा गर्नुपर्ने देखिन आउने ।

तसर्थ सुरूले प्रतिवादी गोविन्दबहादुर धानुकलाई दोषी ठहर गरी सजाय गर्ने र अन्य प्रतिवादीहरू मथुरादेवी धानुक, विनोद धामी र मोहनराज मिश्रलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको फैसला उल्टी भई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ ले सरोकारवाला जाहेरवालाले दुनियाँवादी देवानी मुद्दाको रूपमा कारबाही चलाउन स्वीकार गरे यसै मुद्दाको मिसिलबाट जो जे बुझ्नुपर्ने बुझी कारबाही किनारा गर्नुहोला भनी सुरू दार्चुला जिल्ला अदालतमा पठाइदिने ठहऱ्याई पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७२।४।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल साउन २३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१४९८, लागु औषध (डाइजेपामसमेत), *नेपाल सरकार वि. कुनाल नेपाली (दमाई)*

बरामदी लागु औषध भनिएकोमध्ये फेनारगन प्रतिबन्धित लागु औषध रहेको भन्ने देखिँदैन । प्रतिवादीका साथबाट बरामद भएको लागु औषधको परिमाणलाई हेर्दा ठूलो अधिक परिमाणको भन्न मिल्ने देखिँदैन । बरामदी लागु औषधका सम्बन्धमा प्रतिवादीको ठूलो आपराधिक सञ्जालसँग संलग्नता रहेको पनि देखिँदैन । यसभन्दा अगाडि यस्तै प्रकृतिका आपराधिक कार्यमा यी प्रतिवादीको संलग्नता रहे भएको पनि मिसिलबाट देखिएन । प्रतिवादीबाट बरामद भएको लागु औषध कोही कसैलाई बिक्री गर्न लागेको अवस्थामा प्रतिवादी पक्राउ परेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आएन। प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा आफ्नो पनि सेवन गर्ने बानी भएको हुँदा विकु देउलासमक्ष लागु औषध पुऱ्याएबापत सेवन गर्न पाउने भएकाले लागु औषध बोकी ल्याएको भन्ने बेहोरा उल्लेख गरेको देखियो । अदालतसमक्ष प्रतिवादीले गरेको बयानमा आफूले सेवन गर्न ल्याएको भनी बिक्री वितरणको कसुरमा इन्कार रही बयान गरेको देखियो । प्रस्तुत मुद्दामा लागु औषधको बिक्री वितरणको कार्य प्रतिवादीबाट भएको मिसिल संलग्न कागजातबाट पुष्टि भएको नपाइने ।

तसर्थ उपर्युक्त विवेचित आधार, कारण,

प्रमाणबाट प्रतिवादी कुनाल नेपाली दमाईले लागु औषध बिक्री वितरणको कारोबारको कसुर गरेको तथ्य मिसिल संलग्न कागजातबाट स्थापित भएको नदेखिएको र लागु औषध सेवनको कसुरसम्म भए गरेको अवस्था मिसिलबाट देखिन आएको हुँदा बरामद भएको लागु औषधको मात्रा एवम् वारदातको प्रकृतिसमेतबाट प्रतिवादीलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) को देहाय (ज) अनुसार सेवनसम्मको कसुरदार ठहर गरी निज प्रतिवादी कुनाल नेपाली दमाईलाई २(दुई) महिना कैद र रू.२०००- (दुई हजार) जरिवानाको सजाय गरी लागु औषध बिक्री वितरणतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः लोकबहादुर हमाल

कम्प्युटरः मिनु शाही

इति संवत् २०७३ साल जेठ १ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०६१३, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. रमेशकुमार यादव*

प्रतिवादीले अदालतमा बयान गर्दा लागु औषध आफूबाट बरामद नभएको, आफू सेवनकर्तासम्म भएको र मौकाको बयान आफ्नो स्वइच्छाको नभएको भनी बयान गरे तापनि उक्त बयान बेहोरालाई वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गर्न गराउन सकेको देखिएन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले आफ्नो साथमा रहेको लागु औषध कानूनी अख्तियारी प्राप्त गरी राखेको प्रमाणित गर्ने भार प्रतिवादीमाथि राखेको सन्दर्भमा प्रत्यर्थी प्रतिवादीले उक्त दफा १२ बमोजिमको प्रमाण पुऱ्याउने भार पूरा गर्न सकेको पनि देखिएन। अतएव: प्रत्यर्थी प्रतिवादी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) र (च) बमोजिमको कसुर कायम गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मनासिब देखिन आउने।

पुनरावेदन अदालत हेटौंडाले प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (ङ) र (च) को कसुर कायम गरी सोही ऐनको दफा १४(१)(छ) (१) बमोजिम ५ वर्ष कैद र रू.५००० जरिवाना गरेतर्फ वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिएन । जहाँसम्म सोही ऐनको दफा १४(१)(ज) र (झ) को विषयमा केही नबोलिएको भन्ने सम्बन्धमा हेर्दा प्रत्यर्थी प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाण र कसुरको मात्रासमेतलाई विचार गरी ऐनको दफा ४ (ङ) र (च) को कसुर कायम गरी ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५०००।- जरिवाना हुने गरी ठूलो हदको सजाय भइसकेपछि सोही ऐनको दफा १४(१)(ज) र (झ) बमोजिमको पनि सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार प्रमाणबाट प्रत्यर्थी प्रतिवादी रमेशकुमार यादवलाई सुरू जिल्ला अदालतले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ ४(छ) बमोजिम सेवनतर्फको कसुर कायम गरी सोही ऐनको दफा १४(१)(ङ) बमोजिम ४ महिना १५ दिन कैद गरेको फैसला केही उल्टी गरी प्रत्यर्थी प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) र (च) बमोजिमको कसुर कायम गरी सोही ऐनको दफा १४(१)(छ) (१) बमोजिम ५ वर्ष कैद र रू.५०००।- जरिवाना हुने गरी पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।०५।१५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल

इति संवत् २०७४ साल जेठ १ गते रोज २ मा शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७२-WO-०६३०, उत्प्रेषण / परमादेश, *लक्की शर्मा वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकको निवेदन लेखबाट निजका बाबु रामलाल शर्माले आफ्ना बाबु आमाको सानो उमेरमा नै स्वर्गारोहण भएको कारणले नागरिकता प्राप्त गर्न नसक्नु भएको भनी उल्लेख गरेबाट अन्यथा प्रमाणित नभएसम्म निवेदकका बाबुले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेकै आधारमा निज नेपाली नागरिक होइनन् भनी अनुमान गर्न मिल्ने नदेखिने ।

निवेदकको जन्ममिति २०४८।४।२८ मा भएको भन्ने देखिएको र निजकी आमा इन्दुकुमारी थापाले मिति २०३९।९।२३ मा नै ना.प्र.नं.८११३-२९१६ को नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेको देखिएबाट यी निवेदकले वंशजको नाताले आमाको नागरिकताको आधारमा मिति ०७१-१२-०३ मा प्राप्त गरेको ना.प्र.नं.३१-७१-११२५९ को नेपाली नागरिकताको प्रमाणपत्र संविधान र कानूनअनुकूल नै रहेको देखिने ।

अत: निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, हेटौंडा मकवानपुरको मिति २०७१।१२।८ को निर्णयबाट निवेदकलाई रोजगारी, पहिचान र राष्ट्रियता एवम् जीवनको अधिकारसँग अन्तरसम्बन्धित आधारभूत अधिकारबाट वञ्चित गरेको र निवेदनमा उल्लेख भएबमोजिम निजको संविधान र कानूनप्रदत्त हकमा आघात पुगेको अवस्था देखिन आएकोले निवेदकका नामको नागरिकता प्रमाणपत्र रद्द गर्ने गरेको जिल्ला प्रशासन कार्यालय, मकवानपुरको मिति २०७१।१२।८ को निर्णय उत्प्रेषणको आदेश जारी भई बदर हुने ठहर्छ । साथै निवेदकका नाममा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नु भनी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, मकवानपुरका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७५ साल वैशाख ३१ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७२-CI-०७१८, परमादेश, *लक्की शर्मा वि. जिल्ला प्रशासन कार्यालय मकवानपुर हेटौंडासमेत* भएको मुद्दा पनि यसैसाथ रहेको छ ।

## इजलास नं. ८

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-१५३६, ०७१-CR-१५३७ र ०७१-CR-१५३८, ०७२-CR-०१४८ र ०७२-RC-०११८, कर्तव्य ज्यान, डाँका, *सुदिप भोम्जन तामाङ वि. नेपाल सरकार, पासाङ स्याङ्वो वि. नेपाल सरकार, सानुकान्छा दोङ तामाङसमेत वि. नेपाल सरकार, गोपाल दोङ तामाङ वि. नेपाल सरकार र नेपाल सरकार वि. राजु श्रेष्ठ*

प्रतिवादीहरूमध्येका राजु श्रेष्ठ, गोपाल दोङ तामाङ र मामा पदम भन्ने पासाङ स्याङ्वोले मृतकहरू चन्द्रमाया थापा र लक्ष्मी थापाको मुख थुनी, घाँटी कसी मारेको र अरू प्रतिवादीहरू सानुकान्छा दोङ, विष्णु तामाङ र संजीव लामाले मृतकहरूको हात खुट्टा समाई बाँधी भाग्न उम्कन नदिने कार्यमा जुटेका र प्रतिवादी सुके भन्ने सुदिप भोम्जनले मृतकहरूको घरबाहिर बसी मानिस हेरी रेकी गरी मृतकलाई मार्ने कार्यमा संयोग पारी वारदातस्थलमा उपस्थित भई

सहयोगसमेतका कार्य गरेको देखिन्छ। प्रतिवादीहरूले डाँका गरी रू.७,६६,६२७।- को धनमाल लगेको भनी अभियोग दाबी लिएको देखिए तापनि प्रतिवादीहरूबाट रू.२,४५,५३१।५० बराबरको धनमाल मात्र बरामद भएको देखिन्छ। मिसिल संलग्न कागज प्रमाणहरूबाट बरामद हुन नसकेको डाँका गरी लगिएको भनी अभियोग दाबी लिएको गहना र नगदका हकमा वादी पक्षले कुनै ठोस प्रमाण पेस गर्न सकेको देखिँदैन। प्रमाणको शून्यता रहेको अवस्थामा दाबी गरिएबमोजिमका बरामद हुन नसकेका गहना र नगदसमेत प्रतिवादीहरूले डाँका गरी लगेका हुन् भनी अनुमानको भरमा कसुर कायम गर्नु फौजदारी न्यायका मान्य सिद्धान्तसमेतको आधारमा समेत प्रतिकूल हुने देखिँदा बरामद भएको रू.२,४५,५३१।५० बराबरको धनमालसम्म डाँका गरी लगेको देखिने।

प्रतिवादीहरू उपरको किटानी जाहेरी, मृतकद्वयका शरीरका विभिन्न भागमा चोट रहेको भन्ने लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौका तथा अदालतसमक्षको प्रतिवादीहरूको साबिती बयान, उक्त साबितीलाई समर्थन हुने गरी मौकाको कागज गर्ने व्यक्तिहरूले गरेको बकपत्र तथा गहना र नगद रू.२,४५,५३१।५० समेत प्रतिवादीहरूबाट बरामद भएको भन्ने बरामदी मुचुल्कासमेतका मिसिल संलग्न प्रमाणहरूबाट देखिँदा प्रतिवादीहरूलाई राजु श्रेष्ठ, गोपाल तामाङ र मामा पदम भन्ने पासाङ स्याङ्वोलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम जनही सर्वस्वसहित जन्मकैद र मुलुकी ऐन, चोरीको महलको १४ (४) नं. अनुसार बरामद भएको बिगो रू.२,४५,५३१।५० को डेढी बढाई जनही रू. ३,६८,२९७।२५ जरिवाना र जनही ६ (छ) वर्ष कैद सजाय हुने, प्रतिवादीहरू सानुकान्छा दोङ तामाङ, विष्णु तामाङ र संजिव लामा दोङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (४) नं. बमोजिम जनही जन्मकैद र मुलुकी ऐन, चोरीको महलको १४ (४) नं. अनुसार बरामद भएको बिगो रू.२,४५,५३१।५० को डेढी बढाई जनही रू.३,६८,२९७।२५ जरिवाना र जनही ६ (छ) वर्ष कैद सजाय हुने, प्रतिवादी सुके भन्ने सुदिप भोम्जनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ (पाँच) वर्ष कैद र चोरीको महलको १४(४) नं. अनुसार बरामद भएको बिगो रू.२,४५,५३१।५० को डेढी बढाई जनही रू.३,६८,२९७।२५ जरिवाना र ६(छ) वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू फैसलालाइ सदर गर्ने गरी भएको पुनरावेदन अदालतबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा गर्नुपर्ने नदेखिँदा मिलेकै देखिन आउने।

मृतकद्वय लक्ष्मी थापा र चन्द्रमाया थापाको हत्या गरी डाँकासमेत गर्ने कार्यमा यी प्रतिवादी राजु श्रेष्ठ मुख्य योजनाकार रही संलग्न रहेको कुरा निर्विवादरूपमा पुष्टि भएको देखिँदा निजलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद गरी भएको पुनरावेदन अदालतको फैसलासमेत साधकको रोहमा मनासिब नै देखिने।

प्रतिवादीले माग गर्दैमा अ.बं. १८८ नं. बमोजिम सजाय घटाउन मिल्ने देखिँदैन । यो न्यायकर्ताले गर्ने विवेकी निर्णय हो। मुलुकी ऐन, अ.बं. १८८ नं. मा प्रतिवादीहरूलाई भएको सजाय चर्को पर्ने देखिएको चित्तमा लागेमा घटाउन सकिने भन्नेसम्म व्यवस्था रहेको देखिन्छ । यसरी चित्तमा लाग्दैमा आत्मनिष्ठ ढंगबाट कम सजाय गर्न पाइने भन्ने होइन। कम सजाय हुन वारदातको अवस्था, प्रतिवादीले दिएको बयान, अपराधको मात्रा र घटना भएको अवस्थालाई विचार गरी चर्को पर्न गएको मिसिल प्रमाणबाट पुष्ट्याइँ

भएको हुनुपर्ने।

वारदात हुँदाको अवस्था प्रतिवादीहरूले गरेको कार्य र अपराध हुँदाको स्थितिसमेतलाई हेर्दा प्रतिवादीहरूले योजनाबद्ध ढंगबाट सुतिरहेका आमा छोरीलाई कपडाले मुख थुनी हातखुट्टा बाँध्ने र समात्ने कार्य गरी विभत्स तरिकाबाट हत्या गरेको देखिन्छ । यसरी यी प्रतिवादीहरूले मृतकलाई क्रूरतापूर्वक योजनावद्ध ढंगले कर्तव्य गरी मारेको हुँदा यस अवस्थामा अ.बं.१८८ नं. प्रयोग गरी सजायमा छुट हुनपर्ने भनी प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार कारण र प्रमाणहरूसमेतबाट सुरू मकवानपुर जिल्ला अदालतको मिति २०६९।१२।१९ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१२।३ मा भएको फैसला पुनरावेदन गर्ने प्रतिवादीहरूको हकमा पुनरावेदनको रोहमा र साधक जाहेर भएका प्रतिवादीको हकमा साधकको रोहमा समेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-०६२१, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. वीरबहादुर कामी*

प्रतिवादीले आर्थिक स्थिति कमजोर रहेकी पीडित यी जाहेरवालीलाई प्रलोभनमा पारी धादिङ जाउँ भनी भारततिर लगी बेचबिखन गर्ने उद्देश्यले कञ्चनपुरको बेलौरी पुऱ्याएको भन्ने कुरा पीडितको जाहेरी, मौकाको पीडितको बयान, स्वयम् प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबितीबाट देखिने।

बेलौरीका भवानीप्रसाद श्रेष्ठले पीडितले उनको पसलमा चिसो खरिद गर्दा अङ्कल यो धादिङ बजार हो भनी मलाई सोधेकीले शंका लागी आफूले प्रहरीलाई खबर गरेको भनी मौकामा कागज लेखाइदिएका छन् । पीडितले अदालतमा बकपत्र गर्दा जाहेरी तथा मौकाको बयानलाई थप पुष्टि गरेकी छिन् । प्रतिवादी वीरबहादुर कामीले यी जाहेरवालीसँग बेलौरीसम्म पुगेको कुरा मौकामा तथा अदालतको बयानमा स्वीकार गरेकै छन् । आफूले बेचबिखन गर्ने उद्देश्यले जाहेरवालीलाई नलगेको भन्ने तर्कलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ९ बमोजिम आफू कसुर गरेको कुरामा निर्दोषिताको प्रमाणको भार यी प्रतिवादीले पुऱ्याउन सकेको नदेखिने।

माथि विवेचित तथ्य आधार र कारणहरूसमेतबाट यी प्रतिवादीले पीडित जाहेरवालीलाई बेचबिखनको उद्देश्यले काठमाडौंदेखि कञ्चनपुरको बेलौरीसम्म पुऱ्याएको पुष्टि भएको छ । प्रतिवादीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५ को १(ङ)(२) बमोजिम देखिई सुरू जिल्ला अदालतले प्रतिवादीलाई कैद वर्ष १० र रू.५०,०००।- जरिवाना गर्ने गरेको फैसला केही उल्टी गरी पीडित १५ वर्षकी बालिका हुँदा प्रतिवादीलाई कैद वर्ष १० र जरिवाना १,००,०००।- हुने ठहर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

प्रतिवादीले पीडित जाहेरवालीलाई बेचबिखनको निमित्त नेपालबाहिर पुऱ्याएको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट नदेखिएबाट उल्लिखित ऐनको दफा १५(१)(ङ)(१) को दाबी तथा जिकिरसँग सहमत हुन सकिएन । पुनरावेदनपत्रमा

लिएको क्षतिपूर्तिको जिकिर सम्बन्धमा विचार गर्दा प्रतिवादीको मृत्यु भइसकेको भन्ने मृत्युदर्ताको प्रमाण पेस भएको देखिन आएकोले अपराधीको मृत्युसँग अपराधको पनि मृत्यु हुने फौजदारी न्यायको सिद्धान्तअनुसार सो जिकिरको सम्बन्धमा पनि थप विवेचना गरिरहनु नपर्ने।

तसर्थ, प्रतिवादीलाई कसुरदार ठहर गर्नेगरी भएको सुरूको फैसला केही उल्टी गरी जरिवानासम्म थप हुने ठहर भई भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६९।३।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी वीरबहादुर कामीको मृत्यु भएको प्रमाण पेस भएको देखिँदा मुलुकी ऐन, दण्ड सजायको ३ नं. मा जरिवाना कैद वा विशौंद लागेको मानिस सो असुल नहुँदै मर्‍यो भने ऊ मरेपछि माफ हुन्छ भन्ने कानूनी व्यवस्थाअनुसार निजका नाउँमा रहेको कैद तथा जरिवानाको लगत कट्टा गरिदिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाउने।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल जेठ १७ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-००७३ र ०७१-CR-०३१९, जबरजस्ती करणी, *खलिल मियाँ वि. नेपाल सरकार र नेपाल सरकार वि. मोहम्मद इमरान मियाँसमेत*

प्रतिवादी मो.वकिल भन्ने मोहम्मद खलिल मियाँउपर किटानी जाहेरी परेको, यी प्रतिवादीले मौकामा आफूले पीडितलाई जबरजस्ती करणीको कसुर गरेकोमा साबित भई बयान गरेका, वारदातमा साथै रहेका अर्का प्रतिवादी इमरान मियाँले मौकामा बयान गर्दा यी प्रतिवादी खलिल मियाँले जाहेरवालीसँग केही गफ गर्नुछ भनी भान्साकोठामा गएका र धेरै समयसम्म बाहिर ननिस्केकोले आफू सो स्थानबाट घरतर्फ लागेको भनी लेखाइदिएका, जाहेरी बेहोरालाई पुष्टि हुने गरी पीडित जाहेरवालीले अदालतमा बकपत्र गरेकी, बुझिएका मानिसहरूले समेत यी प्रतिवादीउपरको अभियोगलाई पुष्टि हुनेगरी बकपत्र गरिदिएका, यी प्रतिवादीले अदालतको आफ्नो इन्कारी बयानलाई पुष्टि हुने गरी प्रमाण पेस गर्न नसकेको अवस्था हुँदा यी प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको पुष्टि हुनआएकोले यी प्रतिवादीलाई दोषी ठहर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी इमरान मियाँउपर किटानी जाहेरी परेको र जाहेरीलाई पुष्टि गर्ने गरी बकपत्र भएको देखिए तापनि यी प्रतिवादी घटना वारदात हुँदा १६ वर्षभन्दा कम उमेरको देखिनुका साथै आफूले कसुर गरेकोमा पूर्णरूपमा इन्कार रही मौकामा बयान गरेका, उक्त बयानमा आफू जाहेरवालीको भान्सा घरभित्र नपसी बाहिर बसेको, जाहेरवालीसँग गफ गर्छु भन्दै भित्र पसेका अर्का प्रतिवादी खलिल मियाँ धेरै बेरसम्म नआएकाले आफू घरतर्फ हिँडेको भनी लेखाइदिएका छन्। त्यसैगरी यी प्रतिवादी अदालतसमक्षको बयानमा समेत पूर्णरूपले कसुरमा इन्कार रही बयान गरेका छन्। यी प्रतिवादीले जाहेरवालीको घरमा जानुसम्मको तथ्य स्वीकार गर्दैमा वारदात घटाएको वा कसुर स्वीकार गरेको भन्न युक्तिसङ्गत हुँदैन । बच्चाले झुट बोल्न जान्दैन भन्ने हाम्रो मान्यताअनरूप पनि यी प्रतिवादी इमरान मियाँले कसुरमा पूर्णरूपले इन्कार रहेको कुरालाई प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ । तसर्थ यी प्रतिवादी इमरान मियाँलाई कसुर ठहर गरी भएको

सुरूको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादीमध्येका इमरान मियाँले अभियोग माग दाबीबमोजिमको आरोपित कसुरबाट सफाइ पाउने भएपछि प्रतिवादीमध्येका वकिल भन्ने खलिल मियाँको हकमा सम्म कसुर कायम भई ठहर भएको अवस्था हुँदा सामूहिक भन्ने अवस्थाको सिर्जना नै भएको नदेखिएपछि सामूहिक जबरजस्ती करणी ठहर गरी थप सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुग्न सक्ने अवस्था नदेखिने।

माथि विवेचित आधार प्रमाण र कारणहरूबाट समेत सुरूको फैसला केही उल्टी गरी प्रतिवादीमध्येका मोहम्मद खलिल मियाँलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(४) नं. को कसुरमा ६ वर्ष कैद सजाय र निज प्रतिवादीबाट पीडित जाहेरवालीले रू.२५,०००।- क्षतिपूर्ति भराई लिन पाउने र अर्का प्रतिवादी इरफान भन्ने इमरान मियाँले आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने ठहरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७०।११।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल जेठ १७ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CI-०९५५, लेनदेन, *हासीम हल्वाई वि. भोला पटहर*

प्रतिवादीले करकापमा पारी लेनदेनको कागज गराएको हो भनी जिकिर लिए तापनि सोतर्फ प्रतिवादीले कहीँकतै उजुर बाजुरसमेत गरेको देखिँदैन। प्रतिवादीका साक्षीले प्रतिवादीले रकम लिएको होइन भनी उल्लेख गरी प्रतिवादीको जिकिरलाई समर्थन गर्नेगरी गरेको बकपत्र प्रतिवादीले पेस गरेका अन्य प्रमाणकागजबाट पुष्टि हुन सकेको देखिँदैन । लिखतका साक्षीले अदालतसमक्ष गरेको बकपत्रमा रकम प्रतिवादीले लिएको हो भनी बकपत्र गरिदिएकोमा सो कुरालाई प्रतिवादीले कुनै वस्तुनिष्ठ प्रमाणद्वारा खण्डन गर्नसमेत सकेको देखिँदैन । प्रतिवादीले लिखतमा भएको आफ्नो सहीछापसम्मलाई स्वीकार गरेको देखिएको, फिराद पर्ने अवधिसम्ममा पनि करकापपूर्ण तरिकाबाट कागज भएको हो र लिखतका साक्षीले गरेको बकपत्रलाई झुट्ठा हो भनी कहिँकतै उजुरीसम्म गरेको नदेखिएको अवस्थामा केवल प्रतिवादीकै प्रतिवादका आधारमा मात्र वादी प्रतिवादीबीच भएको लेनदेनको कार्यलाई जालसाजीपूर्ण तरिकाबाट भएको हो भन्न मिल्नेसमेत नदेखिँदा पुनरावेदन अदालत नेपालगञ्जबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेकै देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार कारण र प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको सुरू बाँके जिल्ला अदालतको मिति २०७२।२।१९ को फैसला उल्टी गर्ने गरी पुनरावेदन अदालत नेपालगञ्जबाट भएको मिति २०७२।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मनिराम ज्ञवाली

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल असार २५ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-CI-१२७३, निखनाई दर्ता गरिपाऊँ, *लालप्रसाद यादव वि. चन्द्रदेव प्रसाद*

*यादवसमेत*

पुनरावेदक वादीले न.नं. ५ को नहरबाट सिँचाइ गर्न बाधा पर्ने भन्ने जिकिर लिएतर्फ विचार गर्दा निज वादीको साँधसम्म सो नहरबाट उत्तर पूर्वतर्फ न.नं. ३ को कुलो रहेको र सो कुलो परापूर्वकालदेखि रही आएको र हालसम्म यथावत् रहेको तथा यी पुनरावेदक वादीसमेतले सो कुलोबाटै सिँचाइसमेत गरिआएको भन्ने कुरामा विवाद देखिएको छैन। त्यस्तो साबिकदेखि चलिआएको कुलो बाँध बाटोजस्ता कुराहरू कसैले रोक्न नपाउने हुँदा प्रतिवादीले रोकी सिँचाइसमेतमा बाधा पुऱ्याएमा मुलुकी ऐन, जग्गा आवाद गर्नेको महलको १ नं. बमोजिम सोतर्फ दाबी लिन सक्ने नै देखिन्छ। साथै वादीको कि.नं. ३१२ को जग्गाको उत्तरपट्टि न.नं. ४ को गोरेटो बाटो देखिएसमेतबाट प्रतिवादीको कि.नं. ३१३ को जग्गा हुँदै मात्र वादीको आवत जावतको निकास वादीको कि.नं. ३१२ को जग्गादेखि पूर्वतर्फ मात्र सीमा जोडिएको भन्ने अवस्थासमेत देखिँदैन। तसर्थ, दाबीको कि.नं. ३१३ को जग्गा सन्धिसर्पनको जग्गा हो रहेछ भन्न मिल्ने देखिन नआउने।

तसर्थ, यी वादी प्रतिवादीहरू संधियार भएकोमा विवाद नभए पनि यी पुनरावेदक वादीको कि.नं. ३१२ को साँध जोडिएको दाबीको कि.नं. ३१३ को पूर्वतर्फ मात्र नहर रहेको भएपनि विवादित कि.नं. ३१३ को उत्तरमा न.नं. ३ को कुलो रहेको र उक्त कुलो यी पुनरावेदक वादीको कि.नं. ३१२ को जग्गासँग जोडिएको तथा सोको उत्तर न.नं. ४ को गोरेटो बाटो रहेको देखिएबाट पुनरावेदक वादीलाई कुलो र बाटोको निकाससमेत रहेको देखिएको हुँदा विवादित जग्गा निखनाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको सुरू बारा जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।१०।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हरिहर पौडेल

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल जेठ १८ गते रोज ५ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-११२६, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. सुमन श्रेष्ठसमेत*

प्रतिवादी राजकुमार भन्ने मंगलबहादुर तामाङबाट चोरीको उक्त को.३ प ६२६१ नं. को मोटरसाइकल नम्बर प्लेट परिर्वतन गरेको अवस्थामा बरामद भएको देखिन्छ। यी प्रतिवादीले मोटरसाइकल चोरी गरेकोमा होइन भनी चोरी गरेकोमा इन्कार रही मौका र अदालतमा बयान गरे तापनि सो कुरालाई यी प्रतिवादीले कुनै ठोस एवम् वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था नदेखिएबाट प्रमाण ऐन, २०३१ को दफा ७(क) अनुसार उक्त मोटरसाइकल निजले चोरी गरेको देखिन आयो । यसरी मिसिल संलग्न जाहेरी दरखास्त, बरामदी मुचुल्का, जाहेरवालाको सनाखत कागज, प्र.ह. राजेश्वर सापकोटाले गरेको बकपत्रसमेतका प्रमाणबाट प्रतिवादीहरूले मुलुकी ऐन, चोरीको महलको १ नं. बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आयो । यस्तो स्थितिमा निज प्रतिवादीलाई सोही महलको १२ नं. बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी यी प्रतिवादी मंगलबहादुर तामाङलाई मतियारसम्म कायम गरी चोरीको २० नं. बमोजिम सजाय गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।४ को

फैसला सो हदसम्म त्रूटिपूर्ण देखिन आउने।

बिगोको सम्बन्धमा हेर्दा, बजाज अटो लिमिटेडले चोरी भएको मोटरसाइकलको तत्कालको मूल्य भनी रू.१,४९,९००।- (अक्षरूपी एक लाख उनन्चास हजार नौ सय रूपैयाँ) खुली आएको देखिएको अवस्थामा हालको मूल्य कायम गरी बिगो कायम गर्न मनासिब नहुने हुँदा बिगो रू. १,४९,९००।- (अक्षरूपी एक लाख उनन्चास हजार नौ सय रूपैयाँ) कायम गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।४ को फैसला सो बिगोको सन्दर्भमा मिलेको देखिँदा चोरी भएको मोटरसाइकलको बिगो रू.१,६५,९००।- (अक्षरूपी एक लाख पैंसट्ठी हजार नौ सय रूपैयाँ) कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी सुमन श्रेष्ठले मौका र अदालतमा बयान गर्दा आरोपित कसुरमा पूर्ण इन्कारी रही बयान गरेको देखिन्छ । चोरीको मोटरसाइकल निजबाट बरामद भएको अवस्था पनि नरहेको तथा वादी नेपाल सरकारले उक्त चोरीको वारदातमा यी प्रतिवादीसमेत संलग्न रहेको देखिने कुनै ठोस एवम् वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्नसमेत सकेको पाइँदैन। यस्तो स्थितिमा यी प्रतिवादी सुमन श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।४ को फैसलालाई अन्यथा भन्न मिल्ने देखिन आएन । यी प्रतिवादी सुमन श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिएको उक्त फैसला बदर गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी राजकुमार भन्ने मंगलबहादुर तामाङले जाहेरवाला धिरेन राईको बिगो रू. १,४९,९००।- (अक्षरूपी एक लाख उनन्चास हजार नौ सय रूपैयाँ) पर्ने मोटरसाइकल चोरी गरी अभियोग माग दाबीअनुसार मुलुकी ऐन, चोरीको महलको १ नं. र १२ नं. अन्तर्गतको कसुर गरेको प्रमाणित हुन आएकोले निजलाई ऐ. महलको २० नं. अनुसार सजाय गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।४ को फैसला केही उल्टी भई प्रतिवादी राजकुमार भन्ने मंगलबहादुर तामाङलाई मुलुकी ऐन, चोरीको १२ नं. अनुसार १ (एक) महिना कैद र चोरीको बिगो रू.१,४९,९००।- (अक्षरूपी एक लाख उन्नापचास हजार नौ सय रूपैयाँ) कायम गरी बिगोबमोजिम जरिवाना हुने । अर्का प्रतिवादी सुमन श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिएको फैसला सो हदसम्म मनासिब ठहर्ने।

इजलास अधिकृतः शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०९४९, दर्ता नामसारी निर्णय बदर दर्ता हक कायम, *विन्द्रा श्रेष्ठसमेत वि. रामभगत कासिछंवासमेत*

गुठी संस्थान ऐन, २०३३ को दफा १२क मा उल्लेख भएअनुसार गुठी संस्थानमा नेपाल सरकारले नियुक्त गरेको एकजना प्रशासक मात्र रहने तथा सोबमोजिम नियुक्त प्रशासकले गरेको निर्णयउपर मात्र ऐनको दफा ३९(२) अनुसार पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने देखियो । सो ऐनको दफा २ (ख३) मा गरिएको परिभाषाअनुसार गुठी संस्थान शाखा

कार्यालयका प्रमुखलाई प्रशासक वा प्रशासकीय प्रमुख मान्न मिल्ने नदेखिँदा शाखा कार्यालयका प्रमुखले गरेको निर्णयउपर उल्लिखित दफा ३९(२) अनुसार पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने देखिएन। गुठी संस्थान कार्यालय, भक्तपुरले निर्णय गर्दा पुनरावेदनको म्याद दिएको भए पनि कानूनबमोजिम पुनरावेदन नलाग्ने कुरामा निर्णय गर्ने अधिकारीले पुनरावेदनको म्याद दिएकोसम्मका कारणबाट पुनरावेदन लाग्ने अवस्था नहुने।

भक्तपुर स्थित गुठीको शाखा कार्यालयका प्रमुखले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने देखिएन। कुनै पनि मुद्दा हेर्न वा पुनरावेदन सुन्नका लागि कानूनले तत्सम्बन्धी क्षेत्राधिकार प्रदान गरेको हुनुपर्दछ। कानूनले पुनरावेदन सुन्न पाउने गरी क्षेत्राधिकार प्रदान नगरेको कुरामा पुनरावेदन सुन्न र इन्साफ गर्न नमिल्ने।

अतः उल्लिखित विवेचित आधार कारण तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ मा रहेको कानूनी व्यवस्थाबमोजिम गुठी संस्थान शाखा कार्यालय, भक्तपुरको कार्यालय प्रमुखले गरेको निर्णयउपर पुनरावेदन लाग्ने अवस्था नदेखिँदा क्षेत्राधिकारको अभाव भन्ने कारण उल्लेख गरी पुनरावेदन पत्र खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।७।९ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल असार २१ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री मीरा खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-१७४४, कर्तव्य ज्यान, *चन्द्रप्रकाश बनेम वि. नेपाल सरकार*

जाहेरवाली निरू थोप्राले प्रतिवादी चन्द्रप्रकाश वनेमले आफ्नो सासू मृतक रणमायालाई खुकुरीले खुट्टामा प्रहार गरेको भनी किटानी जाहेरी दिएको र प्रतिवादी चन्द्रप्रकाश वनेम स्वयम्ले मृतक रणमायालाई आफूले प्रहार गरेको खुकुरी लाग्न गएको हो भनी तथ्यगत कुरा स्वीकार गरी अदालतसमक्ष बयान गरेको र मृतकको शव परीक्षण प्रतिवेदनबाट पनि मृतकको मृत्युको कारण खुट्टामा चोट लाग्न गई बढी रक्तश्रावका कारण भएको भन्ने बेहोरा उल्लेख भएबाट मृतकको मृत्यु प्रतिवादी चन्द्रप्रकाशले नै चलाएको खुकुरी मृतकको खुट्टामा लाग्न गई बढी रक्तश्राव भएका कारण भएको कुरा पुष्टि हुन आउने।

प्रतिवादीले मृतकको घरमा गई खुकुरी जस्तो धारिलो हतियारको प्रयोग गरी मृतकलाई प्रहार गरेको देखिन्छ। पुनरावेदकले मृतकलाई मार्नुपर्ने रिसइवी, सोचाइ, तयारी थिएन भनी जिकिर लिए पनि पानीको विषयमा विवाद रहेको र खुकुरीजस्तो धारिलो हतियारको प्रहारबाट मानिस मर्न सक्छ भन्ने जानकारी पुनरावेदकलाई थिएन भनी भन्न सकिने अवस्था रहँदैन। साथै कानूनद्वारा निषेधित कार्य गरेमा वा कानूनद्वारा गर्नुपर्ने कार्य नगरेमा हुन जाने परिणामको दायित्त्व यी प्रतिवादीले वहन गर्नुपर्ने नै हुन आउने।

अतः प्रतिवादी चन्द्रप्रकाश वनेमलाई ज्यानसम्बन्धी महलको १३(१) को कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत, विराटनगर, इलाम इजलासको मिति २०७३।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

पुनरावेदकले तत्कालको परिस्थितिमा मृतकउपर खुकुरी प्रहार गरेको भनी कसुर अपराध नलुकाई यथार्थ कुरा अदालतसमक्ष चित्रण गरेको, कसुरमा साबित भई अदालती प्रक्रियामा सहयोग

पुऱ्याएको, प्रतिवादीको उमेर, पारिवारिक अवस्था, घटनाको प्रकृति साथै प्रस्तुत वारदात घटनामा पुनरावेदक प्रतिवादीलाई घाँटीको छेउमा गम्भीर घा चोट लागेको देखिएबाट निज प्रतिवादी चन्द्रप्रकाश वनेमलाई उच्च अदालत विराटनगर, इलाम इजलासले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय गर्ने गरी दिएको राय चर्को हुन जाने भएबाट मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १२ (वाह्र) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

इति संवत् २०७५ साल जेठ १३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-१४६३, परमादेश, *गजेन्द्र ठाकुर वि. जिल्ला प्रशासन कार्यालय, रौतहटसमेत*

निवेदकले शान्तिसुरक्षा कायम गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय, रौतहटमा निवेदनसम्म दिएको देखिएको तथा सो निवेदन अनुसारको कारबाहीसमेत भइरहेको भन्ने तथ्य निवेदन साथ संलग्न पत्रहरूबाट देखिएको, निवेदकले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम जाहेरी दर्खास्त दिएको छु भनी निवेदनमा स्पष्टसँग खुलाउन सकेको नदेखिएको र सो घटना सम्बन्धमा निवेदकले जाहेरी दर्तासमेत नगराएको भन्ने जिल्ला प्रहरी कार्यालयसमेतको लिखित जवाफ देखिँदा सोसमेतका आधार तथा कारणबाट निवेदन खारेज गरेको पुनरावेदन अदालतको आदेश अन्यथा रहेछ भनी मान्न मिलेन। अतः निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदलत हेटौंडाको मिति २०६८।५।४ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-१७६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. परिवर्तित नाम रामबहादुर लामा*

ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुर स्थापित हुनको लागि मनसाय तत्त्वको विद्यमानता हुनु जरूरी देखिन्छ। प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणबाट मृतक र प्रतिवादी दुवै नाबालक रहेको, मृतकको परिवार र प्रतिवादीको परिवार श्रमिकको रूपमा मनोज पराजुलीको चिया बगानमा भएको एउटै क्वाटरको दुई छुट्टै कोठामा बस्दै आएको, मृतक र प्रतिवादी साथी साथी भएका र वारदातको दिन पनि मृतकलाई प्रतिवादीले पैसा दिएको, आफ्नै पैसाले मृतकलाई खाजा खुवाएको, मृतककै आग्रहमा प्रतिवादीले साइकलमा घुमाउन लगेको, बाटोमा मृतकले चोर दोष लगाएकोले रिस थाम्न नसकी बाँसले हिर्काउँदा मृतकको मृत्यु हुन पुगेको भन्नेसमेत तथ्यहरू मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिएको र यी प्रतिवादीले मृतकलाई मार्नु पर्नेसम्मको कुनै कारणसमेत देखिन नआएको अवस्थामा प्रतिवादीको मृतकलाई मार्नुपर्ने पूर्वरिसइवी, योजना तथा मनसाय रहेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

कुनै हत्या आवेशप्रेरित हत्या हुनका लागि प्रतिवादीको मृतकलाई मार्ने मनसाय, ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी, लुकी चोरी हानेको, जोखिम हतियार प्रयोग गरेको, विष खुवाएको हुन हुँदैन। साथै मृतकको कुनै कार्यबाट कुनै कुरामा तत्कालै उठेको रिस थाम्न नसकी आवेशमा आई आत्मनियन्त्रण गुमाई मृतकको कार्यको प्रतिक्रियाको स्वरूप साधारण लाठा, ढुङ्गा, लात, मुक्का आदिले प्रहार गर्दा सोही कारणबाट मृतकको मृत्यु भएको

हुनुपर्ने।

प्रतिवादीले अदालतमा बयान गर्दासमेत वारदातको दिन प्रतिवादी काममा नगई क्यारेम बोर्ड खेलेको, मृतक टिफिन समयमा प्रतिवादीसँगै क्यारेमबोर्ड खेलेको, स्कुल बिदा भएपछि प्रतिवादीलाई खाजा खुवाउन भनेकोले दुवैजनाले खाजा खाएका, मृतक घर जान नमानी प्रतिवादीको साइकलमा बसी सँगै जाँदा झापा महेशपुर-९ पुग्दा मृतकले ए चोर साइकल रोक भनेकोले मलाई रिस उठी मृतकलाई बाँसले टाउकोमा हिर्काउँदा निजको मृत्यु भएको हो भनी उल्लेख गरेको देखिन्छ। यसबाट यी प्रतिवादीलाई मृतकले चोर भनेको कारण तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आएर बाँसले मृतकलाई हिर्काउदा मृतकको मृत्यु भएको भन्ने देखिएबाट यी प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी तथा मनसाय (Mens Rea) रहेको भन्ने पनि नदेखिने।

जाहेरी दर्खास्तमा दुई वर्षअगाडि पनि मृतकले जाहेरवालीको पैसा चोरेको भनी यी प्रतिवादीलाई आरोप लगाएको कारण प्रतिवादीलाई रिस उठी हत्या गरेको हो भन्नेसमेत उल्लेख गरेको र अदालतसमक्ष बकपत्र गर्दासमेत वारदातको दिन प्रतिवादीले मृतकले आफूलाई चोरको आरोप लगाएको भनी मृतकलाई बाँसले हिर्काएर मारेको हो भनी गरेको बकपत्रसमेत मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी तथा पूर्वयोजनासमेत नभई मृतकले प्रतिवादीलाई चोर भनेकै कारण तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई मृतकलाई बाँसले हिर्काउँदा घटना घट्न गएको भन्ने देखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट मृतकले चोरको आरोप लगाएका कारण तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादी परिवर्तित नाम रामबहादुर लामाले बाँसको भाटाले मृतकको टाउकोमा हानी कर्तव्य गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी १५ वर्षको नाबालक देखिएकोले सुरू झापा जिल्ला अदालतको मिति २०७१।३।५ को फैसला केही उल्टी भई निज प्रतिवादीलाई ऐ. १४ नं. र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।८।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल भदौ ५ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CI-०१४९, घरको जग पर्खाल भत्काई जग्गा कब्जा खिचोला मेटाई चलन चलाई पाऊँ, *सुरसती चाइन वि. अदालत वारी*

तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ग) ले रू.५०,०००।- (पचास हजार रूपैयाँ) वा सोभन्दा बढी बिगो भएको मुद्दामा मात्र पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था गरेकोले प्रस्तुत मुद्दामा पुनरावेदन अदालत बुटवलबाट सुरू फैसला उल्टी भई फिराद दाबी खारेज हुने ठहऱ्याई मिति २०७३।५।६ मा फैसला भए तापनि वादीले दाबी लिएको बिगो पचास हजार रूपैयाँभन्दा कम रू.४६,०६०।- मात्र रहेको देखिँदा तत्काल विद्यमान

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ग) अनुसार यस अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था नदेखिने।

अतः यस अदालतको पुनरावेदकीय अधिकार क्षेत्रभित्र नपर्ने र पुनरावेदन लाग्न नसक्ने अवस्थामा तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ग) विपरीत प्रस्तुत पुनरावेदनपत्र दर्ता भएको देखिँदा प्रस्तुत मुद्दाको औचित्यभित्र प्रवेश गरी पुनरावेदन अदालत बुटवलको फैसला मिलेको छ छैन, वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्नेतर्फ विचार गरिरहनु परेन। प्रस्तुत पुनरावेदनपत्र खारेज हुने।

इजलास अधिकृतः सुभद्रा जि.सी.

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CR-०४०४, ०७४-CR-०६१४ र ०७४-CR-०६७९, कर्तव्य ज्यान, *बानो खातुन भन्ने मणी बिबी वि. नेपाल सरकार, नुरजाहाँ खातुन वि. नेपाल सरकार र नेपाल सरकार वि. बानो खातुन भन्ने मणी बिबी*

प्रतिवादीहरू वानो भन्ने मणी विवीले मौकामा तथा अदालतसमक्ष बयान गर्दा दिनको १२.३० मा आफू काम गरिरहेको अवस्थामा मृतक नजराना खातुनको कोठामा आगो बलेको देखी अत्तालिँदै गरेको अवस्थामा स्थानीय आई आगो निभाएका हुन्, मृतक नजराना खातुनलाई कसले मट्टितेल खन्याई आगो लगाई कर्तव्य गरी मारेको हो भन्ने थाहा नभएको भनी कसुरमा इन्कार रहे पनि वारदातको समयमा प्रयोग भएको मट्टितेल वारदात घटेको दिनको अघिल्लो साँझ आफूले गुदरी हटियाबाट खरिद गरी ल्याएको तथा बिगतका दिनमा आफ्नो श्रीमान् मुहम्मद अन्सारीलाई समेत तातो पानीले पोली मार्ने नियतले खुर्सानीको धुलो हाली बन्चरोसमेत प्रहार गरेको बेहोरासमेत खुलाई बयान गरेको देखियो। यसबाट यी पुनरावेदक वानो खातुनले मृतकलाई मट्टितेल छर्की आगो लगाई मार्ने मनसायले नै पूर्वयोजना बनाई सोहीअनुसार तयारी गरेको तथा निजको विगतको पृष्ठभूमिसमेत आपराधिक कार्य गर्न अग्रसर हुने गरेको भन्ने देखिने।

पुनरावेदक नुरजाहाँको वारदातमा संलग्नता नभए देवरानी नजराना आगोले जली पीडाले चिच्याएकोमा हारगुहार गरी छिमेकीको सहयोग लिई उक्त आगो निभाई निजको उद्धार गरी उपचार गर्नतर्फ लाग्नुपर्ने साथै प्रहरीलाई घटनाको सूचना दिनुपर्नेमा सो उद्धार कार्यसमेत गरेको देखिँदैन । साथै यी पुनरावेदकको वारदातमा संलग्नता नभए सासूले आगो निभाउन नदिएको बहाना बनाई मानवीय संवेदनाहीन बनी आफ्ना आँखाअगाडि देवरानीलाई जिउँदै जलाएको क्रूर, अमानवीय आपराधिक घटना टुलुटुलु हेरी बस्न सक्ने अवस्था नै हुने थिएन र प्रहरीको गाडी आएपछि पक्राउ गर्दछ भनी सासू वानो खातुनको पछिपछि भागेकोसमेत देखिएबाट मृतक नजराना खातुनलाई मट्टितेल छर्की आगो लगाई कर्तव्य गरी मार्नमा यी पुनरावेदक नुरजाहाँ खातुनसमेतको संलग्नता नरहेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था देखिन नआउने।

मृतकका ससुरा तथा यी पुनरावेदक वानो खातुनका लोग्ने मुहम्मद अन्सारीले मौकामा कागज गर्दा घटना घटेको दिन म आफ्नै कपडा सिलाई गर्ने पसलमा काम गरी बसेको अवस्थामा घटना घटेको खबर पाई म तत्काल घरमा जाँदा बुहारी नजराना आगोले जली शक्त अवस्थामा देखी निजलाई सोध्दा म सुतिरहेको अवस्थामा मलाई सासू वानो र जेठानी नुरजँहाले मट्टितेल छर्की आगो लगाई जलाई म घाइते

भएकी हुँ भनी भनेकी थिइन्, वानो र नुरजाहाँ घरअगाडि उभिरहेका थिए, निज बुहारीलाई वानो खातुन र नुरजाहाँ खातुनले नै आगो लगाई जलाई कर्तव्य गरेका हुन् भनी किटानीसाथ लेखाई वानो खातुन विगतदेखि नै खराब चरित्रको मानिस भएको कुरासमेत उल्लेख गरेको देखिन्छ । मुहम्मद अन्सारीले गरेको कागजकै बेहोरा मिलान हुनेगरी यी पुनरावेदक वानो खातुनकी छोरी सवना खातुनले मौकामा गरेको कागजसमेतबाट आरोपित कसुरमा यी पुनरावेदक प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुन आएको देखिने ।

वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा धरानको इमर्जेन्सी वार्डमा मृतक नजराना खातुनको उपचार गर्ने क्रममा मिति २०७०।११।२४ मा इलाका प्रहरी कार्यालय, धरानका अनुसन्धान अधिकृत प्रहरी निरीक्षकसमक्षमा भएको घटना विवरणमा "मेरो सासू बानो खातुन भन्ने मणि विवी र जेठानी नुरजाहाँ खातुनले के कुन मनसायले कोही मानिस नभएको मौका छोपी मेरो शरीरमा मट्टितेल खन्याई आगो लगाएर ढोका बाहिरबाट लगाई भागी गएका हुन्" भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिँदा सो घटना विवरण कागज (मृत्युकालीन घोषणा) प्रमाण ऐन, २०३१ को दफा ११ बमोजिम प्रमाणमा लिन मिल्ने देखिँदा यी पुनरावेदकहरूले मृतकलाई मट्टितेल खनाई आगो लगाई कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले यी पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको को १३(३) नं. बमोजिम कसुरदार ठहऱ्याएको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने ।

प्रतिवादीहरू बानो खातुन भन्ने मणि विवी र नुरजाहाँ खातुन दुईजनामध्ये को कसले मृतकलाई मट्टितेल खन्याई आगो लगाएको कारणबाट मृत्यु भएको भन्ने मिसिलबाट देखिँदैन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) ले को कसको चोटबाट मृत्यु भएको भन्ने नदेखिएकोमा जन्मकैदको सजाय हुने व्यवस्था गरेको र प्रस्तुत मुद्दामा प्रतिवादीहरूमध्ये यिनै प्रतिवादीले लगाएको आगोको कारणबाट मृतकको मृत्यु भएको भन्ने यकिन रूपमा पुष्टि भएको नदेखिँदा प्रतिवादीहरू बानो खातुन भन्ने मणि विवी र नुरजाहाँ खातुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्यवयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा रहेको व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा प्रतिवादी बानो खातुनलाई सर्वस्वसहित जन्मकैदको सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर कानूनसम्मत देखिन नआउने ।

पुनरावेदक प्रतिवादी नुरजाहाँ खातुनले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर गरेको देखिन आए तापनि यी प्रतिवादीको घटना घट्दा १८ वर्षको कलिलो उमेर रहेको, देवरानी मृतक नजराना खातुनसँग कुनै रिसइवी, मनमुटाव, झैझगडा रहे भएको मिसिल कागजबाट नदेखिएको, निजको विवाह भई घर भित्रिएको धेरै समय पनि भइनसकेको अवस्थामा सासू वानो खातुनको हिंसात्मक तथा उदण्ड व्यवहारको भय त्रासका कारण पनि निजको आपराधिक योजनामा यी प्रतिवादी नुरजँहा खातुन सरिक भएको हुनसक्ने अवस्थासमेत देखिएकोले प्रतिवादी नुरजाहाँ खातुनलाई ऐनबमोजिम सजाय गर्दा चर्को हुने जाने भई घटी सजाय वर्ष ८ (आठ वर्ष)

कैद गर्दा पनि ऐनको मक्सद पूरा हुने देखिँदा निजलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम वर्ष ८(आठ वर्ष) कैद सजाय हुन उच्च अदालत, जनकपुर राजविराज इजलासले जाहेर गरेको राय मनासिब नै देखिने।

अतः विवेचित तथ्य, आधार, प्रमाणसमेतबाट प्रतिवादी बानो खातुन भन्ने मणी विवी र नुरजाहाँ खातुनलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०७२।१।१०।५ को फैसला केही उल्टी गरी दुवै प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने र प्रतिवादी नुरजाहाँ खातुनलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखि निजका हकमा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कैद सजाय वर्ष ८(आठ) हुन राय व्यक्त गरी उच्च अदालत, जनकपुर राजविराज इजलासबाट मिति २०७३।१२।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल भदौ ३ गते रोज १ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CI-०४१७, हालैको बकसपत्र लिखत बदर, *दुर्गा बनिया वि. तारमती बनियाइनीसमेत*

प्रतिवादी तारमती वनियाइनी साधु वनियाको कान्छी श्रीमती भई सन्तानको रूपमा छोरी मात्र रहेको देखिन्छ। जेठी श्रीमती प्रेममती र निजका छोराहरूले पतिको मृत्युपछि हेलाहोचो गरी खान लाउन नदिएको कारण यी प्रतिवादीले जिल्ला अदालतमा अंश मुद्दा दायर गरी अंशसमेत पाइसकेको भन्ने मिसिल सामेल कागजातबाट देखिन्छ। निज प्रतिवादीले बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति आफ्नो बाबुको हेरचाह पालनपोषण गरी रिझाएबापत पाएको भन्ने कुरामा समेत विवाद रहेको अवस्था छैन। यसरी निजी आर्जन भनिएको जग्गाको स्रोतमा कुनै विवाद छैन। निजी आर्जनको स्रोत विवादास्पद भएको वा कसैलाई अंश मार्न भनी निजी आर्जनको जिकिर लिएको अवस्थामा यस अदालतबाट अवश्य पनि त्यस्तो सम्पत्ति बन्डा लगाउने गरी फैसला भएको छ। तर स्रोतको विवाद नभएको बाबुबाट प्राप्त निजी आर्जनको सम्पत्ति आफ्नो उदरबाट छोरा नभई छोरी मात्र भएकी तारमतीले आफ्नी छोरी बिन्द्रवतीलाई हालै देखिको बकसपत्र गरिदिएकोमा यस्तो जग्गामा सौतानी छोराछोरीको हक लाग्छ भन्दा निजी सम्पत्तिको अवधारणा नै व्यवहारमा मर्न जाने।

मुलुकी ऐन, अंशबन्डाको १८ नं. र स्त्री अंशधनको ५ नं. समेतको व्यवस्थाको सन्दर्भमा निज प्रतिवादीले बकसबाट प्राप्त गरेको सम्पत्ति निजको निजी आर्जनको सम्पत्ति हुने भन्ने देखिएको र पहिले परेको अंश मुद्दाबाट निज तारमती परिवारभित्र अंश दिने हैसियतको व्यक्ति नभई अंश माग गर्ने अवस्थाकी व्यक्ति भएकी भन्ने निजले दायर गरेको अंश मुद्दामा भएको फैसलासमेतबाट देखिएको अवस्थामा तारमतीले आफ्नो बाबुबाट हालैको बकसपत्रमार्फत प्राप्त गरेको उक्त सम्पत्ति अन्य अंशियारमा बन्डा लाग्ने भन्ने देखिन आउँदैन। यस्तो अवस्थामा निज प्रतिवादीले निजी ठहरेको सम्पत्ति निजले आफूखुस गर्न पाउने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेकोले निज प्रतिवादी तारमतीले आफ्नो निजी सम्पत्तिमध्ये छोरी बिन्द्रावतीलाई मिति २०६५।१०।१९ मा हालैको

बकसपत्र गरिदिएको सम्पत्ति अन्य अंशियारमा अंश लाग्ने प्रकृतिको सम्पत्ति भएको नदेखिएकाले पुनरावेदक वादीहरूको जिकिर कानूनसम्मत रहेको देखिन नआउने ।

अत: उपर्युक्तबमोजिमका तथ्य र प्रमाणहरूको आधारमा प्रतिवादी तारमती वनियाइनीले आफ्नो बुबा कल्लुबाट बकसपत्रको माध्यमबाट प्राप्त गरेको जग्गा मुलुकी ऐन, अंशबन्डाको १८ नं. र स्त्री अंशधनको ५ नं. बमोजिम निजी आर्जनको भई बन्डा गर्न कर नलाग्ने जग्गा भई दान बकसको १ नं. बमोजिम दान बकस दिन पाउने सम्पत्ति भएकाले तारमती बनियाइनीले विन्द्रावती कान्दुलाई मिति २०६५।१०।१९ मा गरिदिएको बकसपत्र सदर हुने ठहरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।११।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल भदौ २० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-१२८९, अंश चलन, *कन्तलाल मण्डल वि. गिरानन्द मण्डल*

प्रस्तुत मुद्दाको फिरादपत्रमा ०४५ सालमा पिता पुर्खाको बन्डा गर्नुपर्ने अचल जमिन केही नहुँदा पिता र सौतेनी आमासँग अलग भई बसेको भन्ने देखिएको छ । प्रतिवादीले प्रतिउत्तरपत्र गर्दासमेत नातामा र साबिकमा पितासमेतसँग अलग हुँदा केही सम्पत्ति नरहेकोमा विवाद गरेकोसमेत पाइएन । पैतृक सम्पत्ति केही नदेखिएको र आफू पनि छुट्टै ऐलानी जग्गामा घर बनाई बसेको छु भन्ने फिरादपत्रकै बेहोराबाट देखिइरहेको छ । प्रतिवादीका नाममा रहेको आफूसँग बस्दा आर्जन गरेको सम्पत्ति भनी दाबी लिएका यी वादीले सो सम्पत्ति आफ्नो पनि कमाइको हो भनी तथ्यगत रूपमा देखाउन सकेको नपाइने ।

बाबुको सम्पतिबाट मात्र छोराछोरीहरूले अंशबन्डा गरी लिन पाउने कानूनी व्यवस्थालाई हेर्दा यी प्रतिवादीका नाममा रहेको सम्पत्ति सगोलमा रही वादीका समेत परिश्रमबाट जोडिएको हो भनी मान्न मिल्ने आधार प्रमाण केही देखिएन । सगोलमा रहे पनि र रीतपूर्वक अंशबन्डाको कागज गरी लिनुदिनु नगरे पनि आफ्नो आफ्नो गरिखाने गरी खती उपती बेहोर्ने गरी व्यवहार गरेको भन्ने तथ्यमा वादी प्रतिवादीको मुख मिलेको अवस्थामा मानो छुट्टिई भिन्न भएको मानिन्छ । यी वादी प्रतिवादीको पुख्र्यौली सम्पत्ति रहेको पनि नदेखिएको, आफ्नो आफ्नो गरी खाने बाबुसँग अलग भिन्न भई बसेको अन्य अंशियारहरूले समेत अंश पाउनुपर्ने होइन भनी बयान गरी दिई प्रतिउत्तर पत्रसमेत नफिराई बसेको अवस्था र परिस्थितिलाई हेर्दा वादी दाबीबमोजिम प्रतिवादीबाट अंश माग्न पाउने नदेखिने ।

प्रतिवादी स्वयम्ले बन्डा गर्नुपर्ने सम्पत्ति केही नरहेको हुँदा २०४५ सालदेखि अलग बसेको भनी फिरादमा उल्लेख गरेको र अन्य अंशप्राप्त गर्नुपर्ने अंशियारहरूले समेत बन्डा गर्नपर्ने सम्पत्ति केही पनि छैन भनिरहेको अवस्थामा पुनरावेदन अदालत विराटनगरले रीतपूर्वकको अंशबन्डा नभएकै कारणलाई मात्र देखाई निज प्रतिवादी कन्तलाल मण्डलको नाउँमा दर्ता रहेको जग्गा जमिनबाट वादी दाबीबमोजिम ३ खण्डको १ खण्ड अंश पाउने गरी भएको फैसला मिलेको देखिएन । वादीले प्रतिवादी कन्तलालसमेतसँग बस्दा यो यस प्रकृतिबाट यसरी सगोलमा रही आर्जन गरेको सम्पत्ति भनी तथ्यगत रूपमा खुलाउन नसकेको र वादी प्रतिवादीहरू अंशियार भएपनि सगोलको आर्जन हो भन्ने प्रमाणित नभएकोले वादी दाबीबमोजिम

बन्डा गर्नुपर्ने सगोलको सम्पत्ति नदेखिँदा दाबीबमोजिम अंश दिलाई दिने गरी भएको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेको नदेखिने।

तसर्थ सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६६।७।११ को फैसला उल्टी हुने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६७।०५।२७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम अंश पाउने नदेखिएकोले अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६७-CI-१२९१, अंश दपोट, *शान्तिदेवी मण्डल वि. गिरानन्द मण्डल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-११३६, कर्तव्य ज्यान, *योगेन्द्रप्रसाद यादव वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष मृतक प्रमिलादेवीको घाँटी थिची कर्तव्य गरी मारेको हो भनी आरोपित कसुरमा साबित भई गरेको बयानलाई मृतकको मृत्युको कारणमा The cause of Death is due to fracture of cervical vertebrae भन्ने मृतकको शव परीक्षण प्रतिवेदनबाटसमेत पुष्टि भइरहेको देखिन्छ भने मौकामा बुझिएका मानिसहरू गढाई यादवसमेतले मौकामा गरिदिएको घटनाविवरण कागजलाई समर्थन हुने गरी सुरू अदालतमा उपस्थित भई बकपत्रसमेत गरिदिएको अवस्थामा यी प्रतिवादीसमेत भई मृतक प्रमिलादेवी यादवको घाँटी थिची कर्तव्य गरी मारेको देखिँदा यी पुनरावेदक / प्रतिवादी योगेन्द्रप्रसादको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

घटना विवरण कागज गर्ने गढाई यादव, रामरती यादव र हिराकुमारी यादवले यी मृतक दिसा पिसाब गर्न भनी पोखरीको डिलमा गएपश्चात् पछिपछि प्रतिवादी जोगेन्द्र भन्ने योगेन्द्रप्रसाद यादव गएको भन्ने तथ्य स्थापित भएको छ भने सोही समयबाट मृतक फर्केर नआई भोलिपल्ट खोजी गर्ने क्रममा खेतमा लास भेटिएको तथ्य पनि स्थापित छ। मृतक दिशा पिसाब गर्न गएको भन्ने थाहा पाई पछि लागी यी पुनरावेदक / प्रतिवादी जानु, निज मृतक सो समयबाट फर्केर नआउनु, भोलिपल्ट बिहान लास भेटिनुले यी प्रतिवादीको कर्तव्यबाट नै उर्मिलादेवीको मृत्यु भएको तथ्य परिस्थितिजन्य प्रमाणले स्थापित हुन्छ। साथै निज प्रतिवादीले गरेको अनुसन्धानको बयानलाई लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनले समर्थन गरेको हुँदा अदालतमा आफूलाई स्वेच्छा विपरीत बयान गराएको अनुसन्धानमा भन्ने तथ्य खण्डित भएको छ, सो प्रहरीको साबिती बयानलाई अन्य प्रमाणले समर्थन गरेको अवस्थामा प्रमाणमा ग्रहण गर्न सकिने नै हुन्छ। निजले लिएको Alibi को जिकिरलाई मौकामा घटना विवरण कागज गर्ने गढाई यादव, रामरती यादव र हिराकुमारी यादवको भनाइले खण्डित गरेको र सो समयमा निज भारतको दिल्लीमा रहेको तथ्य प्रमाणित गर्न नसकेको अवस्था देखिने।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी योगेन्द्रप्रसाद यादवले मृतकको कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले प्रतिवादीको उक्त कार्य ज्यानसम्बन्धी महलको १३(३) नं. विपरीत देखिँदा सोही महलको १३(३) नं. बमोजिम निज प्रतिवादी योगेन्द्रप्रसाद यादवलाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०७१।०२।१३

मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।१।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-०६१२, फैसला बदर, *जवाहिरलाल तेली वि. रजिन्दर तेली*

वादी रजिन्दर तेली आफ्नी आमासँग मिति २०६०।२।२८ मा रीतपूर्वक अंश बुझी लिई भिन्न भई बसेको कुरामा वादी र प्रतिवादीबीच मुख मिली सो बन्डाको लिखतलाई यी प्रतिवादीले व्यवहारमा स्वीकारेको देखिन्छ । मूल अंशियार नछुट्टिईकन सहअंशियार भिन्न बस्न नपाउने हो भने वादीले भिन्न हुँदा गरेको अंशबन्डा लिखतलाई नै चुनौती दिई कतैबाट नालेस उजुर परेको देखिँदैन। यी वादी आफ्नी आमासँग कानूनी रूपमा छुट्टिई बसेपछि आफ्नो निजी आर्जनबाट नवलपरासी जिल्ला, गुठी पुर्सौनी गा.वि.स.वडा नं.७च कि.नं.२८२ को जग्गा खरिद गरेको देखिन्छ । सो मिति पछि आएर मात्र वादीकी आमासमेतलाई प्रतिवादी बनाई बन्डा गराइ पाउँ भनी यी प्रतिवादी पुनरावेदकले अंश मुद्दा दिएको देखिन्छ। सो मुद्दाको सन्दर्भमा यी वादीको नाउँमा रहेको जग्गा बन्डा लाग्नुपर्ने देखिएमा सो अंश मुद्दामा यिनलाई समेत बुझ्नुपर्नेमा मुलुकी ऐन, अ.बं.१३९ नं. बमोजिम बुझिएको पनि नदेखिने।

कसैको स्वामित्त्वमा रहेको सम्पत्तिलाई बन्डा लगाउनुपूर्व उक्त सम्पत्तिको स्वामीलाई सूचना दिनुपर्ने हुन्छ । प्राकृतिक न्यायको सिद्धान्तअनुसार सुरू जिल्ला अदालतले यी वादीलाई सुनुवाइको मौकासमेत दिएको देखिँदैन। यसरी सूचना नदिई यी वादी रजिन्दर तेलीको नाममा रहेको विवादित कि.नं. २८२ को जग्गासमेत बन्डा लाग्ने गरी भएको सुरू फैसलालाई बदर गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिँदा यी पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उल्लिखित आधार एवम् कारणबाट वादी / प्रत्यर्थीले रजिन्दर तेली आफ्नी आमासँग रीतपूर्वक अंश बन्डा गरी छुट्टिई भिन्न भइसेपछि विवादित जि.न. गुठी पुर्सौनी गा.वि.स. वडा नं. ७च कि.नं. २८२ ज.वि. ०-६-१०१/२ जग्गा निजलाई बुझ्दै नबुझी निजको नाममा रहेको सम्पत्तिसमेत बन्डा गर्ने गरी मिति २०६९।२।२२ को फैसला बदर गरिपाउँ भनी लिएको वादी दाबी पुग्न सक्दैन भन्ने जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम फैसला बदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।०१।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

- यसै लगाउको ०७१-CI-०६०९, अंश दपोट, *जवाहिरलाल तेली वि. लाल साहव तेली* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-CR-०६१९, मानव बेचबिखन तथा ओसारपसार, *माइला भन्ने आइते तामाङ वि. नेपाल सरकार*

पीडितको जाहेरी, बयान कागज तथा अदालतको बकपत्रसमेतको अध्ययन गर्दा यी माइला

तामाङ यहाँ मानिस खोजी ललाइफकाई गर्ने, साइला भन्ने मानु तामाङ यहाँबाट लिएर जाने र अर्की जया तामाङले कोठी सञ्चालन गर्ने, मानुको श्रीमतीले सीमानाबाट उता भारततर्फ लिएर जाने गरी सबैको मिलेमतोमा अवैध कार्य सञ्चालन भएको भन्ने देखिएको अवस्था छ । उल्लिखित मालाकार रूपमा देखिएका तथ्यहरूबाट प्रतिवादी माइला भन्ने आइते तामाङले जाहेरवाली पीडित चौतारा "सी" लाई काठमाडौंको नयाँ बसपार्क लगी प्रतिवादीमध्येका साइला भन्ने मानु तामाङको जिम्मा लगाई बस चढाई वेश्यावृत्ति लगाउने उद्देश्यले भारत पठाएको स्पष्ट देखिन आउने।

अतः वर्णित आधार र प्रमाणहरूको आधारमा प्रतिवादी माइला भन्ने आइते तामाङले मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र सोही ऐनको दफा ४(२)(ख) बमोजिमको कसुर अपराध गरेको हुँदा निज प्रतिवादी माइला भन्ने आइते तामाङलाई मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम १० वर्ष कैद गर्ने र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र ऐ.ऐनको दफा १७(१) बमोजिम निज प्रतिवादी माइला भन्ने आइते तामाङबाट पीडित चौतारा "C" लाई रू.२५,०००।- (पच्चीस हजार) क्षतिपूर्तिसमेत दिलाई भराइदिने ठहऱ्याएको सुरू फैसला मनासिब हुने तथा निजलाई उक्त ऐनको दफा १५(२)(ग) समेतको सजायको माग दाबी लिएकोमा सो सम्बन्धमा जिल्ला अदालतले केही नबोलेकोले भन्ने वादीको पुनरावेदन जिकिरतर्फ हेर्दा निज प्रतिवादीले पीडित जाहेरवालीलाई काठमाडौंबाट बस चढाई अरूहरूसँग भारत पठाएको हुँदा निजलाई उक्त ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय भएको स्थितिमा दफा १५(२)(ग) बमोजिमको सजायसमेत गर्नुपर्ने आधार र औचित्यसमेत नदेखिँदा थप सजाय नहुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६९।२।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल मङ्सिर १४ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०२२८, लागु औषध, *नेपाल सरकार वि. सन्तोष मैनालीसमेत*

यसमा प्रत्यर्थी / प्रतिवादीहरू सन्तोष मैनालीबाट १८ ग्राम लागु औषध र लुङगु लामाबाट ९ ग्राम मात्र लागु औषध बरामद भई सोको कारोबार गर्न ओसार पसार गरेको भन्ने बरामद भएको डिजिटल तराजुलगायतका मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको छ । यस्तै सो लागु औषध सन्तोष मैनालीले पर्शुराम थापाबाट किनेर ल्याएको भन्ने तथ्यसमेत मिसिलबाट पुष्टि भई निर्विवाद रहन गएको अवस्थामा सो सम्बन्धमा पनि थप विवेचना गरिरहनु परेन । तर यसमा एकैजनाबाट २५ ग्रामभन्दा बढी उक्त लागु औषध बरामद भएको देखिन आउँदैन । सो नभएबाट प्रत्येक प्रतिवादीलाई २५ ग्रामभन्दा बढीको कारोबारका लागि सजायसमेत दिन मिल्ने देखिँदैन । प्रत्यर्थी / प्रतिवादीमध्येका सन्तोष मैनालीबाट १८ ग्राम र लुङ्गु लामाबाट ९ ग्राम मात्र गरी दुई जनाबाट गरी २७ ग्राम बरामद भएको भए पनि दुवै जनालाई अलगअलग सो मात्राअनुसार सजायको दायित्त्व बहन गराइसकेको स्थितिमा सो परिमाणलाई एउटैमा जोडी दुवैलाई जनही सो कूल परिमाणअनुसार सजाय गर्नु न्यायोचित हुन नआउने।

प्रत्यर्थी / प्रतिवादी पर्शुराम थापाबाट लागु औषध बरामद भएको देखिँदैन । निजले सञ्चय

गर्ने गरेको र बिक्री वितरण गर्दैको अवस्थामा निज पक्राउ परेकोसमेत देखिँदैन । सहप्रतिवादीहरूको पोललगायतका मिसिल संलग्न प्रमाणका आधारमा निजले लागु औषध खैरो हिरोइनको कारोबार गरेको पुष्टि भए तापनि निजबाट यस वारदातमा लागु औषध नै बरामद हुन नसकेको अवस्थामा निजले यति परिमाणको लागु औषधको कारोबार गरेको भन्ने तथ्य शंकारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा उक्त बरामद भएको २७ ग्राम खैरो हेरोइनको सबै कारोबार निजले नै गरेको भनी निजलाई पनि उक्त दफा १४ (१) (छ) (२) अनुसारको सजाय गर्न मिल्ने नदेखिने।

वादी नेपाल सरकारले प्रस्तुत वारदातमा २७ ग्राम लागु औषध खैरो हिरोइन बरामद भएकोले सबै प्रतिवादीहरूलाई सोही २७ ग्रामको परिमाणअनुसार सजाय गरिपाउँ भनी पुनरावेदन जिकिर लिएपनि यी प्रत्यर्थी प्रतिवादी तीनै जना सोही २७ ग्राम लागु औषध खैरो हिरोइनको कारोबारमा संलग्न रहेका थिए भन्ने तथ्य मिसिलबाट पुष्टि हुन आउँदैन । लागु औषध मुद्दामा बरामदी मुचुल्का तथा बरामद भएको परिमाणको ठुलो प्रमाणिक महत्त्व रहन्छ । यस आधारमा यी तीनै जना प्रतिवादी लागु औषधको कारोबारमा संलग्न रहेको पुष्टि भए पनि प्रतिवादी सन्तोष मैनालीबाट १८ ग्राममात्र लागु औषध बरामद भएको र अर्का प्रतिवादीबाट ९ ग्राम मात्र अलगअलग रूपमा लागु औषध बरामद भएको र यी दुई जनाका साथै पर्शुराम थापासमेत कारोबारमा संलग्न रहेको पुष्टि भएको आधारमा निजहरूलाई सो बरामदी मात्राअनुसार कसुरदार कायम गरिएको पाइन्छ । निजहरू तीनै जना सो सबै अर्थात् २७ ग्राम लागु औषध खैरो हेरोइनको कारोबारको लागि नै जिम्मेवार रहेभएको देखिने तथ्य शंका विहीन तवरले पुष्टि हुने मिसिलमा कुनै प्रमाण रहेभएको देखिन नआउने।

अतः विवेचित आधार र प्रमाणहरूबाट यी प्रत्यर्थी / प्रतिवादीहरूलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४ (१)(छ)(१) बमोजिम जनही ७ वर्ष कैद र रू.२०,०००।- जरिवाना हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।०९।२२ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू सन्तोष मैनाली र लङ्गु लामाको हकमा ऐ. दफा १४ (१) (छ) (१) बमोजिम सुरू अदालतले गरेको जनही ७ वर्ष कैद र रू.२०,०००।- जरिवानाको सजाय सदर हुने गरी र प्रतिवादी पर्शुराम थापाको हकमा निज के कति परिमाणको लागु औषधको कारोबारमा संलग्न थिए भन्ने यकिन पुष्टि हुन नसकी केबल कारोबारमा मात्र संलग्न रहेको पुष्टि हुन आएकोले ५ वर्ष कैद र रू.५०,०००।- मात्र जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०६।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर १४ गते रोज ५ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०६८५, जबरजस्ती करणी, *अमृतबहादुर राई वि. नेपाल सरकार*

जाहेरी दरखास्तमा पीडितले आफू एस.एल. सी. को परीक्षा दिन डेरा लिई बसेको र मिति २०६८।१२।१४ गते रातिको २२:०० बजेको समयमा साथी कल्पना राईसमेत भई परीक्षा केन्द्र रहेको कोठामा गई चिट लुकाएर फर्कने क्रममा प्रतिवादीले पछाडिबाट समाती चिट चोर्न सहयोग गर्छु करणी गर्न देउभन्दा मैले

नमानेको र निजले मलाई ज्यान मार्ने धम्कीसमेत दिई ठाडै अवस्थामा करणी गरेको, त्यसपछि मकैबारी तथा उतिसको रूखमुनिसमेत लगेर तीन पटक जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको देखिन्छ। वारदातको भोलिपल्ट खाँदबारी अस्पतालमा पीडितको शारीरिक परीक्षण हुँदासमेत पीडितको कन्याजाली च्यातिएको, Forchet मा Laceration भएको रगत अलिअलि बगेको पाइनुको साथै गुप्ताङ्गको बाहिरी भागमा न्याल रगत मिसिएको चिल्लो पदार्थ वरिपरि लागेको भनी उल्लेख भएबाट पीडितलाई जबरजस्ती करणीको वारदात भएको (Corpus delicty of rape) पुष्टि भएको पाइने।

जाहेरी दरखास्तमा स्वयम् पीडितले आफ्नो उमेर १७ वर्ष भनी उल्लेख गरेकी छिन्। अदालतमा समेत आफ्नो वास्तविक जन्म मिति २०५१।१२।२९ नै हो, विद्यालयको रजिस्ट्रेसन फाराम भर्दा खास जन्म मितिलाई घटाई २०५३।१२।१९ बनाई भरेको हो भनी बकपत्र गरेकी छिन्। निजले अध्ययन गरेको विद्यालय श्री महेश्वरी नि.मा.वि. याफुमा २०६४।१।१३ मा कक्षा ६ मा भर्ना हुँदा निजको जन्म मिति २०५१।१२।२९ उल्लेख गरी पिताले हस्ताक्षर गरेको मिसिल संलग्न भर्ना रेकर्ड पुस्तिकाबाट देखिन आएकोले निज पीडितको वास्तविक जन्ममिति २०५१।१२।२९ नै रहेको देखिँदा वारदात मिति २०५८।१२।१४ मा पीडितको उमेर १७ वर्ष भएको पुष्टि हुन आएको पाइने।

अलगअलग जिल्ला र गाउँ विकास समितिमा घर ठेगाना रहेका यी पीडित र प्रतिवादीबीच पूर्व परिचित रहेको भन्ने मान्न मिल्नेसमेत देखिँदैन। एस.एल.सी. परीक्षा दिन आएकी पीडितालाई प्रहरी जवानसमेत रहेका प्रतिवादी अमृतबहादुर राईले रातको समयमा परीक्षा केन्द्र रहेको विद्यालयमा चिट लुकाउन जाने क्रममा भेटाई चिट चोर्न सहयोग गर्ने प्रलोभन दिई नमाने ज्यान मार्नेसम्मको धम्कीसमेत दिई डर त्रासमा अनुचित प्रभावमा पारी जबरजस्ती करणी गरेको, १७ वर्षकी पीडिताको मौकाको जाहेरी तथा स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिएकाले प्रतिवादीको कसुर मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिमको कसुर पुष्टि हुन आएको देखिने।

अतः विवेचित तथ्य प्रमाणहरूबाट प्रतिवादी अमृत राईले पीडिता वर्ष १७ की परिर्वतित नाम "ए" लाई जबरजस्ती करणी गरेको प्रमाणबाट पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ७ वर्ष कैद सजाय गरेको हदसम्म पुनरावेदन अदालत धनकुटाको मिति २०७०।११।२६ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई ऐ. महलको ३(४) नं. अनुसार प्रतिवादी अमृतबहादुर राईलाई ५ (पाँच) वर्ष कैद हुने र पीडिताले प्रतिवादीबाट रू.२५,०००।- क्षतिपूर्ति पाउने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-१०५२, अंश मासिक खर्च, *नारायणी रिमालसमेत वि. देवीकुमारी जि.सी. रिमाल*

कि.नं.३६० को जग्गा कित्ताकाट भई कि.नं.११९९ को ०-४-१-२ र कि.नं.१२०० को ०-६-२-० कायम भएको पाइन्छ। सोमध्ये प्रतिवादी नारायणी रिमालले कि.नं.११९९ को ०-४-१-२ को जग्गा मिति २०६५।०२।२१, र.नं.२००० मा गोविन्दप्रसाद पोखरेललाई रू.१,००,०००।- मा राजीनामा गरी हक हस्तान्तरण गरेको देखिन्छ। बाँकी कि.नं.१२०० को ०-६-२-० जग्गामा पक्की घरसमेत बनेको देखिन्छ। घर निर्माण भएको जग्गा नै सगोलको

देखिएको अवस्था रहेको र सोही कि.नं.१२०० को जग्गा धितो राखी प्रतिवादी नारायणी रिमालले Home loan नेपाल बैंक लि. बाट मिति २०६५।०९।२७ मा लिएको देखिने।

Home loan लिएको मिति २०६५।०९।२७ रहेको र फिराद परेको मिति २०६८।११।१८ रहेको देखिन्छ। सगोलको जग्गामा घर निर्माण भएको र सोही जग्गा धितो राखी बैंकबाट ऋण लिएको देखिँदा घर निर्माण गर्दा लागेको ऋण र सो घरसमेत सगोलको हुने भई बन्डासमेत लाग्ने देखिन आउने।

प्रतिवादी नारायणी रिमालको नाउँमा दर्ता रहेको पर्वत जिल्ला पकुवा गा.वि.स. वडा नं.७ को कि.नं.३४९, ५५२, ५५४, ५५६, ५६१, ५६३, ५६५, ५६६, ४०७, २०९, ५५८, ४४८ समेतका १२ कित्ता जग्गाहरू प्रतिवादी रूद्रबहादुर रिमालबाट विभिन्न मितिमा हालको बकसपत्रबाट हक हस्तान्तरण गरेको पाइन्छ । प्रतिवादी नारायणी रिमालको पेवा, दाइजो र शिक्षण पेसाबाट कमाएको रकम घर व्यवहार चलाउन खर्च भएकाले उक्त कि.नं. का जग्गाहरू निज नारायणी रिमाललाई बकसपत्रमार्फत हक हस्तान्तरण गरेको हो भन्ने प्रतिउत्तर तथा पुनरावेदन जिकिर रहेको पाइन्छ। प्रतिवादीहरूले जिकिर लिएअनुसारको पेवा, दाइजो तथा शिक्षण पेसाबाट कमाएको रकम यकिन हुन सकेको छैन। प्रतिवादीको केवल जिकिरलाई विश्वास गर्न मनासिब नदेखिने।

प्रतिवादीहरू रूद्रबहादुर रिमाल र कौशलचन्द्र रिमालको नाउँको राष्ट्रिय बाल शिक्षा सदनमा रहेको सेयर निजी आर्जनको भई बन्डा नलाग्ने देखिन आयो। प्रतिवादी रूद्रबहादुर रिमालको नाउँमा दर्ता रहेका सबै जग्गाहरू सगोलकै देखिन आयो। साथै अन्य सगोलको सम्पूर्ण पैतृक सम्पत्तिसमेत प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अन्यथा प्रमाणित नभएसम्म सगोलको अंशियारको नाउँमा रहेको सम्पत्ति सगोल हुन् भनी अनुमान गर्नुपर्ने।

वादी अञ्जान रिमालको जन्म मिति २०५४।०५।१५ मा भएको पाइन्छ। निज हाल विद्यार्थी रहेको साथै विवाहसमेत हुन बाँकी नै रहेको देखिन्छ। आफूहरूबाट वादीलाई मासिक खर्च रू.५,०००।- दिन नसक्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको पाइन्छ । प्रथमतः प्रतिवादीहरूले वादीलाई आफ्नो इज्जत आमदअनुसारको आवश्यक हेरचार गरेको भए वादीहरू रहरले अदालत प्रवेश गर्नुपर्ने मनासिब कारण देखिँदैन । वादी प्रतिवादीहरूले पेस गरको तायदाती फाँटवारी, निजहरू संलग्न रहेको पेसासमेतलाई मध्यनजर गर्दा निजहरूको आयस्रोतबाट वादीहरूलाई रू.५,०००।- मासिक खर्च भराइदिने भनी सुरू फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बागलुङबाट भएको फैसला न्यायोचित नै रहेको पाइने।

उपर्युक्त विवेचित आधार कारणबाट सुरू पर्वत जिल्ला अदालतबाट भएको फैसलामा ऋणको हकमा मात्र राय किताबमा लेखिएको बेहोरा "प्रतिवादीले तायदाती फाँटवारीमा देखाएको ऋणीको सम्बन्धमा साहुको नालेस परेको अवस्थामा ठहरेबमोजिम हुन्छ" भन्ने उल्लेख भएकोमा फैसलाको ठहर खण्डमा "प्रतिवादी रूद्रबहादुर रिमालको तायदातीमा देखाएको ऋण बन्डा हुन सक्दैन" भन्ने वाक्यांशको हदसम्म विरोधाभाष देखिएकोले प्रतिवादीले तायदातीमा देखाएको नेपाल बैंक लि.को ऋणबाहेक अन्य ऋणको हकमा साहुको नालेस परेको बखत ठहरेबमोजिम हुने भनी राय किताबमा लेखिएबमोजिम नै हुने ठहर भई पुनरावेदन अदालत बागलुङबाट भएको फैसला अन्यथा भन्न मिलेन । प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा निजहरूका तर्फबाट उपस्थित कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिरसँग समेत

सहमत हुन सकिएन । अतः पुनरावेदन अदालत बागलुङबाट मिति २०७१।७।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

इति संवत् २०७५ साल भदौ १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१४०२, कर्तव्य ज्यान, चोरी, *नेपाल सरकार वि. भोला बुढाथोकीसमेत*

मृतक आमाले लगाएको माडवारी १ जोडा र तिलहरी १ थान चोरी गरी लगेकोमा प्रतिवादी भोला बुढाथोकी साबित भई बयान गरेको अवस्था छ । जाहेरीमा सबै गहनाको एकमुष्ट १ तोला सुन भन्नेसम्म उल्लेख गरेको देखिन्छ। जाहेरी र अभियोगमा एकरूपतासमेत पाइँदैन । बरामदी मुचुल्कामा मूल्य खुलेको पनि पाइँदैन। तिलहरीको तौल २३ लाल थियो भनी प्रतिवादी अर्जुन वि.क.ले बयान गरेको पाइन्छ । यस्तो अवस्थामा वस्तुगत आधारमा मूल्याङ्कन गरी बिगो कायम गरिएको र आफ्नै आमाको सम्पत्ति लगेका समेत अवस्थालाई समेत विचार गर्दा सुरू अदालतबाट न्यायको रोहमा बिगो कायम गरी फैसला भएकोमा पुनरावेदन अदालतबाट उक्त फैसला सदर भएको अवस्थालाई अन्यथा भन्न मिल्ने देखिएन । यसर्थ अभियोग दाबीबमोजिम चोरीको बिगो कायम गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

आमाको उपचार गर्नुछ भनी हार गुहार गरी विश्वासमा पारी बन्धकीमा लिएको अवस्था देखिन्छ । बन्धकी राखेको अवस्थालाई चोरीको माल भनी जानीजानी खरिद गरेको वा राखेको भन्ने अर्थ गरी सजाय गर्नु न्यायोचित हुँदैन । प्रतिवादीका साक्षी एवम् जाहेरवालाले समेत अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूले चोरीको माल भनी जानीजानी किनेका होइनन् भनी बकपत्र गरेकोसमेत देखिन्छ । यी मिसिल संलग्न सम्पूर्ण तथ्य तथा प्रमाणको मूल्याङ्कनबाट यी प्रतिवादीहरूले उक्त सुन किन्ने वा बन्धकी राख्दा बेइमानीको नियत र मनसाय नराखेको, बिरामीको अप्रेशन उपचार गर्ने भन्ने विश्वासमा परी मानवीयताको असल नियतले सम्म उक्त चोरीको गहना लिएको राखेको पुष्टि हुन आउँछ । अतः यी प्रतिवादी अर्जुन वि.क. र राजन कामीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

यसर्थ विवेचित आधार र कारणबाट सुरू रामेछाप जिल्ला अदालतले प्रतिवादी भोला बुढाथोकीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी मिति २०७०।११।६ मा भएको फैसला यस अदालतबाट मिति २०७२।१२।४ मा साधक सदर भइसकेको छ । अब चोरीको बिगोतर्फ निज प्रतिवादीका हकमा विचार गर्दा चोरी भएको गहनाको बिगो रू.४२,१३७।६५ कायम गरेको उक्त आधार प्रमाणहरूबाट मनासिबै देखिँदा सोही चोरीको बिगो कायम गरी जरिवाना रू.४२,१३७।६५ र प्रतिवादीहरू अर्जुन वि.क. र राजन कामीलाई अभियोग दाबीबाट सफाइ दिने गरी गरेको फैसला सदर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।९।१६ मा भएको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन आएन । सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल माघ १२ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-००७८, ०६७-CR-००७९, ०६७-CR-००८०, ०६७-CR-०१७९,

०६७-CR-०२७७, डाँका, *शिवनारायण पटेल कुर्मी वि. नेपाल सरकार, विनोद साह कानू वि. नेपाल सरकार, गौरीशंकर प्रसाद पटेल वि. नेपाल सरकार, पन्नालाल प्रसाद यादव वि. नेपाल सरकार, नेपाल सरकार वि. शत्रूधन दाससमेत*

जाहेरवालाको किटानी जाहेरी तथा अदालतमा भएको बकपत्र, जाहेरवालाको सनाखत कागज, वस्तुस्थिति मुचुल्का, बरामदी मुचुल्कासमेतका मिसिल संलग्न कागजातबाट लेखापाल जितबहादुर नेगी र प्राविधिक सहायक सुरेशप्रसाद चौरसिया अफिसको मोटरसाइकलमा चढी बैंकमा गई तलब रकम निकाली फर्कने क्रममा प्रतिवादीहरूको योजनाअनुसार प्रतिवादीहरू गौरीशंकरप्रसाद पटेल, विनोद साह कानू र शत्रूधन दासले बाटोमा ढुकी साइकलले बाटोमा अवरोध पुऱ्याई जबरजस्ती किसिमले अभियोग दाबीबमोजिमको रकम चोरी गरेको र अन्य प्रतिवादीहरूसमेत मिली बाँडी लिए खाएको देखिन आएकोले निजहरूले अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

रहजनीको रीतसँग चोरी गर्दा तीन जनाको प्रत्यक्ष संलग्नता रहेको भनी जाहेरवाला जितबहादुर नेगीले बकपत्रमा उल्लेख गरेको देखिन्छ । अन्य प्रतिवादीहरूले चोरी गरेको रकम बाँडी खाने कार्यमा संलग्नता जनाएको भन्ने निज प्रतिवादीहरूको बयान बेहोरासमेतबाट देखिन आएको छ । उक्त वारदातस्थलमा तीनजना प्रतिवादीहरूको मात्र प्रत्यक्ष संलग्नता रहेको अवस्थामा मुलुकी ऐन, चोरीको महलको ६ नं. बमोजिम डाँका चोरीको कसुर कायम गर्न मिल्ने देखिएन । यसरी चोरीको प्रकृति तथा प्रत्यक्षरूपमा संलग्न प्रतिवादीहरूको संख्यात्मक आधारमा डाँका चोरीको कसुर गरेको मान्न मिल्ने अवस्था नदेखिँदा प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम नै डाँका चोरीमा सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी शत्रूधन दासको जन्मदर्ताको प्रमाणपत्र तथा श्री आदर्श निम्न माध्यमिक विद्यालय बाराको Transfer & Character Certificate मा निजको जन्ममिति २०४९।५।२५ रहेको देखिन्छ । उक्त मितिले वारदातको समयमा निजको उमेर १६ वर्षभन्दा कम नै रहेको देखिँदा निज प्रतिवादीलाई साबालिकसरह सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः पुनरावेदन अदालत हेटौंडाबाट सुरू पर्सा जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदक / प्रतिवादीहरू गौरीशंकरप्रसाद पटेल, बलराम पटेल र विनोद साह कानूको हकमा मुलुकी ऐन, चोरीको ५ नं. बमोजिम रहजनी चोरीको कसुरमा ऐ. चोरीको १४(३) नं. बमोजिम २ महिनाका दरले कैद भई बिगो रू.२,८३,४१५।९० को दोब्बरले हुने रू.५,६६,८३१।८० का दरले जरिवाना भई सोबापत समेत कैद हुने, प्रतिवादी शत्रूधन दासको हकमा निज १६ वर्ष नाघेको अवस्था नदेखिएकाले मुलुकी ऐन, चोरीको १४(३) नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम १ महिना कैद र रू.२,८३,४१५।९० जरिवाना भई सोबापत समेत कैद हुने, प्रतिवादीमध्येका शिवकुमार भन्ने शिवनारायण पटेल र पन्नालाल प्रसाद यादवलाई मुलुकी ऐन, चोरीको २० नं. बमोजिम २ महिनाका दरले कैद तथा बिगो रू.५,६६,८३१।८० का दरले जरिवाना भई सोबापत समेत कैद हुने ठहऱ्याई मिति २०६७।१।७

मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-CR-०२७६, हातहतियार खरखजाना, *नेपाल सरकार वि. शत्रूधन दाशसमेत* मुद्दासमेत रहेको छ।

## इजलास नं. १२

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-१४५३, बहुविवाह, *नेपाल सरकार वि. जानकी भन्ने जयन्ती मिश्र (महरा)*

मुद्दा चलाउने हकदैया रहेको निकाय वा व्यक्तिलाई हदम्याद लाग्ने हो। कानूनमा "थाहा पाएको मितिबाट" हदम्याद कायम हुने गरी व्यवस्था भएको कुराको अर्थ अरू जो सुकैले थाहा पाएर हदम्याद सुरू हुँदैन, मुद्दा चलाउने अधिकार पाएको वा हकदैया रहेको व्यक्ति वा निकायले थाहा पाएको मितिबाट हदम्यादको गणना गर्नुपर्छ भन्ने नै हो। सोहीअनुसार हदम्याद गणना गर्ने लामो न्यायिक अभ्यास कायम रहेको छ। यसरी गणना गर्ने प्रचलन तथा यस अदालतबाट मुद्दाको रोहमा प्रतिपादित सिद्धान्त प्रतिकूल हुने गरी बहुविवाह मुद्दामा जेठी पत्नीले थाहा पाएको मितिबाट हदम्याद कायम हुन्छ भन्नु मनासिब नदेखिने।

वस्तुत: सरकार वादी भई चल्ने मुद्दामा अनुसन्धान गरी मुद्दा चलाउने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएको मितिले हदम्याद सिर्जना हुने कुरा प्रस्ट नै छ। प्रस्तुत मुद्दामा जाहेरी दर्खास्त दर्ता भएको मिति २०७१।१।२३ ले ३ महिनाभित्र अर्थात् मिति २०७१।२।७ गते अभियोग पत्र दायर भएको देखिएको छ। सो मिति अगावै मुद्दा चलाउने निकाय वा अधिकारीलाई मुद्दा चलाउनु पर्ने कारण सिर्जना भएको (बहुविवाह गरेको) कुराको जानकारी थियो भनी देखिने कुनै मनासिब आधार खुल्न आएको देखिएन। तसर्थ प्रस्तुत मुद्दा हदम्यादभित्रै दायर भएको देखिन आयो। यस्तो अवस्थामा हदम्यादको आधारमा खारेज गर्ने गरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी तथ्यभित्र प्रवेश गरी फैसला गर्नुपर्नेमा सुरू जिल्ला अदालतबाट भएको खारेजी फैसला सदर गर्ने गरी पुनरावेदन अदालत दिपायलबाट भएको फैसला कानून र यस अदालतबाट प्रतिपादित सिद्धान्तअनुकूल नदेखिने।

अत: उल्लिखित तथ्य, कानून र सिद्धान्तहरूसमेतको आधारबाट हदम्यादको आधारमा मुद्दा खारेज गर्ने गरी कैलाली जिल्ला अदालतबाट मिति २०७१।०४।२१ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।२।२७ मा भएको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला उल्टी हुन्छ। अब प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश गरी जो जो प्रमाण बुझ्नुपर्छ बुझी प्रमाणको न्यायोचित मूल्याङ्कन गरी कानूनबमोजिम पुन: इन्साफ गर्नू भनी मिसिलसहित तारेखमा रहेका प्रतिवादीहरूलाई तारेख तोकी उच्च अदालत, दिपायलमा लेखी पठाई दिने।

इजलास अधिकृत: चाणकमणि अर्याल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल पुस ७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०३४८, सवारी ज्यान, *नेपाल सरकार वि. मधुकर हमाल*

वारदात चाबहिल गौशालाको व्यस्त सडकमा बेलुका ६ बजेको आसपासमा प्रतिवादीले

चलाएको बसको ठक्करको कारण मोटरसाइकल चालक रूपेस बस्नेतको मृत्यु भएको देखिन्छ । उक्त घटनाका प्रत्यक्षीदर्शी जाहेरवाली प्रेमा भण्डारी बस्नेत, प्रतिवादीले चलाएको बसका यात्री चण्डिका ढकाल एवं बुझिएका श्रवण थापासमेतको अदालतमा गरेको बकपत्र, अनुसन्धानको क्रममा तयार भएको सडक दुर्घटना प्रतिवेदनबाट मित्रपार्क र जयबागेश्वरी बीचमा पर्ने पेट्रोलपम्पको नजिक चाबहिलबाट गौशालातर्फ आइरहेको बा.५३ प. ४०२३ नं. को मोटर साइकललाई बा.१ख.८९२३ नं. को बसले ठक्कर दिएको र बस रोक्न इसारा गर्दा नरोकी अगाडि बढाउँदा मृतक रूपेस बस्नेतलाई किचेको कारण मृत्यु भएको मिसिल संलग्न प्रमाणहरूबाट देखिएको छ । निज प्रतिवादी मधुकर हमालले लापरबाहीपूर्वक बस चलाएको कार्यको परिणामस्वरूप घटना घट्न गएको देखिन आउने ।

सवारी चालक र मृतकबीच पूर्व चिनजान, रिसइवी वा ज्यान लिने मनसाय रहेको तथ्य खुल्न आएको देखिँदैन । लापरबाहीपूर्ण तवरबाट सवारी साधन चलाएको कारणबाट दुर्घटना हुन पुगेको देखिएको छ । तसर्थ प्रतिवादीको सो कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(१) बमोजिमको नभई सोही ऐनको दफा १६१(२) बमोजिमको कसुर हो भन्ने देखिन आउने ।

अतः प्रतिवादी मधुकर हमालले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर गरेकोले सोही दफाबमोजिम कसुर ठहर गरेको सुरू फैसला सदर गरी चार (४) वर्ष कैद सजाय हुने ठहर गरेको मिति २०७३।७।२ गतेको उच्च अदालत पाटनको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७४ साल चैत ८ गते रोज ५ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०२२३, उत्प्रेषण / परमादेश, *महेश्वर श्रेष्ठ वि. लोक सेवा आयोग, के.का. अनामनगर काठमाडौं*

निवेदकले लोक सेवा आयोगद्वारा विज्ञापित पदको दरखास्तको अन्तिम मिति २०७२।७।१७ भन्दा पहिले नै त्रिभुवन विश्वविद्यालयको सम्बन्धित निकायमा समकक्षताको लागि दरखास्त दिएको देखिन्छ । निजको निवेदनमा कारबाही भइरहेको भन्ने जानकारी पनि सम्बन्धित निकायले दिएको देखिन्छ । सम्बन्धित निकायमा निवेदकले दरखास्त दिएको छ र त्यहाँको कर्मचारीतन्त्र वा अन्य ढिलाइको कारणले समकक्षताको प्रमाणपत्र जारी हुन सकेको छैन र अर्कोतर्फ लोक सेवा आयोगले दरखास्त स्वीकार गरी लिखित परीक्षाको नतिजासमेत प्रकाशित गरिसकेको अवस्था छ र यस्तोमा निवेदकको शैक्षिक उपाधि समकक्षी हो वा होइन भन्ने प्रश्न उठ्छ भने आयोग आफैँले सम्बन्धित निकायमा सोधपुछ गरी निर्णय निष्कर्षमा पुग्नुपर्छ । आवश्यक शैक्षिक उपाधि नहुनु र समकक्षसम्म निर्धारण नहुनु अलगअलग कुरा छन् । यहाँ शैक्षिक उपाधी समकक्षी नभएको अवस्था होइन भने त्यतिकै आधारमा दरखास्त नै रद्द गर्नु न्यायपूर्ण नहुने ।

हेल्थ एजुकेसन र हेल्थ इन्सपेक्सनलाई स्वास्थ्य नियमावली, २०५२ को अनुसूची ७ मा अलगअलग समूहमा राखिए पनि हेल्थ एजुकेसन र इन्सपेक्सन एक अर्कासँग सम्बन्धित देखिन्छन् । कर्मचारीले स्वास्थ्य शिक्षामार्फत हासिल गरेको कुरा र स्वास्थ्य सेवामा प्रवेश गरेपछि प्राप्त

गरेको तालिमलाई कार्यक्षेत्रमा कति उतार्‍यो भन्ने कुरा निरीक्षण र अनुगमनबाट खुल्दछ । सेवाको गुणस्तर इन्सपेक्सनबाट हेरिन्छ भने गुणस्तर सुधार्ने कुरा शिक्षामार्फत हुन्छ । साथै निवेदकको भविष्यमा सम्हाल्नु पर्ने जिम्मेवारीतर्फ हेर्दा पनि सो पद व्यवस्थापिकीय पद हो भन्ने देखिन्छ । व्यवस्थापकीय तहको पदमा प्राविधिक भन्दा नेतृत्व र व्यवस्थापनको कुरा मूलरूपमा हेरिनुपर्ने हुन्छ । यस दृष्टिबाट हेर्दा पनि नियमावलीको नियम ८१ ले निर्धारण गरेको सम्बन्धित सेवा समूहसम्बन्धी योग्यता निवेदकमा नभएको भन्न मिलेन । तसर्थ विपक्षी लोक सेवा आयोगबाट यस विषयमा लिएको तर्क कानूनसम्मत नदेखिने ।

कानूनद्वारा तोकिएको योग्यता र अनुभवसम्बन्धी सर्तहरूको विद्यमानता रहेको कारणबाट आन्तरिक प्रतिस्पर्धात्मक तवरबाट बढुवा प्रक्रियाको लागि सामेल भएको अवस्थामा कुनै उचित र विवेकसङ्गत कारण नै नखुलाई प्रक्रिया नै रद्द गर्नु मनासिब हुँदैन । परीक्षा रद्द गर्ने निर्णय गर्दा विपक्षीहरूमध्येको लोकसेवा आयोगले कुनै कानूनी आधार वा चित्तबुझ्दो कारण खुलाएको पनि पाइएन । परिणामतः विपक्षीबाट भए गरिएका काम कारबाही एवम् निर्णयबाट निवेदकहरूको पेसा, व्यवसाय गर्ने संविधान तथा कानूनले प्रदान गरेको हकमा अनुचित बन्देज लगाइएको पुष्टि हुन आउने ।

अतः कानूनबमोजिम प्रक्रिया पूरा गरी लिखित परीक्षामा सामेल भई उक्त लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा सामेल हुनको लागि निवेदक विपक्षी कार्यालयमा उपस्थित भइसकेको अवस्थामा विपक्षीले निवेदकको उक्त परीक्षासँग सम्बन्धित सम्पूर्ण कारबाही रद्द गर्ने भनी निवेदकको दरखास्त फाराम र लिखित परीक्षा रद्द गरी अन्तरवार्ताको सूचीबाट हटाउने गरी मिति २०७३।४।२४ मा गरेको निर्णय एवम् सोही निर्णयका आधारमा निवेदकलाई जानकारी गराइएको मिति २०७३।४।२४ को पत्रलगायतका काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । रिट निवेदकलाई उक्त लिखित परीक्षाको परिणामका आधारमा अन्तर्वार्तामा सामेल गराई निजको अन्तर्वार्तासमेत लिई सो अन्तर्वार्ताको नतिजा नियमबमोजिम यथाशीघ्र प्रकाशित गर्नु भनी विपक्षीका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-०४९७ र ०७३-CR-०६८६, जबरजस्ती करणी, *नेपाल सरकार वि. कनकलाल माझी र कनकलाल माझी वि. नेपाल सरकार*

पीडित ३२ चन्द्रनिगाहपुर (झ) को उपर्युक्तबमोजिम करणी लिने दिने कार्यमा सहमति थियो थिएन भन्ने सम्बन्धमा मिसिल संलग्न प्रमाणहरू हेर्दा यी प्रतिवादीलाई पहिलेदेखि नै चिनेका सम्बन्धमा विवाद नभई यिनको विश्वासमा पार्कमा घुम्न आएको अवस्थामा यी प्रतिवादीले दिएको चिसो पेय पदार्थ खाँदा नशा लागेको र डर, धाक, धम्की देखाई जबरजस्ती करणी गरेपश्चात् लुगा लगाउन नपाउँदै अन्य प्रतिवादीहरूसमेत आई जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिएको, सोही मिलानको वस्तुस्थिति मुचुल्कासमेत रहेको र यी पीडितले अदालतमा समेत आई सोही घटनाक्रम र बेहोरा खुलाई यी प्रतिवादीले दिएको पेय पदार्थले गर्दा नशा लागेको अवस्थामा जबरजस्ती करणी गरेको भनी बकपत्रसमेत गरेबाट यी प्रतिवादीले पीडितको सहमतिमा करणी लिनुदिनु

गरेको अवस्था नदेखिने ।

अन्य प्रतिवादीहरू राजेश धामी, विश्वकान्त चौधरी, सुभाषकुमार, धीरेन्द्र धामी र सञ्जय धामीको बयानमा पनि यी प्रतिवादी कनकलाल माझीलाई वारदात स्थलमा करणी गर्न लागेको देखी पीडित र यी प्रतिवादीलाई कब्जामा लिई जबरजस्ती करणी गरेको हो भनी वारदात कसुरमा साबिती भई बयान गरेको देखिन्छ । यस अवस्थामा यी पीडितको जाहेरी दरखास्तमा प्रतिवादी कनकलाल माझीले आफ्नो भाषामा फोन गरी अन्य प्रतिवादीहरूलाई पनि बोलाएको भनी उल्लेख गरे पनि सो कुराको पुष्टि वादी पक्षले सो समयको Call Detail Record वा यी प्रतिवादीहरूसँग भएको मोबाइल फोनबाट देखाउन सक्नु पर्नेमा सोसमेत देखाउन सकेको पाइएन । यी प्रतिवादी र अन्य ५ जना प्रतिवादीहरू अलगअलग ठाउँका छन् । उमेर समूहलाई हेर्दा पनि यी प्रतिवादीको ४० वर्ष र अन्य प्रतिवादीहरूको १८ देखि २२ वर्षभित्रका भई फरकफरक उमेर समूहका देखिन्छन् । पीडितले समेत जाहेरी दरखास्तमा करणी भइसकेपछि लुगा लगाउन लागेको अवस्थामा अन्य प्रतिवादीहरू आएको भन्ने उल्लेख गरेको र अदालतसमक्ष बकपत्र गर्दासमेत यी प्रतिवादीसँग शारीरिक सम्बन्ध गरिसकेपछि लुगा लगाई रहेको बेला चार पाँचजना आई सञ्जय धामीले हात समाई अरूले आँखा छोपी सुभाष कुँवर, धिरेन्द्र धामी, सञ्जय धामीसमेतले जबरजस्ती करणी गरेको भनी बकपत्र गर्दासमेत पछिल्लो पटक जबरजस्ती करणी हुँदा यी प्रतिवादी पुनरावेदकको संलग्नता रहेको भन्न सकेको नदेखिने ।

प्रतिवादी कनकलाल माझीसँगको शारीरिक सम्बन्धपश्चात् सामूहिक करणी भएको देखिए पनि सो सामूहिक कार्यमा यिनै प्रतिवादीको मत सल्लाह र संलग्नता भएको भन्ने वादी पक्षले प्रमाण पुर्‍याई पुष्टि गर्न सकेको पनि मिसिलबाट देखिँदैन । यस अवस्थामा यी प्रतिवादीलाई सामूहिक करणी गरेतर्फ सफाइ दिई, मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम मात्र ५ (पाँच) वर्ष कैद सजाय गरी रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत पीडितलाई भराउने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्नु नपर्ने ।

अतः यी प्रतिवादी कनकलाल माझीको हकमा पीडितलाई सामूहिक बलात्कार गरेको भन्ने नदेखिएको अवस्थामा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम मात्र सजाय गर्नुपर्नेमा ३क नं. बमोजिम थप सजायसमेत गर्ने गरेको सुरू रौतहट जिल्ला अदालतको फैसला सो हदसम्म उल्टी गरी प्रतिवादीलाई उल्लिखित ऐनको ३(४) नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने र पीडितले प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत भरी पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०७३।२।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-१२४५, कर्तव्य ज्यान, *दिलमाया घर्ती वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले मृतक पतिसँग ज्यान मार्नेसम्मको पूर्वरिसइवी नभएको तथा रक्सीको नशामा रहेको मृतकले यी प्रतिवादीलाई अनाहकमा दोष लगाई गाली गलौज गरी दाउरा लाठीले प्रहार गरेकोमा प्रतिकार स्वरूप यी प्रतिवादीले पनि सोही दाउराले प्रहार गर्दा मृतकले लोग्नेलाई हान्ने स्वास्नीसँग

बस्दिन भनी बाहिर निस्कन खोज्दा निजले लगाएको गलबन्दी समाती तान्दा जण्डिस रोगले कमजोर तथा जाँड रक्सीको नशा लागेका यी मृतक कोठाभित्रकै काठ (मुढा) मा ठोक्किन गई टाउकोमा चोट लागी मृत्यु भएको हुँदा संयोगवश भवितव्य परेको भनी पुनरावेदन जिकिर लिए तापनि घटनास्थलबाट दुईवटा लाठी र दाउराको टुक्रा बरामद भएको, अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूले समेत मादक पदार्थ सेवन गरेको अवस्थामा लाठी र दाउराले हानाहान भएको तथा आफूले गलबन्दी मृतकको घाँटीमा बाँधी घिसारेको स्वीकार नगरेको एवम् प्रत्यक्षदर्शी छोरा प्रेम घर्तीले समेत सो घटनाक्रम उल्लेख गरेको अवस्था हुँदा भवितव्य परेको कारण अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था नदेखिने।

अब सुरू र पुनरावेदन अदालतबाट यी प्रतिवादी दिलमाया घर्तीलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी फैसला भए पनि मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद गर्ने गरी व्यक्त भएको रायका सम्बन्धमा विचार गर्दा मृतक र यी प्रतिवादी पति पत्नी भएको तथा निजहरूबीच मादक पदार्थ सेवन गरी वारदात हुनुभन्दा अघिल्ला दिनहरूमा पनि झगडा भइरहने कार्यले यी प्रतिवादी दिनहुँ जसो आफ्ना पतिबाट प्रताडित (Battered woman syndrome) हुनु परेको भन्ने अवस्था देखिएको छ। वारदातको दिन यी प्रतिवादी बजारबाट साँझ अबेर घर आउँदा मृतक पतिले कोसँग बसेर आइस् भनी यी प्रतिवादीको चरित्रमा दोषारोपण गरेकोबाट मृतकबाट नै झगडाको सुरूवात गरेको पनि देखिन्छ। पहिले मृतकले नै यी प्रतिवादीलाई दाउराले प्रहार गरी रिस उठाई उत्तेजित बनाएको र प्रतिकार गर्ने वातावरण सिर्जना भई यिनले पनि दाउराले प्रहार गरी गलबन्दी समाई लडाएको अवस्थामा मृतकको मृत्यु भएको अवस्था पनि देखिन्छ। निज प्रतिवादी कुनै औपचारिक शिक्षा नपाएकी दैनिक मजदुरी गरी जीविकोपार्जन गरी आएकी, निजका स-साना २ वटा छोराछोरी रहेका र पतिको मृत्युपश्चात् तिनको शिक्षा दिक्षा र भविष्यको जिम्मेवारी पनि यिनै प्रतिवादीउपर रहेको, यी प्रतिवादी बढी अवधि थुनामा रहँदा मातृत्व वात्सल्यबाट लामो समय अलग रहँदा ती छोराछोरीहरूको पढाइ र भविष्यसमेत अन्धकार हुने अवस्था रहेको साथै पतिको मृत्युको बारेमा अनुसन्धान र अदालती प्रक्रियामा समेत घटना सविस्तार उल्लेख गरी सहयोग पुऱ्याएको अवस्था र स्थितिसमेतलाई समष्टिगत रूपमा दृष्टिगत गर्दा निज प्रतिवादी दिलमाया घर्तीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तीको १८८ नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय गर्दा न्यायको उद्देश्य पूरा हुने देखिएकोले निज प्रतिवादी दिलमाया घर्तीलाई ७ (सात) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७०-CR-१५५९, डाँका, *नेपाल सरकार वि. शुरेन भन्ने विरबहादुर राईसमेत*

जाहेरवालासमेतलाई पेस्तोल देखाई मोबाइलसमेत गरी बिगो रू.६,५६,०००।- बराबरको धनमाल प्रतिवादीहरू वीरबहादुर राई, सुमन तामाङ, दिपेन कोइराला, हेम्जो टुडु, पुष्प खनाल, अजय झागडसमेतले डाँका गरी लगेकोले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १ नं. विपरीत ६ नं. बमोजिमको कसुरमा ऐ.महलको १४(४)

नं. बमोजिम पहिलापटक कायम गरी सजाय गरी सजाय हुन र डाँका गरी लगेको धनमाल ऐ. महलको १० (३) नं. बमोजिम प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराइ पाउँ भन्ने अभियोग मागदाबी देखिने ।

बिगो कायम गरेको र जरिवानाको हकमा सम्म वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिन आयो । मिसिल हेर्दा जाहेरवालाले उल्लेख गरेको बिगो बरामद भएको देखिँदैन । केवल प्रतिवादीहरूले स्वीकार गरेको बिगोलाई नै अदालतले बिगो कायम गरेको देखिन्छ । सोभन्दा बढी बिगो कायम हुनसक्ने अवस्था पनि मिसिलबाट केही देखिँदैन । यस स्थितिमा बिगो कायम गरी स्वीकार गरेको बिगोलाई बिगो मानी सोही बिगो भराउने र मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम बिगोको डेढी जनही जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालत इलामको फैसलालाई अन्यथा भन्नु पर्ने नदेखिने ।

अतः उल्लिखित आधार कारणसमेतबाट प्रतिवादीहरू सुरेन भन्ने वीरबहादुर राई, उपहार भन्ने सुमन तामाङ, सुरज भन्ने हेम्जो टुडु र दिपेन कोइरालालाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम निजहरूले खाएको बिगो जनही रू.२,५००।– (दुई हजार पाँचसय) का दरले जनही बिगो भराउने र सोको डेढो रू.३,७५०।– (तीन हजार सात सय पचास) का दरले जरिवाना र जनही कैद ६ (छ) वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७०।७।११।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

इति संवत् २०७५ साल भदौ २८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७४-WH-०१०९, बन्दीप्रत्यक्षीकरण, *प्रज्वल पराजुली वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत*

रिट निवेदक प्रज्वल पराजुलीसमेतलाई विपक्षी बनाई मनोज खड्कासमेतको जाहेरीले वादी नेपाल सरकार भएको वैदेशिक रोजगार ठगी मुद्दामा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विरूद्धको कसुर गरेको भनी सोही ऐनको दफा ४३ अनुसार सजायको दाबी लिई मिति २०६८।३।७ मा वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोग पत्र दायर भएको देखिने ।

वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको यी रिट निवेदकको नाउँको म्याद तामेलीमा माथि उल्लेख भएअनुसार घरद्वार वा परिवारका मानिस खोजेको वा घरद्वार पत्ता लगाई टाँस्ने प्रयास गरेको भन्ने आदि केही उल्लेख भएको वा गा.वि.स. कार्यालयको सूचना पाटीमा टाँसिएको भन्ने नपाइँदा सार्वजनिक पीपलको बोटमा टाँस गरेको उक्त म्यादलाई संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ७ को उपदफा (२) एवम् मुलुकी ऐन, अ.वं. ११० नं. को रीत पुगेको भन्न मिल्ने नदेखिने ।

फौजदारी मुद्दामा आरोप लागेको व्यक्तिलाई सुनुवाइको मौका दिनु प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त हो । आरोपित व्यक्तिलाई आफू विरूद्ध लागेको आरोपको सम्बन्धमा सुनुवाइको मौका दिई प्रतिरक्षाको अवसर प्रदान गर्नु स्वच्छ सुनुवाइको मूल मान्यता हो । अर्को पक्षलाई पनि सुन (Audi Aulterm partem) भन्ने मान्यतामा आधारित छ । यसको लागि अभियोग लागेको व्यक्तिलाई उसका विरूद्ध लागेको अभियोगको जानकारी दिइएको हुनुपर्छ र उसले सोको जानकारी पाएको छ भन्ने सुनिश्चितता हुनुपर्छ । अभियोग लागेको व्यक्तिलाई सुनुवाइको उचित मौका नदिई आरोपित व्यक्तिको उपस्थिति

विनाको सुनुवाइ एकपक्षीय हुन्छ । एकपक्षीय सुनुवाइ हुनु भनेको स्वच्छ सुनुवाइको विश्वव्यापी रूपमा सर्वस्वीकृत मान्यताविपरीत भएकोले न्यायको रोहमा स्वीकार्य हुँदैन । स्वच्छ सुनुवाइ फौजदारी न्यायिक कारबाहीको पहिलो आधारभूत सर्त हुने ।

आफू विरूद्धको आरोप तुरून्त यहाँ पाउने अधिकारले फौजदारी न्यायको प्रक्रियामा आरोपित व्यक्तिलाई यथाशीघ्र आफ्नो मुलुकको कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरेर निजको विरूद्ध लागेको अभियोग थाहा पाउने कुराको सुनिश्चितता गर्दछ । उक्त अभिसन्धिले स्थापित गरेका स्वच्छ पुर्पक्षको मापदण्डहरूलाई विश्वभरि नै फौजदारी न्याय प्रणालीको उपयुक्तता जाँच गर्ने कसीको रूपमा लिइने ।

स्वच्छ सुनुवाइको अवधारणा न्यायपालिकाप्रतिको जनआस्था र विश्वाससँग पनि जोडिएको हुन्छ । न्यायपालिकाबाट हुने हरेक काम कारबाहीहरूमा कानूनको उचित प्रक्रिया (Due Process of Law) को अवलम्बन हुने जन विश्वास रहेको हुन्छ । जहाँ स्वच्छ पुर्पक्षका अवधारणा, मूल्य, मान्यता, सिद्धान्त र मापदण्डहरूलाई उपेक्षा गरेर फौजदारी न्याय प्रणाली अगाडि बढाइएको हुन्छ त्यहाँ राज्य र न्यायिक निकायहरूप्रति जनताको विश्वास हुँदैन । तसर्थ स्वच्छ पुर्पक्ष आधुनिक न्याय प्रणालीको आत्मा हो । त्यसमा पनि फौजदारी न्याय प्रणालीको लागि त स्वच्छ सुनुवाइ अपरिहार्य हुन्छ । मुद्दाको सुनुवाइमा सम्बन्धित पक्षको न्यायपूर्ण सहभागिताबाट मात्र न्यायिक प्रक्रिया विश्वसनीय हुने ।

स्वच्छ सुनुवाइको हकलाई व्यक्तिको मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति प्रदान गरेको अवस्था छ । मुलुकी ऐनलगायत विभिन्न ऐनहरूमा भएका म्याद तामेलीसम्बन्धी व्यवस्थाहरू उल्लिखित अन्तर्राष्ट्रिय कानून तथा संविधानद्वारा प्रदत्त स्वच्छ सुनुवाइको हकलाई क्रियान्वयन गर्न भएका कानूनी व्यवस्थाहरू हुन् । म्याद तामेलीको उद्देश्य भनेको अभियोग लागेको व्यक्तिलाई निज विरूद्ध लागेको अभियोग, प्रमाण र तत्सम्बन्धी कारबाहीको जानकारी दिई आफ्नो मुद्दामा प्रतिरक्षा गर्न पाउने अधिकारको सुनिश्चितता गर्नु हो । म्याद कानूनबमोजिम तामेल भएको हुँदैन भने त्यस्तो गैरकानूनी किसिमबाट तामेली म्यादको आधारमा पक्षले स्वच्छ सुनुवाइको मौका पाएको भन्न मिल्दैन । माथि उल्लेख भएअनुसार यी रिट निवेदकको नाउँमा वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको म्याद प्रचलित कानूनबमोजिम तामेल भएको नदेखिँदा रिट निवेदकलाई स्वच्छ सुनुवाइको अवसर र प्रतिरक्षाको उचित मौका दिइएको भन्न नमिल्ने ।

त्रुटिपूर्ण म्याद तामेलीको कारण निवेदकले मुद्दामा सुनुवाइको अवसर नपाई प्रतिवाद गर्ने अवसरबाट समेत वञ्चित भएको देखिँदा त्यस्तो प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएका काम कारबाही र सोको आधारमा भएको फैसलाले समेत वैधता पाउन नसक्ने हुँदा उक्त म्याद र निजको हकमा भएको मिति २०७०।११।५ को वैदेशिक रोजगार न्यायाधिकरणको फैसलासमेत निजको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । उक्त फैसला कार्यान्वयनको क्रममा निवेदक मिति २०७५।१।१८ मा पक्राउ परेको हुँदा निज विरूद्धको पक्राउ पुर्जी, आदेश, पत्राचार आदि कानूनअनुरूप नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरी बन्दी प्रत्यक्षीकरणको आदेशसमेत जारी गरिदिएको छ । निज विरूद्ध वैदेशिक रोजगार न्यायाधिकरणमा वैदेशिक रोजगार ठगी मुद्दा दायर भएको हुँदा निजलाई उक्त न्यायाधिकरणमा उपस्थित

गराई अड्डाको रोहवरमा म्याद बुझाई कानूनबमोजिम गर्नु भनी परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७५ साल असार २२ गते रोज ६ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६७-WO-१०९१, उत्प्रेषण, *योगराज दाहाल वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकसमेत*

निवेदक सशस्त्र प्रहरी सेवामा प्रहरी निरीक्षक पदमा कार्यरत व्यक्ति भएकोले त्यस्तो सेवामा अधिकृत पदमा रही देश र जनताको सुरक्षाको जिम्मेवारी लिई सेवा गर्ने राष्ट्रसेवक कठोर रूपमा अनुशासनमा बाँधिनु पर्छ । प्रहरी सेवा भनेको सत्यम् सेवम् सुरक्षण् भन्ने मूल मन्त्र नै रहेको हुन्छ। सशस्त्र प्रहरी सेवामात्र होइन जुनसुकै सार्वजनिक संगठनमा अनुशासनको उति नै महत्त्व रहन्छ । प्रहरी संगठन त जनताको जिउधनको रक्षार्थ तथा हितमा अहोरात्र खट्नुपर्ने संगठनमा जुनसुकै बेला पनि कर्तव्यमा तयार रहनुपर्ने र संगठनको नियम अनुशासनलाई कडाइका साथ पालना गर्नुपर्ने।

निवेदक प्रहरी अधिकृतजस्तो सार्वजनिक जवाफदेहीको पद धारण गरेका व्यक्तिले अनधिकृतरूपमा व्यापारी वा गाडीवालाहरूसँग पैसा वा सामानहरू माग गरी असुल गर्ने वा कसैले दिन ल्याएमा स्वीकार गर्ने कार्यलाई सामान्य र स्वाभाविक पनि मान्न मिल्दैन। यहाँ मूल प्रश्न कति सामान वा कति रकम लियो भन्ने भन्दा पनि कुनै कुरा लिने प्रवृत्तिबारे हो। कति लियो भन्ने विषय परिमाणसँग सम्बन्धित भई यसको असर सजायको घटिबढीमा पर्न सक्छ । तर जुन कुरा गर्नै नहुने थियो सो कुरा "१।२ पिस ब्लाङ्केट वा १।२ कार्टुन जुस" मात्र लिएको भन्ने आधारमा यी निवेदकको आचरणलाई चोख्याउन सकिँदैन । जतिसुकै परिमाण भए पनि आफूले सो मालसामान लिएको तथ्य स्पष्टीकरणमा आफैँले उजागर गरेबाट यी निवेदकले आफू कर्तव्य पालनाको सिलसिलामा रहँदा स्वच्छ तरिकाले अनुशासित भई बसेको भन्ने जिकिर स्वीकार गर्न सकिएन। त्यसमाथि पनि आफू मातहतका कर्मचारीहरूले यी निवेदकमाथि लागेको आरोपको पुष्टि गरेको अवस्थामा यस्तो अनुशासनहीन प्रवृत्तिलाई सहजरूपमा लिन नसकिने।

सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८६ बमोजिम २ वर्षसम्म तलब वृद्धि रोक्का गर्ने गरी मध्यक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालयबाट भएको मिति २०६७।३।२० को निर्णयलाई सदर गर्ने गरी सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौंले मिति २०६७।१०।३ मा गरेको निर्णयलाई अन्यथा भन्नुपर्ने देखिन नआउने।

अतः विवेचित आधार कारणहरूबाट अनुशासनमा चल्नुपर्ने सशस्त्र प्रहरी बल संगठनमा यी निवेदकलाई प्रहरी नियमावली, २०६० को नियम ८६(क), (ङ), (ज) र (ञ) को कसुरमा सोही नियमावलीको नियम ८४ (क)(३) बमोजिम रेकर्डमा जनिने गरी दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने गरी मध्यक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालयबाट मिति २०६७।३।२० मा भएको निर्णयलाई सदर गर्ने गरी सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौंले मिति २०६७।१०।३ मा गरेको निर्णय अन्यथा नदेखिएकाले निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मिनबहादुर कुँवर

इति संवत् २०७५ साल भदौ १२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-WO-०५९१, उत्प्रेषण

/ परमादेश, *विजय गुरूङ वि. मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, सिंहदरबारसमेत*

प्रहरी सेवा जस्तो जिम्मेवार पदमा रही सेवाको शर्तबमोजिम काम गर्नुपर्ने जिम्मेवारी भएको यी निवेदक उपचारको नाममा विदेश बसी सम्पर्कविहीन बस्नु र सञ्चित बिदापश्चात् पनि सम्पर्कमा नआउनुलाई निजको जिम्मेवारपूर्ण कार्य मान्न सकिँदैन । यी निवेदक परिवारसँग पनि सम्पर्कमा नरही बेपत्ता रहेको भन्ने कुरा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६६।१।१० र प्रहरी प्रधान कार्यालय, कर्मचारी प्रशासन शाखाको मिति २०६६।१।१४ को पत्रबाट देखिए पनि निवृत्तिभरणकै कारण यी निवेदक यस अदालतमा आएको देखिन्छ । यो अवस्था भए पनि यी निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाइएकोले यी निवेदक पहिले नै बनेको कानूनका आधारमा सेवा प्रवेश भई पुरानै प्रहरी नियमावली, २०४९ को नियम १०१ अन्तर्गतको सुविधा पाउने भन्ने कुरामा दुविधा नदेखिने ।

प्रहरी नियमावली, २०७१ को नियम १३१ को उपनियम (१) मा "बीस वर्ष वा सोभन्दा बढी समयसम्म प्रहरी सेवामा काम गरेका प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिदेखि निवृत्तिभरण पाउनेछ" भन्ने तथा सोही नियमावलीको नियम १३१ को उपनियम (७) मा "भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको प्रहरी कर्मचारीले यस नियमावलीबमोजिमको निवृत्तिभरण पाउने छैन" भन्ने व्यवस्था भए पनि यी रिट निवेदक विजय गुरूङलाई मिति २०५७।६।१७ गतेबाट लागू हुने गरी भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाइएको भन्ने देखिँदा यी निवेदकलाई उक्त नियम आकर्षित हुने नदेखिने ।

राजपत्राङ्कित प्रहरी कर्मचारीले बीस वर्षभन्दा बढी सेवा अवधि प्रहरी संगठनमा रही पूरा गरेको, त्यसैगरी प्रहरी किताबखानाबाट च.नं. ३१४४, मिति २०५८।१२।२७ मा गृह मन्त्रालयको ऐन, नियम परामर्श शाखालाई निर्देशन पाउन पत्राचार भएको र गृह मन्त्रालयको च.नं. ५९८, मिति २०५९।१।४ को पत्रबाट सम्बन्धित व्यक्ति स्वयम्ले नै उपस्थित भई निवृत्तिभरण फाराम भरी पेन्सन पट्टा बनाउनुपर्ने भन्ने राय प्राप्त भएको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिएको अवस्था छ । यसबाट समेत पनि सम्बन्धित निकायहरू यी निवेदकलाई निवृत्तिभरण दिनुपर्ने भन्ने विषयमा सहमत भए पनि कार्यविधिको कारण मात्रले पेन्सन पट्टा बन्न नसकेको देखिने ।

अतः रिट निवेदक विजय गुरूङ प्रहरी नायब उपरीक्षक पदमा रही मिति २०३६।१।७ देखि शाही नेपाली सेनाबाट नेपाल प्रहरी सेवामा प्रवेश गरी मिति २०५६।३।२९ सम्म २० वर्षसम्म अनवरत सेवा गरेकोसमेतका आधार, प्रमाण तथा प्रतिपादित सिद्धान्तसमेतका आधारमा यी निवेदकले प्रहरी प्रधान कार्यालयमा आफैँ निवेदन लिई पेन्सन पट्टा बनाउन उपस्थित भएमा कानूनबमोजिम पेन्सन पट्टा बनाउने कारबाही प्रक्रियाअगाडि बढाई प्रस्तुत विवादलाई अन्तिमता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः मिनबहादुर कुँवर

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ १२ गते रोज ३ शुभम् ।

## इजलास नं. १६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-००३७७ र ०७३-CR-००४४८, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. लालबाबु साहसमेत, विक्की रौनियार भन्ने विक्की कुमार अग्रवाल वि. नेपाल सरकार*

नासिर अलीको साथबाट लागु औषध बरामद नभएको, निज लागु औषध कारोबारमा संलग्न रहेको भनी अन्य प्रतिवादीले पोल गरेको नदेखिएको, बरामद भएको मोबाइल आपराधिक कार्यमा प्रयोग नभएकोले फिर्ता गर्ने निर्णय गरिएको छ भनी अभियोग पत्रमा उल्लेख भएको तथा अदालतमा स्वतन्त्र रूपमा बयान गर्दा आफू लागु औषध सेवनकर्ता भएको भनी स्वीकार गरेको अवस्थामा नासिर अलीको लागु औषध कारोबारमा संलग्नता थियो भनी मान्न मिल्ने नदेखिने।

लालबाबु साहको साथबाट बरामद भएको लागु औषध खैरो हिरोइनको परिमाण न्यून देखिएको, निज लागु औषध कारोबारमा संलग्न रहेको भनी अन्य प्रतिवादीले पोल गरेको नदेखिएको, बरामद भएको मोबाइल आपराधिक कार्यमा प्रयोग नभएकोले फिर्ता गर्ने निर्णय गरिएको छ भनी अभियोग पत्रमा उल्लेख भएको तथा अदालतमा स्वतन्त्र रूपमा बयान गर्दा आफू लागु औषध सेवनकर्ता भएको भनी स्वीकार गरेको अवस्थामा लालबाबु साहको लागु औषध कारोबारमा संलग्नता थियो भनी मान्न मिल्ने नदेखिने।

लागु औषधसम्बन्धी मुद्दा निरपेक्ष दायित्त्व हुने मुद्दा भई प्रमाणको भार प्रतिवादीमा रहने भए तापनि वादी पक्षले अभियोग लगाए मात्र पुग्ने र केही पनि तथ्य प्रमाणित गर्नु नपर्ने भन्ने होइन । यदि प्रत्येक प्रतिवादीको कसुरको मात्रा सम्बन्धमा पृथकपृथक विवेचना नगरी समूहगत रूपमा प्रक्राउ परेको भनी समूहको एक सदस्यले गरेको कसुरमा सबैलाई एउटै दायित्त्व थोपार्ने कार्य फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको समेत विपरीत हुने।

वादी नेपाल सरकारले आफ्नो पुनरावेदन पत्रमा जिकिर लिएको नजिर सिद्धान्तले प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनको निम्ति सहयोग पुर्‍याउने देखिँदैन। यस स्थितिमा प्रत्यर्थी प्रतिवादीहरू नासिर अली र लालबाबु साहलाई लागु औषधको सेवनतर्फ मात्र गरिएको सजाय मिलेकै देखिने।

एकपटक लागु औषधको कारोबारको कसुरमा सजाय भुक्तान गरिसकेका यी प्रतिवादीको साथबाट बरामद भएको ३० ग्राम खैरो हिरोइन केवल सेवनको निम्ति मात्र बोकी हिँडेका होलान् भनी अनुमान गर्नु विश्वसनीय र व्यावहारिक हुने देखिँदैन। निज प्रतिवादी लागु औषधको ओसारपसार र बिक्री वितरणमा संलग्न रहेकै देखिन आउँछ। अतः लागु औषध सेवनतर्फ मात्र सजाय गरिपाउँ भन्ने प्रतिवादी विक्की रौनियारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

अतः विवेचित कारण र आधारमा प्रतिवादी विक्की रौनियार भन्ने विक्कीकुमार अग्रवाललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ)(च) को अभियोगमा ऐ. ऐनको दफा १४(१)(छ)(२) बमोजिम ११ वर्ष कैद र रू.१,००,०००।– (एक लाख) जरिवानाका साथै ऐ. ऐनको दफा १६ अनुसार थप कैद वर्ष ५ र रू.५०,०००।– (पचास हजार) जरिवाना हुने र अन्य प्रतिवादीहरू नासिर अली र लालबाबु साहलाई ऐ. ऐनको दफा १४(१)(ङ) अनुसार जनही १ (एक) वर्ष कैद हुने ठहर्‍याई भएको सुरू फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।१।२८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवप्रसाद आचार्य

इति संवत् २०७५ साल वैशाख २७ गते रोज ५ शुभम्।

## एकल इजलास

**स.प्र.न्या.श्री गोपाल पराजुली,** ०७४-WO-०६२४, उत्प्रेषण / परमादेश, *सरिता देवी साह वि. उच्च अदालत, जनकपुरसमेत*

निवेदक डा. लखनलाल साह र सरितादेवी साह तथा प्रत्यर्थी रेखाकुमारी साहबीच सासू ससुरा र बुहारी नाता सम्बन्ध रहेको तथ्यमा विवाद छैन । प्रत्यर्थी रेखाकुमारीले निवेदकहरू र पति डा. विजय

प्रतापसमेतका परिवारका अन्य सदस्यसमेतलाई प्रतिवादी बनाई धनुषा जिल्ला अदालतमा २०७३ सालमा दे.नं.०९८६ को अंश मुद्दा दर्ता गरेको देखिन्छ । अंश मुद्दा कारबाहीको क्रममा रहेको अवस्था देखिने ।

मुद्दा कारबाहीयुक्त रहेकै अवस्थामा विपक्षी रेखाकुमारी साहले अंश मुद्दाको अन्तिम फैसला नभएसम्म दैनिक जीवन निर्वाह खर्चबापत प्रति महिना रू.३५,००० का दरले मानाचामल खर्चबापत भराइ पाउँ भनी निवेदन दिएको पाइन्छ । जिल्ला अदालतबाट परिवारको आम्दानी आयस्ता र हैसियतसमेतलाई बुझी फिराद परेको दिनदेखि प्रतिवादीहरूबाट मासिक रू.६,०००।– दरले भराई दिनु भनी आदेश गरेकोमा उच्च अदालत, जनकपुरबाट मिति २०७४।१०।२५ मा सबै प्रतिवादीबाट भरी पाउने ठहर्छ भन्ने वाक्यांशलाई बदर गरी निवेदन परेको मितिदेखि माना चामलको खर्च भराइदिनु भनी आदेश भएको देखिन आउने ।

प्रमाण बुझी निर्णय गर्ने साधारण क्षेत्राधिकार भएको मातहतको जिल्ला अदालतमा विचाराधीन रहेको विषयमा रिटक्षेत्रबाट बोल्न उपयुक्त हुँदैन । प्रत्यर्थी रेखाका पति निवेदकसमेतसँग विधिवत छुट्टी भिन्न भएको अवस्थामा मात्र निजबाट प्रत्यर्थी रेखाले मानाचामल खर्च भरिपाउने हो । सुरू एवम् उच्च अदालतको आदेशमा जनहीरूपमा प्रतिवादीहरूबाट मानाचामल खर्च भराई दिनु भनी बोलिएको छैन । प्रत्यर्थी रेखाले पाउने भनेको मासिक एकमुष्ट ६,०००।– नै हो । छुट्टिभिन्न भएको भनिएको मिलापत्रमाथि नै प्रश्न उठाई मुद्दा परेको स्थितिमा सगोलका परिवारका नाताले मासिक ६,०००।– का दरले मानाचामल खर्च भराइदिनु भनी उच्च अदालतसमेतबाट मिति २०७४।१०।२५ मा भएको आदेश र सो कार्यान्वयनको क्रममा जिल्ला अदालतबाट तारेख भरपाईमा रकम दाखिला गर्ने भनी लेखिएको बेहोराले निवेदकको सम्पत्तिसम्बन्धी हकमा असर परेको मान्न न्यायोचित हुने देखिन नआउने ।

निवेदकहरू र प्रत्यर्थी रेखाकुमारीबीच अंशियार नाता सम्बन्ध पर्ने नपर्ने भन्ने विषय साधिकार निकाय जिल्ला अदालतले प्रमाण बुझी निर्णय गरेपछि मात्र यकिन हुने हो । रिटक्षेत्रबाट बोल्ने विषय होइन । अंश मुद्दा र मिलापत्र बदरसमेतका मुद्दामा फैसला हुँदा निवेदकले उठाएको विषयमा सम्बोधन हुने नै हुन्छ । अदालतमा मिलापत्र बदर सम्बन्धमा मुद्दा विचाराधीन रहेको विषयलाई दृष्टिगत गरी तत्काल निवेदकसमेतबाट अंशको तायदाती फाँटवारी माग गर्ने गरी सुरू धनुषा जिल्ला अदालतबाट मिति २०७४।९।४ मा भएको आदेशलाई अहिले नै अन्यथा रहेछ भनी मान्न नमिल्ने ।

तसर्थ, तल्लो अदालतमा चलेको विचाराधीन मुद्दालाई असर पर्ने गरी तल्लो अदालतबाट अंश मुद्दाको कारबाहीको क्रममा दैनिक गुजाराका लागि मानाचामल खर्च सम्बन्धमा उच्च अदालत जनकपुरबाट मिति २०७४।१०।२५ मा र तायदाती फाँटवारी माग गर्ने सम्बन्धमा धनुषा जिल्ला अदालतबाट मिति २०७४।९।४ मा भएको आदेशसमेत उपरको प्रस्तुत निवेदनलाई ग्रहण गरी रीत बेरीत सम्बन्धमा बोल्दा धनुषा जिल्ला अदालतमा विचाराधीन मुद्दालाई प्रत्यक्षतः असर पर्ने देखिएकोले प्रस्तुत निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल फागुन ३० गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७४-WO-०६२५, उत्प्रेषण / परमादेश, डा. *रविन प्रताप शाह वि. उच्च अदालत, जनकपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।